# सोनम यान्की मुगल

प्रश्न : दिदी तपाई लाई फेरि पनि कार्यक्रममा स्वागत छ । तपाईले आज कुरा गर्नुभएर मलाई एकदम खुसी लाईराको छ । अब हामी दिदीकै परिचयबाट सुरु गरौ न हाम्रो कार्यक्रम ।

उत्तरः मेरो खासै ठुलो परिचय पनि छैन । म एउटा थोरै संख्यामा रहेको आदिवासीहरुमा पर्छु । हामी चाहिँ योनिफिनमा चाहिँ जे छ नि, हाम्रो आदिवासी जनजाति प्रतिष्ठानमा चाहिँ मुगल भनेर सुचिकरण गरेको छ तर हाम्रो आफ्नो साच्चि परिचय दिँदा खेरी चाहिँ हामी चाहि मकुम्प हो, मकुम्प मुकुम भनिन्छ हाम्रो जातिको नाम चाहिँ, थोरै संख्यामा छ । अनि मेरो नाम चाहिँ सोनम याङ्की लामा छ खास है, मेरो सोनम याङ्की लामा मकुम्प खास हुनुपर्ने चाहिँ त्यसरी हो ।

प्रश्नः हजुर ।

उत्तरः मेरो बुवाआमाको पुरानो मेरो गाउँ चाहिँ भनम न थाकथलो चाहिँ मुगु गाउँ नै हो तर म चाहिँ जन्मिएको जुम्लाको पातारासी गाउँपालिकामा जन्मिए । ५ वर्षसम्म म त्यहाँ हुर्किए । मेरो पछि ६ वर्षको उमेरमा चाहिँ म चाहिँ स्टडीको लागि, भर्नको लागी म दार्जिलिङको कालिम्पोङमा पुगे । बुवाले पढाई दिनुभएछ मेरो परिचय दिदाखेरि चाहिँ । अनि म चाहिँ त्यहाँ ९ क्लास सम्म त्यहाँ पढे । ९ क्लास सम्म किन भन्दाखेरी त्यहाँ मेन पढ्नुको कारण चाहिँ हाम्रो यता नेपालमा चाहिँ हाम्रो भाषामा पढाइ नहुने अनि एउटा त मेरो बेलामा चाहिँ हाम्रो पढ्ने भनेको छोरालाई पढाइन्थ्यो, छोरीलाई पढाउन भन्ने धेरै गाह्रो थियो । म चाहिँ कर्णालीको, मेरो परिचय दिँदा कर्णाली अञ्चलको, मुगु जिल्ला चाहिँ मेरो थाकथलो बुवा आमाको घर तर बुवा आमा बसाई सरेर कर्णाली अञ्चलको जुम्ला जिल्लाको पातारासी गाविसमा चाहिँ म जन्मिएको, बुवा आमा चाहिँ बसाइँसराइ गरेर आउनुभएछ । त्यहाँ देखि ६ वर्षको उमेरमा चाहिँ बुवाले भाइको हेरचाहा पनि गर्ने, पढाउने सँगै भनेर बुवाले नेपालमा हाम्रो भाषामा विशेषगरी सम्बद्ध लिपि चाहिँ पढाइ नभएको भएर अनि सम्बद्ध लिपि पढ्नु परेपछि कि लामा हुनुपर्ने । म चाहिँ लामा बन्न त सकेन । त्यसकारणले बुवाले दार्जिलिङको कालिम्पोङमा पढाइदिनुभयो । भाइको पनि हेरचाह गर्ने भनेर मलाई चाहिँ कालिम्पोङ पढाइदिनुभयो । कालिम्पोङमा चाहिँ म ९ क्लास सम्म पढे । ९ क्लास सम्म पढ्नुको मेन कारण पनि ८ क्लासमा हुँदाखेरी मुवा बित्नुभयो, ९ क्लास हुँदाखेरी एकै वर्षमा बुबा बित्नुभयो । त्यो पछि मैले त्यहाँ पढाई छोड्नुपर्ने भयो । त्यो पछि म यता पाटनको हाम्रो चाकुपाट भन्ने ठाउँमा म पढ्न पुगे । यो पछि ९ र १०, ९ को लास्ट र १० चाहिँ मैले बाल बिनोद स्कुल त्यो पाटनमा छ, त्यहाँ पढे ।अनि मेरो परिचय भन्नुपर्दा म चाहिँ अनि त्यहाँ पढे । म इन्डियामा पढेर होला मेरो नेपाली एकदमै कमजोर । मैले त्यतिबेला चाहिँ किनभने सोर्ट फ्रममा आको थियो कवेसनहरु । सोर्ट फ्रममा आउँदाखेरि मैले जहिले पनि नेपालीमा ३ चोटी फेल गरे । त्यो पछि एसएलसी कट्नै सकेन के म । ईन्डलिसमा चाही मलाई आउथ्यो, ८६-८७ आउने । म्याथ, साइन्स सबैमा राम्रो आउने तर नेपालीमा कहिल्यै त्यो माक्स नै कट्न सकेन । ३ वर्षसम्म दिए त्यसपछि मैले नेपालमा एसएलसीमा कटाउनै सकिन । त्यो पछि म फेरी जुम्ला पातारासीमै गए । त्यहीतिर किनकि बुवाआमा नभइसकेपछि घर हेर्नुपर्ने भाको हुनाले त्यहाँ बसेँ । हाल अहिले मेरो सबै परिचय दिई राख्दाखेरी म चाहिँ ३३ साल भन्दाखेरी ४३ वर्ष कि हु म, अहिले ४३ वर्ष कि हु । अनि त्यसपछि चाहिँ मैले काठमाडौ पछि गाउँमा जादाखेरी मैले के एउटा संघर्ष गर्नुपर्यो भन्दाखेरी, मलाई लाग्थ्यो कि यहाँ बसेपछि म एकदमै संघर्षशील छु, एकदमै दुखी छु लाग्थ्यो के म  किनभने उता टिबेटियन स्कुल पढे । जुन म कालिम्पोङमा पढे नि, त्यो टिबेटियन स्कुल हो । त्यो टिबेटियन स्कुलमा चाहिँ के हुन्छ भन्दाखेरि टिबेटियनहरुलाई चाहिँ प्राथमिकता दिन्थ्यो । हामी त नेपाली हो फेरि, म नेपाली हो । जस्तो त्यहाँ भनेको फेरि टिबेटियनहरुलाई स्पोन्सर आउँथ्यो, लुगाहरु भयो, खानेकुराहरु भयो, प्राथमिकता हुन्थ्यो । हामी चाहिँ नेपाली भएको हुनाले बुवाआमाले पठाएपछि फिसले जति मागेको थियो त्यो भन्दा बढी पाउँदैन थियो । त्यहाँ मलाई एकदमै, मलाई लाग्थ्यो त्यतिखेर चाहिँ तर त्यो हिसाबले गर्दा त्यति संघर्ष होइन जस्तो लाग्छ तर मेरो आफ्नो व्यक्तिगत रुपमा हेर्दाखेरि म एकदमै संघर्ष गरे त्यहाँ । किन भन्दाखेरी हामी एउटा त नेपाली, फेरि भोटे भन्छ नि, यहाँतिर स्याङकी के भन्छ नि हाम्रो त्यो नेवारहरुले भन्दाखेरी, हामी त्यो थियो नि तर नेपालीले हेर्दाचाहिँ टिबेटियनहरु जस्तो देखिने तर टिबेटियनले हेर्दाखेरी चाहिँ हामी नेपाली रहेछौ के फेरि । त्यसले गर्दाखेरि केही सुविधा नपाउने । त्यहाँबाट आएर यहाँ

९, १० मा नेपालमा पढ्ने कोसिस गरे । त्यो पछि म जुम्ला गए । जुम्लाको मेरो आफ्नो पर्छ नि, त्यहाँ बसे । त्यहाँ पुग्दा खेरी त्यहाँ के संघर्ष गर्नुपर्यो भने त्यहाँ दलितहरु छ नि, म काठमाडौंबाट गाको हुनाले त्यहाँ घरायसी कामहरु, खेतीपातीको कामहरु गर्न धेरै गाह्रो भयो मलाई तर त्यो भइराख्दा पनि त्यहाँ मेरो एरियामा चाहिँ हामी आदिबासी धेरै कम, एउटा गाउँ मात्र थियो । २०-२५ घरको एउटा गाउँ थियो अनि अरु वरिपरि सबै खस र क्षेत्रीहरूको गाउँ थियो । त्यो भइसकेपछि मलाई धेरै गाह्रो भयो त्यहाँ । किन गाह्रो भयो भन्दाखेरी एउटा त हाम्रो रहनसहन नै नमिल्ने, अर्को कुरा चाहिँ काठमाडौंमा हुर्केर उतातिर गएपछि त्यहाँ धेरै सुविधा देखियो तर गाउँ पुग्दा खेरी केही पनि नभएको के । त्यो देख्दाखेरी एउटा त पढ्नुपर्ने, पढ्ु भन्दा स्कुल पनि थिएन, ४-५ क्लास भन्दा थिएन । त्यहाँ एसएलसी मैले धेरै कोसिस गर्दाखेरि एसएलसी दिनलाई फेरि एक दिनको बाटो हिँडेर सदरमुकाम आउनुपर्थ्यो । सदरमुकाम आउँदाखेरि मैले नसक्ने रहेछ, घर पनि हेर्नुपर्ने त्यो पनि गर्नुपर्ने भएर धेरै वर्ष मैले गर्न सकिन । त्यसपछि चाहिँ मैले के सोचे भन्दाखेरी होइन  रहेछ, मलाई चाहिँ बुवाले हाम्रो आदिवासीहरूको हातेतान हुन्छ के, हातेतान बुन्न बुबाले सिकाउनु भाको थियो । मैले हातेतान बुनेर बसे । हातेतान बुनिसकेपछि मैले त्यो बाट केहि आर्थिक उपार्जनहरु गरिरहेको थिएँ । अनि मैले त्यो एरियामा हेर्दा ५ क्लास सम्म पढ्ने कोहि थिएन । विषेष गरेर दलितहरु सँग मैले आफूलाई दाज्न थाले के । मलाई फेरि त्यतिखेर थाहा थिएन खस भनेको, अहिले जति ज्ञान छनी त्यतिखेर थाहा थिएन दलित भनेको के हो, आदिवासी भनेको के हो या खस आर्यन भनेको के हो, मलाई केही पनि थाहा थिएन । मलाई चाहिँ किन थाहा थिएन भन्दा कालिम्पोङमा हुँदाखेरी एउटा त होस्टेलमा हुर्किए अनि म आफू के हो, मेरो आफ्नो परिचय थाहा थिएन । कालिम्पोङ पुग्दाखेरी गाईगोरुको मासु चाहिँ बन्देज थिएन के त्यहाँ कालिम्पोङमा हामी खादाखेरि चाहिँ । गाई गोरु या खसीको जे सुकैको मासुमा बन्देज थिएन । अनि एउटा त होस्टेलमा हुर्केको हुनाले जुम्लामा चाहिँ मलाई के भयो भन्दाखेरी एक ठाउँमा मासु भाग पारिराखेको थियो, के को मासु सँग भनेर मलाई सम्बन्ध नै भएन मलाई चाहिँ अनि मरेको मासु हो या मारेको मासु भनेर पनि मलाई थाहा भएन । मुकाम गर्ने मान्छे घोषणा भएको थिएँ अनि त्यहाँ मासु बाँडिरहेको थियो । अनि मैले दुई सय रूपैया त्यहाँ राखेर मलाई पनि एक पाउ मासु दिनु है भनेको थिएँ के मैले । अनि एकदिन पछि त्यो मासु मेरो घरमा पुर्याउन आयो । त्यो गाईगोरुको हो कि के हो मलाई अझै पनि थाहा छैन, ६ महिना पछि त्यो गाईको होकि गोरुको हो भनेर थाहा भाको के मलाई । अनि दियो, दुई सयको मासु त थुप्रै आयो । यस्तो खुशी लाग्यो, आहा यहाँ त मासु राम्रो पाउने रहेछ भनेर सुकाएर झुन्ड्याई राखेको थिए । सुकाएर झुन्ड्याई राखेको थिए मासु खान अनि त्यहाँको चामल भनेको जुम्लामा त्यतिबेला बरु सुन पाउनु सजिलो, चामल पाउन एकदमै गाह्रो । मान्छे मर्यो, बिहा बर्त, सुत्केरी भयो भने ५ किलो दिन्थ्यो । त्यो पनि मेरो माइती गाउँ पातारासीबाट चाहिँ जुम्ला सदरमुकाम आउन दिनभरि लाग्थ्यो । मलाई चाही त्यो अहिलेको उसिन्ने चामल  त्यतिबेलाको मोटो मोटो ईन्डिया बाट आउने चामल रहेछ के । अनि त्यो लिनलाई त्यसरी जानुपर्ने । मलाई चाहिँ त्यो खानै मन नलाग्ने । नलागेपछि मलाई चै के भने त्यो  ढिँडो हुन्छ नि मकैको, मकै त जति पनि पाउँदो रहेछ, कोदो मकै फापर जति नि पाउँदो रहेछ अनि त्यो तिन वटा मिक्स गरेपछि अलि चिप्लो चिप्लो हुदोरहेछ । मलाई त्यो दिदिले सिकाउनु भएको थियो । त्यो चिप्लो चिप्लो बनाएर अनि ढिलो पकाएपछि चाहिँ घाटीमा जाने नत्र नजाने के मलाई । अनि त्यो भइसकेपछि म चाहिँ  ढिँडो खान थाले । त्यहाँको मान्छे चाहिँ चामल भनेपछि एकदम मिठो मान्दो रहेछ । अनि मैले चामल जति लिएर आए पनि त्यो दलित काम गर्नेहरुलाई दिन्थे के । अनि त्यो क्रममा चाहिँ मलाई अलिकति समाजसेवा गर्ने, एउटा अलिकति सचेत त थिइन म त्यस्तो एनजीओ तिर लाग्नुपर्छ, संघसंस्था तिर लाग्नुपर्छ, राजनीतिको कुरामा सचेत नै थिइन म तर मलाई चाहिँ मनबाट के आयो भन्दाखेरी, मलाई चाहिँ होइन रहेछ यार यो ठाउँमा म त काठमाडौंमा बस्दा म भन्दा सबभन्दा संघर्षशील, म भन्दा खतम रहेछ, म भन्दा सबै अब नेवार बस्तीमा बसेर आफुमा फरक हुन्थ्यो , म चाहिँ केही छैन म सँग भन्ने लाग्थ्यो तर त्यहाँ पुगिसकेपछि मलाई के लाग्यो भने, आहो समाजको लागि यति संघर्ष गर्दोरहेछ भनेपछि केही गर्नुपर्ने हो कि जस्तो लाग्यो । भनी त्यहाँ वस्तु विनिमय हुदोरहेछ, वस्तु विनिमय भनेको सामानसँग सामान साट्ने । सामान सँग सामान साट्ने हुँदोरहेछ अनि हाम्रो यो काठमाडौंबाट लत्ता कपडाहरु लाने अनि त्यहाँको अन्नहरु लिने । हामी त फेरि आदिवासी मुगुबाट आको, खेतीपाती एकदमै जग्गा कम थियो के हामी सँग, हामीले चाहिँ सामानहरु उता दिएपछि मात्र अन्नहरु यता पाउने हुन्थ्यो । अनि त्यो भइसकेपछि मलाई एउटा मन मनमै के आयो भन्दाखेरि मलाई संघसंस्थामा लाग्नुपर्छ, राजनीति भनेको केही पनि सचेत नै थिएन, एउटा त बुवा आमा नभएको अनि को कहाँ सँग परिचय पनि थिएन । अनि मलाई कस्तो लाग्यो भने, होइन रहेछ यार अब चाहिँ यो बिचारा दलितहरूलाई, त्यतिबेला

दिनभरी काम गरेकोमा केटी मान्छेलाई ३५ रुपैयाँ पाउँथ्यो र केटा मान्छेलाई ५८ रुपैयाँ पाउँथ्यो । अनि त्यो आउने रहेछ अनि कसैकसैले चाहिँ के गर्दो रहेछ भने, म चाहि सिधा मान्छे काठमाडौबाट गएको त्यो पनि बच्चा अनि त्यतिबेला म कति वर्षको थिएँ भन्दाखेरी १८ बर्षको थिए । म जुन अहिले यो परिचय दिइरहेको छु नि, त्यतिबेला म १८ बर्षको थिए । अनि म त्यहाँ गईराख्दा मलाई के लाग्थ्यो, बिचारा यिनीहरुले कति काम गर्छ, खाने पुग्दैन तर ५८ रुपैयाले त खान पुग्नुपर्ने मलाई लाग्यो । त्योबाट चाहिँ अलिकति सामाजसेवा जाग्यो के मलाई । अनि मैले त्यहाँ के गरे भने, त्यतिबेला म सचेत भइदिएको भए, मलाई संघसंस्था सम्बन्धि ज्ञान भइदिएको भए कुनै संस्था या कुनै इन्स्टिच्युट या कुनै अर्गनाइजेसनबाट काम गर्थे नि । म कुनै अर्गनाइजेसन सगँ लिकं पनि थिइन, कसै सँग आवद्ध पनि थिइन तर म अर्गनाइजेसनमा नहुँदा पनि मैले के गरें भने, अब चाहिँ यो अभियान, अभियान भनेको पनि थाहा थिएन, गरिरहेको रहेछु के तर मलाई अभियान भन्ने थाहा थिएन । अनि मैले के सोचे भन्दाखेरी, होइन यो दलितहरूलाई चाहिँ विशेष गरेर दलितहरुको भन्दापनि काम गर्नेहरुलाई, मलाई त त्यो पनि थाहा थिएन दलित आदिवासी भन्या यो पनि थाहा थिएन । मलाई चाहिँ के लागि भन्दाखेरी अनि मैले भने, बिचारा यो काम गर्नेहरूको चाहिँ ज्याला निर्धारण चाहिँ गर्नुपर्ने रहेछ किनभने त्यहाँ कस्तो थियो भन्दाखेरी यो खस र क्षेत्रीहरु छ नि, तिनीहरूलाई दलितहरूलाई बर्षभरी काम लगाइदिने जब उनीहरूको अन्न पाक्छ नि त्यतिबेला उनीहरूको अन्दाजमा १० पाथि, १५ पाथि, वर्षभरी उनीहरूको काम गरिरहेको छ तर दास जस्तै थियो । हाम्रो मान्छेहरूको फ्रिली काम गर्दाखेरि पनि एउटा कम्बलको एक महिना काम अर्हाइदिने, एउटा पाइन्टको १५ दिन काम अर्हाइदिने, त्यस्तो थियो है । अनि मैले हिसाब गर्थे के मैले हिसाब गर्दाखेरि त, ल यसले काम गरेबापत त ३ वटा पाइन्ट पाउनुपर्ने, यसले काम गरेबापत त ४ वटा कमिज पाउनुपर्न, सर्ट पाउनुपर्ने भन्ने लाग्थ्यो । अनि मलाई यसको लागि केही त गर्नुपर्ला है भन्ने लाग्थ्यो । अर्गनाइजेसन सँग मलाई लिकं थिएन अनि मैले के गरेभन्दा त्यतिबेला सबै दलित रहेछ के अनि मैले दलित सबैलाई भर्खरको काम गर्ने केटाहरुलाई बोलाए र भने, अब तिमीहरु जुनसुकै घरमा काम गर्न जाँदाखेरी पहिला तिमीहरूको जुन सामान छ त्यसको मूल्य तोक्ने अनि बल्ल दिनको तिमीहरूलाई कति पाउँछ मूल्य तोक्ने अनि तोकी सकेपछि त्यो एउटा पाइन्ट बराबर या त्यो एउटा कम्बल बराबर या त्यो अन्न बराबर चाहिँ कति पाउँदो रहेछ त अनि त्यो बराबर मात्रै काम गर्ने त्यो भन्दा बढी काम नगर्ने, भनेर मैले भन्दिएको थिए । त्यहाँबाट गाउँबाट झण्डै निकाला भयो के मलाई किनभने म चाहिँ सोझो पाराले गएर अब अर्गनाइजेसन केही थाहा थिएन अनि मैले केटाहरु सबैलाई सिकाए अनि काम गर्न चाहिँ म कहाँ आउने के अब उनीहरुलाई राम्रोसित हिसाब किताब गर्न नआउने, डराउदो रहेछ के उनीहरु चाहिँ अनि सबैभन्दा बिरोध हाम्रै आदिवासीवाट आयो के मलाई, हाम्रै गाउँबाट । किनभने हाम्रो आदिवासीहरूको चाहिँ थोरै खेत त्यो माथि काम गर्नुपर्ने अनि अर्कालाई गुहार्नु पर्ने रहेछ नि त पिडा । हाम्रो आफ्नो गाउँ त होइन रहेछ, मुगुबाट जुम्ला आको, त्यो गाउँमा चाहिँ चरणको लागि आएपछि त उनीहरू सँग झुक्नु पर्ने रहेछ नि त त्यतिबेला । अब मलाई त्यो सचेत थिएन अनि त्यो भएपछि त झुक्नु पर्ने अनि दलितहरु बाहेक त घरदैलोको काम गर्न नआउने के अनि ज्याला त्रेपल चौपल लिने रहेछ के उनीहरुले । त्यो भएपछी अनि मलाई विरोध आयो । अनि पछि मलाई अलिकति गर्नुपर्छ भन्ने भाको थियो ।त्यो पछि चाहिँ म सिडियो कार्यालय तिर चामलको लागि त्यस्तो जाने भयो । त्यो पछि चाहिँ मैले चाहिँ १० कक्षा त्यो पछि चाहिँ कटाउनै सकिन । फेरि काठमाडौ आए, पढ्नकै लागि भनी २ वर्ष बसे फेरि । पढ्नकै लागि भनेर बसे तर पनि मैले कटाउन सकिन, के भन्दाखेरी नेपालीमै गुल्टिए के । अनि मैले के गरे भने, कस्तो हुँदोरहेछ सचेतना भइसकेपछि भने हामी आदिवासीहरुमा सचेत नभएपछि यति गाह्रो के । त्यतिबेला मलाई कुनै सङ्घसंस्था भन्दापनि हाम्रो घर परिवार भित्र पढ्नको लागि कुन टेक्निक चाहिँ युज गर्नुपर्छ भन्ने मैले थाहा पाएको भए म फेल हुन्न थिए नि त । त्यतिबेला एसएलसीमा सबैको इन्गलिसमा ५०-६० भन्दा नकट्ने, म ८० ओभर ल्याउने, साइन्समा ८० ओभर ल्याउने, म्याथमा अलि कमजोर थिए ६० ओभर नै ल्याउथे तर नेपालीमा गुल्टिन्थ्यो के । नेपालीमा कहिल्यै पनि पास मार्क नै नआइदिने । लास्टमा मैले नेपाली मात्रै तीनवर्ष दिँदापनि कटेन । नकटेपछि अब यो एसएलसी छोड्दे । म अरु सबै पढ्न सक्ने रहेछु भन्ने भयो । भन्ने भएपछि अनि झण्डै त्यो सालमा जुम्लामा ५८ मा चाहिँ त्यो हाम्रो भक्तपुरको निमा कृपाको पार्टी थियो । निमा कृपाको त्यो पार्टीको अभियान चलिराखेको रहेछ अनि मलाई पार्टी भनेको पनि थाहा थिएन, संघ संस्था भनेको पनि थाहा थिएन । हाम्रो गाउँमा आएको थिएन फेरि त्यो अभियान । हाम्रो आदिवासीको गाउँमा फेरि त्यो राजनीतिक अभियान आउँदै आएन तर हाम्रो गाउँ चाहिँ बिच्चमा थियो अरु वरिपरि खसहरुको एरिया थियो, त्यहाँ अभियान आयो । त्यहाँ अभियान आउँदै मैले बुझिरहेको थिएँ तर हाम्रो मान्छेले नबुझे पनि मैले बुझिरहेको थिएँ । अनि उहाँहरुले त्यो अभियान

आउँदाखेरि म त्यसमा अलिअलि इन्भल्ब भए तर उहाँहरुले मलाई सदस्यता चाहिँ दिनुभएन । यो खसहरुलाई अनि खस आर्यन हुन्छन् नि, बाहुन क्षेत्रीहरुलाई, खसहरूलाई चाहिँ सदस्यका दिइयो तर हामी आदिवासीहरु लामा लेखेको हुन्छ, तामाङ लेखेको, सदस्यता नै  दिन मानेन के त्यतिबेला पनि । अनि मैले भने, म गर्न सक्छु तपाईंहरूको काम, मलाई दिनु भन्दा पनि दिन मान्नुभएन के । अनि मैले होला यस्तो भनेर, मलाई राजनीतिक दल त छाडिदिनुस् मलाई केही पनि थाहा थिएन । त्यो पछि एनजिओहरुको काम आयो । त्यहाँ ३-४ वटा एनजिओहरु आको थियो अनि त्यो एनजिओहरुले चाहिँ तरकारी खेतीहरु अनि पौढ शिक्षाहरू दिने काम गरिराको थियो ।  पौढ शिक्षामा मैले भने म पौढ शिक्षा सिकाउन सक्छु किनभने मैले एकदम राम्रोसँग सक्थे । मलाई काम दिनुस् न भन्दा मेरो परिचय लियो के । अनि मेरो परिचय लिदाखेरी फेरि त्यही अप्सन आयो के । आदिवासी भनेको ज्ञान नै थिएन एउटा कुरा अनि यो खसको नाम लिँदा जस्तो अैघि, बुढा, त्यस्तो त्यस्तो दिँदाखेरि चाहिँ उनीहरुले लिदो रहेछ अनि लामा, तामाङ, हाम्रोमा चाहि फेरि मुगल हुनुपर्ने हामी सचेत नभएर तामाङ लेखेको छ के फेरि । लामा र तामाङ मात्रै छ, खास हुनुपर्ने हाम्रो मुकुम्प या मुगल हुनुपर्ने । लामा, तामाङ भएपछि हामीलाई त्यो पौढ शिक्षामा पनि दिएन । त्यो नदिइसकेपछि फेरि मलाई अब त यो जुम्लामा बसेर मलाई त्यतिसारो फाइदा हुँदैन कि, मलाई त्यति पढ्न पनि नपाउने, किताबहरूको त उपलब्धता थिइदै थिएँन, यिनीहरुले काम पनि नदिँदो रहेछ, यो काठमाडौ गईदिम्न भन्ने भयो । बुवा थाङ्का लेख्नुहुन्थ्यो के मेरो, मेरो बुबाले थाङ्का लेख्नुहुन्थ्यो । मलाई थाङ्का पनि सिकेको थिइन मैले । अनि काठमाडौँ आइपुगे, फेरी काठमाडौँ आउँदा खेरि मैले त्यसपछि भयो, होइन बुवाको थाङ्का त मैले सिक्नुपर्ने रहेछ । बुवाले त सिकाउनु भएन, छोरी भएर नसिकाको के बुवाले । भाइहरू भाको भए त सिकाउँनुहुन्थ्यो होला, म छोरी हो भन्ने कारणले मलाई सिकाउनु भएन । काठमाडौँ आए अनि दाई हुनुहुन्थ्यो मेरो फुपूको छोरा अनि दाइ मलाइ सिकाइ दिनुपर्यो म सिक्छु  भने । अनि थाङ्का सिक्न थाले । ३ वर्ष लाग्यो मलाई, टोटली चाहिँ होइन कलर र सेटिङ गर्न चाहिँ मैले सिके । यो भइसकेपछि काम गर्दै थिए, पढ्ने कोशिस गर्दै थिए । काममा अनि बिजनेस तिर त्यही त हो नि त्यो भएपछि अनि एकजना मुगुको मान्छे त्यतिबेला ६० सालमा, माओवादी एकदमै थियो नि त्यतिबेला, जुम्लामा माओवादी अभियान हुँदाखेरी मलाई चाहिँ थाहा हुन्थ्यो के तिनीहरूको अभियान हुने र थाहा हुन्थ्यो । मान्छेहरु चाहिँ माओवादी देखि डराउथे के, ला यिनीहरूले हामीलाई समातेर लान्छ, उनीहरुले त हामीलाई पक्रेर लान्छ भन्ने हुन्थ्यो । मलाई चाहिँ यिनिहरुको यो माओवादीको चाहिँ अभियान हुँदैछ भनेर मैले बुझ्थे, उनीहरूको सुन्थे पनि । अनि त्यो पछि म काठमाडौँ आइपुगे । काठमाडौँ  आइपुगे पछि अनि मैले थाङ्का पेन्टिङ गर्न थाले । थाङ्का पेन्टिङ गर्दागर्दै चाहिँ एक्जिबिसन हुन्छ नि हाम्रो यहाँ, एक्जिबिसन भयो । एक्जिबिसनको बीचमा मलाई चाहिँ एउटा मुगुको दाईले हेरी राख्नुभएको रहेछ, त्यो डिल्ली भट्ट भन्ने एकजना हुनुहुन्छ ।  उहाँले चाहिँ मलाई के भन्नुभयो भन्दाखेरि, तिमी एनजीओमा काम गर्छु भनेर भन्नु भाको रहेछ ।  अनि दाई मैले गर्न सक्छु र भन्दाखेरी तिमी कति पढेको छौ भनेर सोध्नुभयो । लास्टमा आएर त्यही सर्टिफिकेटमा अड्किदो रहेछ के ।एनजीओ सम्बन्धी काम गर्न कोही पनि गाउँमा जाने मान्छे नै नपाउने तर म चाहिँ मेरो गाउँमा जान्छु भनेर मैले सोचे अनि ल मलाई के काम दिनुहुन्छ भनेर भन्दाखेरि, ल तिमी यस्तो गर्न सक्छौ भनेर उहाँले मलाई ओरली टेस्ट लिनुभयो के । त्यो लिदाखेरि चाहिँ उहाँहरु भन्दापनि म चाहिँ अलि परफेक्ट नै लाग्यो के उहाँहरुलाई । ओहो तिमीसँग सर्टिफिकेट मात्र नभाको रहेछ, तिमीलाई धेरै आउँदो रहेछ भन्नुभयो अनि प्रपोजल लेख्न थाल्यौ के हामीहरुले । अनि युएनडिपीमा म काम गर्न थाले । दुईवर्ष गरे मैले त्यो, पिस एन्ड डेभलपमेन्ट रहेछ खास चाहिँ, डेभलपमेन्ट चाहिँ उहाँहरुले अगाडि गरिसकेको भएर माओवादीको दश वर्षे जनयुद्धले गर्दाखेरि डेभलपमेन्ट चाहिँ राखेर पिस मात्रै गर्न खोजेको रहेछ । अनि त्यसमा मैले दुईटा कुरा थाहा पाए, म सचेत चाहिँ थिइन, अझै पनि आदिवासी भनेको केही थाहा थिएन, सचेत थिइन अनि मैले के भने दुइटा कुरा चाहिँ तपाईको यो प्रपोजलमा थप्नु पर्यो भनेर भने । त्यतिबेला आदिवासी नाम मेरो मुखबाट निस्केको भए धेरै राम्रो हुन्थ्यो, मुद्दाहरू लेख्न धेरै सजिलो हुन्थ्यो नि तर मैले के भनेँ भन्दा, हाम्रो मुगलहरु छ नि हाम्रो भोटे क्षेत्रहरू त्यहाँ हाम्रो ६ वटा गाविस छ, तपाईंको उहाँ चाहिँ ८ वटा गाविसमा लान लाग्नु भएको रहेछ । माथि हाम्रो गाउँमा चाहिँ ३ वटामा लान लाग्या रहेछ हाम्रो आदिवासी क्षेत्रमा चाहिँ, तल खस  एरियामा चाहिँ ५ वटामा लान लाग्नु भा रहेछ । अनि मैले उहाँसँग सम्झौता गरे के, मैले के भनेँ भने, दाई त्यस्तो होइन हाम्रोतिर चाहिँ तपाईले ६ वटा लानु हुन्छ भनेपछि म तपाईको एनजीओमा काम गर्छु होइन भने हाम्रोतिर कम लाने हो भने दाई म काम गर्न सक्दिन । तिमी गर्न सक्छौ त अहिले गाउँमा जानै दिँदैन भनेर भन्नुभयो । अनि दाई म जानसक्छु गाउँमा काम गरेर मर्नु परे मर्न सक्छु भनेर भने । अनि उहाँले मलाई चाहिँ हामी दुईजनाको सम्झौतामा हाम्रो गाउँ मुगुको आदिवासी क्षेत्रमा चाहिँ ५

वटा गाविस, तल पट्टी चाहिँ उहाँको क्षेत्रमा ३ वटा गाविस भनेर अनि हामी दुई जनाको बीचमा सम्झौता भयो । अनि युएनडिपीमा उहाँहरूको संस्था हिमाली ग्रामीण समुदाय भन्ने संस्था थियो । अनि त्यसमा सचिव राखिदिनुभयो मलाई उहाँले । अनि सचिव राखिदिएपछि युएनडिपीमा सम्झौता सबै मेरो हातबाट भयो । प्रपोजल लेख्ने, त्यो क्लीयर सेसन गर्ने देखि लिएर सबै काम मेरो बाट भयो । अनि म त्यहाँ काम ३ वर्ष गरे । ६०,६१,६२, तिन वर्ष चाहिँ म मुगुमै काम गरे । त्यहाँ पछि चाहिँ मलाई थाहा भयो कि अर्गनाइजेसनमा काम गर्नुपर्ने रहेछ, अर्गनाइजेसन भनेको यस्तो रहेछ पनि थोरैथोरै आदिवासी भनेको त्यो रहेछ भन्ने भयो । यहाँबाट चाहिँ म एनजिओकै कार्यक्रममा ईन्टरनेसनल आइएनजीओहरूको गोष्ठी चलिरहेको रहेछ, अन्तर्राष्ट्रिय अहिलेको संसद भवनमा चलिरहेको रहेछ । चलिरहेको रहेछ अनि म त्यहाँ गए । अनि मलाई त्यो एनजिओको तीन वर्षको अवधिमा मलाई के एउटा चाहि भयो भने, डाक्टर हर्क गुरुङ भन्नेहरु, डाक्टर ओम गुरुङ, यस्तो त्यस्तो हरूको नामहरु चाहिँ मैले भेट्नु पर्ने रहेछ, उहाँहरुसँग भेट्दा के होला भन्ने मलाई चाहिँ खुल्दुली लागिरहेको थियो । अनि त्यतिबेलासम्म मेरो बच्चाहरु पनि पाइसकेको थिएँ । अनि त्यो गोष्ठीमा गएर अन्तिममा बसे डर लागेर, खास अगाडि बस्नु पर्नेरहेछ म चाहिँ अन्तिममा बसिरहेको थिएँ । डाक्टर ओम गुरुङ भनेको त अलिकति मान्छे सुटबुटमा, मलाई चाहि के लागेको थियो भने डाक्टर भनेपछि सुटबुटमा भाको टिलिक्क परेको त्यस्तो त्यस्तो हुन्छ होला सोचेको थिए । पहिलो तीन दिनको थियो, पहिलो दिनमा चाहिँ डाक्टर भनेको कोही आएन, त्यो डाक्टर ओम गुरुङ भन्ने को को मान्छेहरु हुनुहुन्छ नि, मैले सुरेश आले मगर भन्या चाहिँ माओवादी त हो तर उहाँहरु चाहिँ आदिबासी सम्बन्धी काम गर्नुहुन्छ भन्ने चाहिँ ३(४ जनाको नेम लिस्ट मसँग थियो के त्यो काम गर्दै जाँदाखेरि । अनि त्यो कहिले उनीहरूको नाम आउँला र मान्छे  चिनौला र त्यो बाहिर निस्किँदा खेरि कुरा गरौला भन्ने भाको के । अनि लास्टमा डाक्टर ओम गुरुङ भन्नेचाहिँ नाम आयो, मान्छे हेर्दा त सानो सानो कालो कालो टुप्लुक्क परेको आयो  के । एउटा कुरा कस्तो हुँदोरहेछ भने मान्छेको माइन्ट मेडअप कस्तो हुँदोरहेछ भने हामी आदिवासीहरूको त्यो गाउँमा हुर्केको त्यो माथि संघर्ष गर्दाखेरि मलाई के लागेथ्यो भने, ला कुरा गर्नलाई गाह्रो होला तर डाक्टर ओम गुरुङको त्यो पर्सन्यालिटी देख्दाखेरी चाहिँ कुरा गर्न मलाई अप्ठ्यारो भएन फेरि । मलाई एकदमै सजिलो भयो के । अनि यहाँ ठ्याक्कै डाक्टर ओम गुरुङ कतिबेला आउनुहोला र कुरा गरौला भाको थियो । अनि त्यहाँ पछि ब्रेक भाको थियो, जब ब्रेक भइसकेपछि उहाँ आउनु हो र मैले उहाँलाई भने, डाक्टर साहेब नमस्ते मेरो नाम चाहिँ सोनम हो भनेर भने । तिमी मुगल हो है भनेर भन्नुभयो । उहाँलाई त अब सबै कुरा थाहा रहेछ । मलाई त म मुगल हो भन्ने थाहा छैन खास । अनि त्यहाँ हाम्रो आफ्नो एरीयामा हामीलाई चाहिँ जुम्ला तिर चाहिँ जाड भनेर हेप्छ के । जस्तो यहाँ तामाङहरुलाई भोटे भन्दा हेपेको जस्तो लाग्छ नि, जुम्ला तिर चाहिँ केटालाई चाहिँ जाड केटीलाई चाहिँ जडिनी भन्छ के । त्यतिबेला मलाई के लाग्थ्यो भने जाड,जडिनी भनेको त्यो जाड खाने भएर जाँड जडिनी भनेको जस्तो लागेको थियो त्यतिबेला तर जाँड जडिनी भनेको एउटा जस्तो नराम्रो शब्द रहेछ के । अहिले मैले पछिल्लो लेभलमा ४-५ वर्ष भयो, मैले त्यो अनुसन्धान गरेपछि जाँड जडिनी भनेपछि जाँड खाने मतवाली भनेको रहेन रहेछ, एउटा अर्कै जात रहेछ के, नराम्रो रहेछ के । अनि त्यस्तो भन्थ्यो अनि डाक्टर साहेबलाई मैले नमस्ते डाक्टर साहेब म फलानो भनेर भने । हो हो तिमीलाई चिनेको छु भनेर भन्नुभयो के । ला कसरी चिन्नु भएछ भन्ने भयो । अनि मैले त्यो काम गरिराखेको भिडियोहरु यूएनडीपिको उहाँसँग भएपछि उहाँले त्यो हेर्नु भएको रहेछ । अनि डाक्टर साहेब म यस्तो यस्तो भनेर मैले परिचय दिए । अब मलाई काम चाहिएको थियो, मैले चाहिँ के गर्न खोजेको थिए भने डाक्टर साहेब मलाई काम चाहियो भन्न खोजेको, खासमा अरु केही थिएन मेरो उद्देश्य । म यस्तो सेक्टरमा चाहिँ म काम गर्न चाहन्छु भनेर मलाई भन्न खोजेको, उहाँले उल्टै तिमीसँग भोलि भेटौला है भनेर जानुभयो । भोलिपल्ट चाहिँ मैले फेरि उहाँको पछि लागे । लागेपछि उहाँले मलाई के भन्नुभयो भने, म तिमीलाई एउटा कुरा गर्छु है भन्नुभयो । अनि डाक्टर साहेब मलाई यस्तो यस्तो भनेर मैले भन्न पनि जानिन अनि डाक्टर साहेब यो हामी जस्तो मान्छेहरूको काम गर्न चाहेको भनेर भने । मैले बुझे तिमीले कुरा गर्न चाहेको भनेर भन्नुभयो के । अनि उहाँले सानो एउटा पार्टी छ, ठूलो पार्टी होइन सानो एउटा पार्टी छ, तिमी त्यसमा काम गर्यो भने अनि तिमी पार्टीमा काम गर्न चाहन्छौ भनेर भन्नुभयो  मलाई उहाँले । उनी उहाँले मलाई त्योभन्दा म पार्टी भनेको थाहा नै थिएन, अब हामी पार्टी भनेपछि त खुम्चिन्छौ नि । ला मैले त के सोचेको थिए फेरि यो डाक्टरले मलाई कहाँ फसाई दिने भयो, पार्टीको कुरा गर्यो, पार्टी भन्ने केहो भन्ने भयो नि त । मैले त्यो नेमाकिपाको देखेको छु नि त जुम्लामा, छ्या यस्तोमा फसाउने भयो भन्ने मलाई मनमा भयो । अनि उहाँलाई भने, डाक्टर साहेब पार्टीको पा पनि बुझेको छैन, मैले त हाम्रो जस्तो मान्छेको काम गर्न चाहेको डाक्टर साहेब, मलाई त्यो पार्टी थाहा छैन भनेर

भने । त्यो भन्दाखेरि, होइन तिमीलाई मैले बुझेको छ मलाई तिमीले चिनेको छैन, तिमीलाई मैले बुझेको छु भन्नुभयो । अनि मैले डाक्टर साहेब कस्तो हो भन्दाखेरी, तिमी आदिबासी सम्बन्धी काम गर्न चाहेको हो तर तिमीले सानो सानो एनजीओमा काम गरेर तिमी मुगुमा सीमित हुन्छौ तर तिमी सानो पार्टिमा लाग्यौ भने तिनले त्यहाँबाट धेरै कुरा सिक्न पाउँछौ, तिमीले सिकेपछि तिम्रो बिचार चाहिँ संसारभरी जनाउन नसकेपनि तिम्रो विचार चाहिँ कमसेकम हाम्रो नेपालभरि जान सक्छ पार्टीमा लाग्यौ भने तर तिमीले कुनै सङ्घसंस्था सानो ठाउँमा लाग्यौ भने चाहिँ तिमी एक ठाउँमा खुम्चिएर बस्छौ, तिमी मुगुमा गएपछि मुगुको एउटा गाउँ मात्र गर्छौ आफ्नो विचार, तिमी जुम्ला गएपछि जुम्लाको एउटा गाउँमा मात्रै गर्न सक्छौ भनेर भन्नुभयो के । अनि त्यो पछि अझै पनि मैले केहि बुझेको थिएन अनि आदिवासी जनजाति भनेर मलाई उहाँले भन्नुभयो । डाक्टर साहेब यो आदिवासी जनजाति भनेको के हो त भनेर भने के अनि उहाँले लेखेर दिनुभयो, आदिबासीको अर्थ यो, जनजातिको अर्थ यो, त्यसको डिफाइन चाहिँ उहाँले मलाई लेखेर दिनुभयो । त्यो कण्ठ गरे के मैले, त्यसको अर्थ बुझेको छैन, म कण्ठ गरेर बसे । झण्डै दुई वर्षसम्म त्यसै कण्ठ गरेर मेरो मनमा छ के, के हो अर्थ बुझेको छैन तर अझैपनि कण्ठ गरे । त्यो पार्टी भनेको छ, गएको छ, बोलाएको छ, केहि थाहा छैन के । काम चाहिँ गरेको छ, के के गरेको छ । बल्ल त्यो पछि चाहिँ मैले यो परिचय क्रममा के बुझेँ भन्दा, ए हामी आदिवासी भनेको त्यस्तो पो रहेछ कि काम गरिराखेको हुँदोरहेछ, पुज्नु हुँदैन रहेछ के, उनीहरु पनि २ नम्बर काम गर्दो रहेछ तर हाम्रो योगदान चाहिँ केही पनि नदेख्ने, काम हामिहरु गर्दोरहेछौ बेनेफिट चाहिँ उनीहरु लादो रहेछ के । हामीलाई त्यो सचेतै हुँदो रहेन रहेछ, के काम गरिराखेको छु नै सचेत नहुने । जस्तो म कुनै दलितको काम गरेको भए, म कुनै एबिसिडी अर्गनाइजेसनमा काम गरेको भए मैले सुरुमा एउटा अभियान चलाएको रहेछु नि त, जस्तो मैले जुम्लामा काम गर्दा ठूलै अभियान रहेछ के तर कुनै संघसंस्थामा थिइन म । डाक्टर साहेबले जब मलाई एकीकृत नेकपा भन्ने त्यो पार्टीमा जब उहाँले राख्नुभयो नि, उहाँले फेरि मलाई अरुहरु सेक्टरमा हाल्नु भएन । मलाई ठ्याक्क आदिवासी जनजाति महासङ्घ भन्ने उहाँहरूको एउटा भातृ एउटा संगठन रहेछ, त्यो सेक्टर सँग उहाँले मलाई जोडाई दिनुभयो । अनि त्यहाँ एउटा नगेन्द्र राई , केशव बहादुर गुरुङ, उहाँहरु हुनु हुँदोरहेछ अनि सीताराम तामाङ हुनुहुन्छ, रामसिंह श्रेष्ठ हुनुहुन्छ अनि उहाँहरुले चाहिँ मलाई धेरै आदिबासी सम्बन्धी हामी आदिबासी, दलित, जनजाति, पिछडिएको वर्ग भन्ने उहाँहरुले मलाई धेरै ट्रेनिङहरु दिनुभयो । त्यो भएपछि अलि सचेत भए भनम न । त्यो पछि चाहिँ मलाई भयो, ए यस्तो पो रहेछ त भन्ने भयो । अनि पहिलो जुन संविधान छ नि, पहिलो संविधानमा त्यति बेलाचाहिँ म सचेत भएर लागे, त्यो एकदमै सचेत भएर लागे । त्यतिबेलासम्म चाहिँ मैले ३-४ वटा संघसंस्थाहरुसँग चाहिँ म लिकं भएर बसे । त्यो संघसंस्थामा युएनडिपी को हिमालयन भन्ने संस्थामा म छँदै थिए, त्यसमा चाहिँ लागि नै राखेको थिए । अनि त्यो पछि चाहिँ मैले एफ फाउन्डेसनमा म अहिले संयोजक छु । त्यो पछि चाहिँ ग्रामिण समुदाय उत्थान केन्द्र भने एउटा छ, त्यसमा पनि म संयोजक नै छु । अनि त्यो पछि मैले यो हालसालै तीन वर्ष भयो क्यारे यो नेपाल बुद्धिस्ट नेसनल असोसिएसन भन्ने बुद्धिस्टहरु सम्बन्धी एउटा संस्था छ, त्यसमा पनि म महासचिव छु । अनि याक फाउन्डेसनमा त संयोजक भैहाले । अनि नेफिनको चाहिँ अहिले सचिव छु । फेरि नेफिनमा पनि आउने तरिका २-३ वटा वे बाट आउनुपर्ने रहेछ । एउटा जातीय संस्थाबाट आउनुपर्ने रहेछ अनि जातीय संस्थाबाट आउँदाखेरि हाम्रो त जातिय संस्था परिचयबाटै थाहा पाईहाल्नुभयो । अझैपनि मजस्तो ब्लाङक थिए नि हाम्रो आदिवासीहरु पनि पैसा कमाउन सकिराखेको छ, उनीहरुसँग काठमाडौमा घर छ, जुम्लामा घर छ, मुगुमा घर छ तर जस्तो म पहिला जुम्लामा गर्दा ब्लाङक थिए नि त्यस्तै ब्लाङक छ । हामी के को लागि गर्दैछौ भन्ने पनि छैन । जब मलाई डाक्टर ओम गुरुङले पार्टीमा नहाल्दिएको भए, अर्गनाइजेसनमा हालदिएको भए अझै पनि म ब्लाङक हुन्थे जस्तो लाग्छ मलाई अझै पनि । त्यसैले हाम्रो जातिहरु एकदमै ब्लाङक छ अनि मलाई चाहिँ डाक्टर ओम गुरुङ भयो, अहिले मैले उहाँलाई सम्झिनुपर्छ जस्तो नेफिनमा ल्याउनुको योगदान चाहिँ । अनि हाम्रो सुरेश आलेमगर, पासाङ शेर्पा, उहाँहरुले चाहिँ विशेष गरेर डाक्टर ओम गुरुङ र हाम्रो सुरेश आलेमगर, उहाँ दुईजनाले मलाई नेफिनमा ल्याउनु भाको । खास म आफै मेरो इच्छाले नेफिन चाहिँ महासङ्घ हो भनेर मैले थाहा पाएर पनि होइन, उहाँहरुले तिमी जस्तो मान्छे संघर्षशील त्यसमाथि पनि महिला नेफिनमा एकदमै गाह्रो छ, तिमी जसरी पनि पस्नु पर्छ भन्ने हिसाबले चाहिँ पसाउनु भएको हो । त्यतिबेला बन्द थियो एकदमै बन्द थियो, म मुगुमा थिए, म मुगुबाट त्यो बन्दकै दिनमा मैले सुर्खेत देखि चितवन आउँदाखेरि आठओटा गाडि फेरेर आएको थिएँ त्यहाँ महाधिवेशनमा । म अहिले त्यसमा छु । अनि मेरो अहिले तत्काल परिचय चाहिँ, त्यो मेरो परिवारमा अहिले बौद्धमा बस्दाखेरि चाहिँ हामी ४ जना छौ, २ वटा छोरी, श्रीमान र म बस्छौ । अनि गाउँमा चाहिँ मेरो माइती पट्टिको दिदीबहिनीहरु

सबै बिहा गरेर आफ्नो आफ्नो ठाउँमा छ, दुइटा भाई छ, हामी दिदीबहिनी चाहिँ ३ जना । दिदीबहिनी २ जना चाहिँ एडुकेटेड छैन, म मात्र छु । अनि उनीहरूको त्यस्तो छ । मेरो परिचय चाहिँ यति भनम न ।

प्रश्नः अनि दिदी तपाई त धेरै यात्रा गरेर हुर्किनु भएको रहेछ नि त, तपाईं जुम्लामा हुर्किनु भयो त्यसपछि फेरि काठमाडौ आउनुभयो भन्नुभयो अनि त्यो चाहिँ तपाईको अनुभव कस्तो थियो जुम्लामा हुँदा र तपाई काठमाडौँ आएपछि ?

उत्तरः यस्तो भयो मैले अघि अलिकति चाहिँ भने, फस्ट अफ अल म ६ वर्षको हुँदा खेरी म कालिम्पोङमा बस्दाखेरि मैले धेरै दुःख पाएको थिएँ । ट्रेभलिङ कुरामा पनि किन भन्दाखेरि यो टिबेटियनहरु चाहिँ धेरैजसो काठमाडौ, पोखरा, विशेषगरी यो कालिम्पोङको वरिपरि कि सिक्किम अनि दार्जीलिङ वरिपरि नै बसेको हुँदोरहेछ के । अनि दशैतिहारमा, विशेषगरी त्यहाँ चाहिँ तिहारमा चाहिँ ईन्डियामा चाहिँ दशैं भन्दा पनि बढी तिहारमा छुट्टी दिन्छ के । अनि एउटा भेकेसन समर भेकेसन एउटा पनि हुन्छ । त्यतिबेला चाहिँ हाम्रो बुवा आमाहरु चाहिँ ३ वर्षमा एकचोटि आउनुहुन्थ्यो । अनि त्यो पनि विन्टर छुट्टीमा ५९ भनेर त्यतिबेलाको भेकेसनको नाम, ५९ भने थियो के । अनि को हो को मान्छे लिन आउने, कोही काका बनेर आउनुहुन्थ्यो, कोही मामा बनेर आउनुहुन्थ्यो तर काठमाडौमा आउँदाखेरि अर्काको घरमा बस्नु पर्थ्यो के । त्यहाँ पनि होस्टेलमै बस्नुपर्ने, काठमाडौँ आएपछि पनि अरुकै घरमा बोस्नुपर्ने के । बुवा आमा भनेको को हो आखैले देख्न नपाउने के । आफन्तको घरमा बस्यो अनि त्यो दुई महिनापछि फेरि फर्केर जानुपर्थ्यो के । अनि त्यो बेलाचाहिँ के लाग्थ्यो भन्दाखेरी अलिकति हामी ब्याङन्ड भाको कारण त्यो पनि हो जस्तो लाग्छ के । कति संघर्ष भन्दाखेरी, त्यतिबेला कर्णालीमा के रहेछ भने कर्णालीमा हामी पछाडि परेको मान्छेहरुलाई सुनिदो रहेछ के त्यतिबेला । अहिले बुझे, त्यतिबेला थाहा थिएन तर हाम्रो पहुँच नै भएन । आदिबासीको सिट हुदो रहेछ त्यतिबेला, पिछडिएको क्षेत्र भनेर सिट हुदो रहेछ अनि सीमान्तकृत अनि अल्पसंख्यक धेरै सिटहरु हुने रहेछ तर हामीले त्यो एउटा पनि युज गर्न पाएनौ । काठमाडौमा हुँदाखेरि यति तड्पिन्थे के । मसँग मेरो भाई पनि थियो, हामी कति ४(५ जना पढ्न गाको थियौं मेरो जातिको, सबै केटै केटा म मात्र केटी । म बुवालाई त्यही भएर धेरै सम्झिन्छु, त्यत्रो केटामान्छे पढ्न नपाउने बेलामा मलाई चाहिँ बुवाले त्यहाँ सम्म पुर्याउनु भनेको मेरो बुवा सचेत हुनुहुँदोरहेछ भन्ने बुझे । अनि त्यतिबेला भाईहरु चाहिँ हामी टिबेटियन हो भनेर पढ्न गाको हो नि त त्यहाँ नेरि । अनि भाईहरु भन्थे, ए दिदी नजानु न हाम्रो मान्छेहरु सँग, हाम्रो मान्छेहरु त झुत्रो झुत्रो हुन्छ मुगुबाट आएको, हाम्रो भेषभुषा त बक्कु पनि होइन फेरि, टिबेटियनहरु त बक्कु लगाउँछन्, शेर्पाहरुले त बक्कु लगाउँछन्, त्यो भनेपछि फेरि हेराई अर्कै रहेछ नि त अनि हाम्रो त झुत्रो न झुत्रो यता पटुको अनि माथिबाट कम्बल जस्तो लगाउँथ्यो के । अनि यहाँ त यत्रो यत्रो लगाउँथ्यो चाँदीको । यत्रो यत्रो बोक्नै नसक्ने, कान त बुद्धको जस्तो झुन्डिएको कान के । अनि त्यतिबेला म चाहिँ अलिकति विद्रोही स्वभावको रहेछु क्यारे अनि म के भो त हाम्रो मान्छेसँग जान्छु स्कुलबाट निकाले निकालोस भन्थे । बुवालाई गाह्रो हुन्छ नि त दिदी भन्थ्यो के मेरो भाई चाहिँ । छ्या हाम्रो मान्छेहरु कस्तो फोहोरी छ नजानु, मेरो साथीहरु जिस्किन्छ भन्थ्यो । मलाई चाहिँ के लाग्थ्यो भने किनभने मेरो आफ्नो फुपु आफन्तहरु आइराको हुन्थ्यो नि, आफ्नै फुपू हो आफ्नै आमा हो, किन नजाने म त जान्छु भनेर जाने तर भाईहरू चाहिँ लानै नमान्ने, लाज लाग्ने रहेछ नि । झुत्रो झुत्रो परेको के हो के हो लुगाहरु पनि अर्कै संसारबाट आएको मान्छे जस्तो, एलियन जस्तो लाग्थ्यो के हाम्रो मान्छेहरु । अनि त्यस्तो लाग्ने अनि केही खानेकुराहरु केही नआउने । भनौ न पैसा भएपनि आफ्नो आमा बुवाको अनुहार नै देख्न नपाउने । ३(४ वर्षपछि आमाबुवाको अनुहार देख्न पाइन्थ्यो । अनि एउटा कुरा त्यो थियो भने अर्को कुरा चाहिँ काठमाडौमै आउँदा खेरी पनि त्यो हाम्रो मनाङ्गेहरु अहिले गुरुङमा छ क्यारे, हाम्रो सूचीकरण भित्र चाहिँ गुरुङमा पारिएको छ, मनाङ्गेहरु चाहिँ अलि धनी धनी थियो त्यतिबेला । अनि हाम्रो साथी जहिले जस्तो मनाङगे, वालुङहरु हुन्थ्यो । वालुङ चाहिँ अहिले यो संखुवासभा तिरको वालुङहरु हुन्थ्यो । त्यतिबेला चाहिँ उहाँहरुसँग काठमाडौंमा पसल हुन्थ्यो, होटल हुन्थ्यो । अनि उहाँहरु र हामी गर्दाखेरि टिबेटियन नबनम भने पढ्न नपाउने, टिबेटियन होइन भन्यो भने आफ्नो आफन्तसँग फेरि भेट्न मन लाग्ने । अनि त्यो टिबेटियन नै टिबेटियन साथी हुँदो रहेछ । अहिले तिनीहरु त भनेको नेपाली नै रहेछ नि त । हामीलाई चाहिँ त्यहा पढ्ने जति सबै टिबेटियन हो जस्तो लाग्थ्यो के । अनि त्यहाँ संघर्ष गर्दै गए, त्यतिबेला मेरो यात्रा भनेको यहाँबाट नेपालगन्ज पुग्नुपर्थ्यो । अनि नेपालगञ्जबाट चाहिँ जुम्ला, जुम्लाबाट मुगु पुग्नुपर्ने । अनि हाम्रो टिकट काट्ने ठाउँ चाहिँ थापाथलीमा थियो । अनि टिकट काट्दा के हुन्थ्यो भने फेरि त्यो संघर्ष, तपाईलाई यो यात्राको कुरा गर्दाखेरि थापाथलीको त्यहाँ आरएनएसी, अहिले जुन नेपाल वायु सेवा निगम छ नि, त्यो मात्र चल्थ्यो हाम्रोमा । त्यहाँ कस्तो हुँदोरहेछ भने २५ वटा सिट हुन्थ्यो त्यहाँ, २ वटा प्लेनको

२५ वटा । यहाँ एक हप्ताको २ वटा चल्दो रहेछ विकली । त्यहाँ खस र मल्लहरु जुन हुन्छ नि खस र आर्यनको चाहिँ टोटली सिट उनीहरुले लानुपर्ने । त्यसमा २५ वटामा एउटा सिट हाम्रो यो मुगलहरुलाई । हाम्रो त्यहाँ चाहिँ त्यतिबेला हुम्ला, मुगु, डोल्पा, ३ वटा चाहिँ हाम्रो त्यही नेपालगन्जबाटै चल्थ्यो के त्यतिबेला । हामी तीन जिल्लाको तीनओटा आदिवासी त्यत्रो हुँदाखेरि पनि एउटा सिट पाउँथ्यौ । उनीहरूको भनेको त्यो पनि उनीहरुले चिट्ठा पारेर दियो भने उनीहरुले हाफ फालेपछि चाहिँ । अनि म चाहिँ उताबाट आएको मान्छे, म त्यहाँ पनि धेरै संघर्ष गरेर मैले के गरेथे त्यतिबेला चाहिँ भन्दा डोल्पाको मान्छे पनि थियो, हुम्लाको मान्छे पनि थियो, मुगुको मान्छे पनि थियो, म होची होची सानी सानी झन् कोही पनि नभएको मान्छे त्यही त हुन्छ नि अनि मैले भने, किन त्यसरी हामी चाहिँ तीन जिल्लाबाट मान्छे आउँदा पनि हामीलाई एक सिट, तपाईहरु पनि तिनै जिल्लाको त हो नि, आखिर मुगु, जुम्ला, डोल्पा भनेको त तिन जिल्ला त हो, तपाईंहरू र हामीहरु त हाफ हुनुपर्ने हुनेछ साचिकै भन्दाखेरी, तपाई हाफ हामी हाफ हुनुपर्ने कि भने तीन वटा जिल्ला छ तीन वटा भाग पार, मुगुलाई एउटा जुम्लालाई एउटा हुम्लालाई एउटा पार । त्यसमा पनि माथिको भोटेहरु भन्ने त छुट्टै हो, हामी त्यतिबेला आदिवासी भन्ने थिएनौ के, भोटे भोटे भन्ने थियो के । आदिबासी भन्ने थिएन, भोटे भोटे भन्ने थियो । अनि भोटे भोटे भन्दाखेरी चाहिँ हामी भोटेहरुलाई हाम्रो माथिल्लो भेग हिमाली क्षेत्रको आदिवासी हामी अहिले डोल्पु भयो, भोटे भयो, मुगल भयो, अहिले त थाहा पायो नि । तिनीहरूको जनसङ्ख्यालाई सीटै नदिने के । अनि त्यो भएपछि मैले त्यतिबेला संघर्ष गरेर उहाँहरुलाई के गरेको थिएँ भन्दाखेरी, अब चाहिँ ४ भाग पार्ने खस आर्यनहरूको कुरा थियो, मैले चाहिँ ३ भाग पार्ने भने के । ३ भागमा १ भाग हाम्रो भोटेहरुलाई माथिल्लो जुन हिमाली क्षेत्रकाहरुलाई । १ भाग चाहिँ बिच्चकोहरुलाई, बिच्चमा भन्नाले सदरमुकाम वरीपरी हुन्छ नि, जुम्लाको सदरमुकाम, हुम्लाको सदरमुकाम अनि यो डोल्पाको सदरमुकामलाई । अनि १ भाग चाहिँ तलको सदरमुकाम भन्दा एक कोस टाढा भाकोहरुलाई । हामी पनि माथिल्लो हिमाली साइडको, ३ भाग पार्यो अनि हामीलाई १ भाग पर्यो । एक भागमा एउटा बाँकी भएको चाहिँ हुम्लाको भनेर मैले त्यो त्यतिबेलाको कुरा त्यो गर्दा धेरै संघर्ष गरे । अनि हामीले ब्याकमा किन्नुपर्थ्यो टिकट । टिकटको त्यतिबेला ७५० थियो, हामीले २४००(२५०० तिर्नुपर्थ्यो त्यतिबेला । अनि पछि चाहिँ ५ हजार भयो । ५ हजार हुँदा हामीले २५ हजार तिर्नुपर्थ्यो । ब्याकमा किन्नुपर्ने हामीले चाहिँ । अनि त्यस्तो त्यस्तो किन्नु पर्थ्यो अनि पछि जुम्लामा हाम्रो भनेको यहाँबाट नेपालगन्ज सुर्खेत भन्दापनि जुम्ला हाम्रो विशेष गरेर जुम्ला, मुगुको सदरमुकाम, जस्तो मेरो आफ्नो अनुभव चाहिँ म गोरखामा धेरै नबसेको हुनाले हुम्लाको भन्दापनि मुगु र जुम्लाको सदरमुकाममा हामीलाई मान्छे नै नगन्ने के । जस्तो अहिले दलितहरुलाई भन्छौ नि हामीले, दलितहरुले छोएको खादैन भन्थ्यो, हामीले पनि छोएको खाँदैनथ्यो । अहिलेचाहिँ सबै बच्चाहरु सँगै पढ्ने भएर बच्चाहरु हेलमेल भयो नि त, त्यो भएपछि यिनीहरू दलित होइन रहेछ भन्ने थाहा पाएर छुन्छन्, बाउ आमाले अझै छुदैन । तपाईहरु जस्तो जेनेरेसनहरुले चाहिँ, म भन्दा अलि सानोले चाहिँ छुइ छाइ गर्छ । अझै पनि उनीहरूको घर भित्र गएपछि हाम्रो छुदैन । अहिले जुम्ला र मुगु पुग्नुभयो भने चाहिँ छोएको खादैन । अनि एकचोटी हामीले के भाको थियो भनेपछि जुम्लामा सदरमुकाममा पुग्दा खेरी हाम्रो मुगलहरु चाही कस्तो छ भने, सात महिना जति आफ्नो गाउँमा बस्छ अनि ५-६ महिना अजबजष तल आउने पर्ने हुन्छ किनकि हिउँ भनेको हाम्रो घरबुने हिउँ पर्छ के हिउँदोमा चाहिँ । अनि ६-७ महिना चाहिँ आफ्नो गाउँमा सबै काम गर्यो अनि ५(६ महिना फेरी तल झरेर अलि गर्मी तातो ठाउँमा चाहिँ जुम्लासम्म आइपुग्छ । अहिले काठमाडौंमा आउनुको कारण पनि त्यही हो । जुम्लासम्म आइपुग्छ, जुम्लामा त ६-७ महिना वस्तु सहित आउँछ । मान्छेमात्र आउने भए त गाह्रो पर्दैनथ्यो, घोडा लिएर आउँथ्यो, याकहरु चाहिँ जुन मेरो माईती थियो नि त्यो लेखमा राख्दिने अनि घोडाहरु चाहिँ आफूसँगै ल्याउनु पर्थ्यो । घोडाहरु एउटा घरमा ५ वटा-६ वटा हुन्थ्यो । धनीहरूको त २९-२५ वटा हुन्थ्यो । अनि त्यो भएपछि घाँस चाहियो, दाउरा चाहियो, त्यो पछि अन्न चाहियो, घोडालाई पनि खुवाउनु पर्यो नि त । अनि त्यहाँ अघि मैले भने नि अब त्यतिबेला वस्तु विनिमय चलथ्यो के । सलाई देखि लिएर जिम्बु देखि लिएर अनि जडिबुटीहरु उनीहरूको गाउँ गाउँमा भाको ल्याउँथ्यो । हाम्रो चाहिँ फेरि हाम्रो आदिवासीहरूको एउटा राम्रो पक्ष के भने हामीसँग जे पनि जडीबुटी औषधी हुनेरहेछ के । त्यो कुरा चाहिँ जुम्लाको खसहरुले बुझ्ने रहेछ । तपाईहरुसँग यो फलानो छ, यार्सागुम्बा छ, कोटुगी छ, सिलाजित छ, भनेर सोध्थ्यो के उनीहरु हामीलाई । अनि हाम्रो बुवा आमाले पनि त्यही त्यही कुराहरु चाहीँ डल्लो पोको पारेर अनि त्यहाँ दाउरा लिन पठाउने, घाँस लिन पठाउने अनि त्यो सलाईहरु, सियोहरु अनि लगेर जाने अनि गाउँमा गएपछि उनीहरुबाट दाउरा, धेरैजस्तो दाउरा अनि घाँस, अन्न भन्दापनि । अन्नहरु बुवाले ल्याउनु हुन्थ्यो अब बुवाआमाले ल्याउनु हुन्थ्यो होला । म आफै बुहारी भइसकेको कुरा थियो

त्यतिखेर अनि दाउरा अनि घाँस चाहिँ लिएर आउँथे । अनि दाउरा घाँसले वस्तुभाउलाई सधै आगनमा त राख्न मिल्दैन, कहिलेकाहीँ बाहिर लानुपर्ने हुन्छ के । त्यो भइसकेपछि उनीहरूको खेतमा घोडाको खुट्टा टेक्ने बित्तिकै त्यसपछि एउटा ठूलो भाडो हुन्छ, खोसी कि के भन्छ यहाँ तिर, हाम्रो नेवारहरुले चलाउने यस्तो डल्लो हुन्छ के, हो त्यो भरी अन्न दिनुपर्थ्यो । घरमा खाने अन्न हुँदैन, त्यो घोडाले टेके वापत त्यो फाइन तिर्नुपर्ने । अनि त्यो देखे, यो देखिसकेपछि मैले त्यो एकचोटी लेख लेखेर त्यहाँ डाक्टर ओमलाईभनेको थिएँ, डाक्टर साहेब यो चलनलाई चाहिँ के भन्छ एकचोटी खोज्दिनुस् अनुसन्धान गर्दिनुस् न भनेर भन्या थिए के मैले । यो तिरो तिर्नेलाई चाहिँ के भन्दो रहेछ भनेर भन्या थिए । अनि त्यो गरे अनि त्यो गरेपछि छोराहरु त्यहाँदेखि कहाँ सम्म पुग्थ्यो भने, गुठ हुन्छ नि अहिले, गुठ भन्या थाहा छ नि हजुर ?

प्रश्नः हजुर ।

उत्तरः अनि त्यो गुठ लिनलाई मुगु देखी बाजुरा सम्म पुग्थ्यो । बझाङ, बाजुरा त्यहाँसम्म गुठ लिन पुग्थ्यो हाम्रो मान्छेहरु । अनि मुगु देखी हिडेर काठमाडौसम्म आउँथ्यो । काठमाण्डौमा हाम्रो त्यो फोसी लिनलाई, यो बटुका हुन्छ नि त्यो खासाको, त्यस्तो त्यस्तो लिनलाई काठमाडौसम्म आइपुग्थ्यो हाम्रो मान्छेहरु । त्यतिबेला उन हुन्थ्यो, उन बेच्नलाई यहाँसम्म आइपुग्थ्यो । अनि यहाँ तिर उन कस्तो हुन्थ्यो भने, मलाई राम्रोसँग याद छ म चाहिँ लामाको छोरी भएर हाम्रोतिर के छ भने लामाहरूले चाहिँ व्यापार गर्नु हुदैन भन्ने । लामा बाहेक गैर लामाहरूले चाहिँ व्यापार व्यवसाय सबै काम गर्नुहुने, लामाहरूले चाहिँ व्यापार व्यवसाय गर्न नहुने । सीपको काम चाहिँ गर्नुहुने, जस्तो मेरो थाङ्काको काम गर्थे नि ।

प्रश्नः किन व्यापार व्यवसाय गर्न नहुने ?

उत्तरः हजुर ?

प्रश्नः किन व्यापार व्यवसाय गर्न नहुने ?

उत्तरः व्यापार व्यवसायमा चाहिँ पाप हुन्छ भन्ने हुँदो रहेछ के । लामा पुरेतहरुले चाहिँ सकभर पाप गर्नु हुँदैन भन्ने उनीहरूको चलन रहेछ । अब जस्तो भेडाबाखा पाले पनि त्यो त बेच्यो भने मार्ने नै हो त्यो अनि कुनै पनि व्यवसाय गर्दाखेरि फाइदा बिना त कसैले नाफा नलिएसम्म त त्यो व्यवसाय हुँदैन भन्ने हिसाबले उहाँहरूको एउटा अनुशासन रहेछ के, उनीहरूको नियमावलीहरु यस्तो बनाएको रहेछ,त्यसमा नपर्दोरहेछ । व्यापार व्यवसाय गर्नुहुँदैन अनि विशेषगरी लामाहरूले चाहिँ सीपको काम गर्ने । अनि आदिवासी महिलाहरुले पनि सीपको काम गर्ने कारण चाहिँ त्यो रहेछ । पुरुषहरुले चाहिँ त्यो गर्न नमिल्ने भनेर उनीहरुलाई छुट रहेछ अरूको भन्दा पनि हाम्रो मुगलमा चाहिँ । अनि त्यो भएपछि अनि यहाँ उनहरु चाहिँ त्यतिबेला विशेषगरेर यहाँ गलैचाको कारखाना थुप्रै थियो अनि उनहरु बेच्थ्यो के । उन बेच्दा चाहिँ कस्तो हुन्थ्यो भन्दाखेरी हामी बाट लान्थ्यो । त्यही निर हामी चाहिँ अलिकति बच्चे भएपनि पढेलेखेको भएर हिसाब गर्न आउँदो रहेछ के । हाम्रो बुवाहरू चाहिँ त्यो ६-२०, ८ -२० भन्नुहुन्थ्यो । २०, २० गरेर त्यो इन्टु गर्ने रहेछ नि त । २० को इन्टु गरेर हिसाब गर्दो रहेछ । अनि उनीहरुले भनेको हामीले नबुभ्ने के । अनि उनीहरुले त्यहाँ २०,२० कटाँउदा खेरि धेरै घाटा लाग्ने । उनीहरुले माथि के सोचेर आएको हुन्छ, चाइनाबाट आएको हुन्छ अनि यहाँ आउँदाखेरि त्यो २०,२०,२० गर्दाखेरि एकैचोटी टु टु जा मल्टीप्लाई गर्दाखेरि स्वात्तै घट्ने के । अनि त्यो चाहिँ यहाँको व्यापारीहरुलाई थाहा रहेछ के चलाखी गरेर । अनि हामीलाई चाहिँ के भन्थ्यो भने, हाम्रो एउटा मनाङको दाई दिदीहरु हुनुहुन्थ्यो, अनि उहाँहरुले के भन्नुहुन्थ्यो भने तिमीहरु मल्टीप्लाइमा व्यापारमा नगर । तिनीहरूको एउटा एउटा गर्यो भने तिमीहरुलाई फाइदा हुन्छ, तिमीहरु मल्टीप्लाइ गर्न थालेपछि तिमीहरुलाई उनीहरुले घटाउँदा मल्टीप्लाइमा घटाउँछ अनि त्यो भएपछि तिनीहरूलाई घाटा लाग्छ भनेर भन्नुहुन्थ्यो । अनि त्यो पछि मैले मामाहरुलाई त्यो सिकाए । अनि यात्राको क्रममा हामीहरु यहाँ आउँदाखेरि सबभन्दा गारो चाहिँ बस्ने ठाउँ दिँदैन थियो यहाँको मान्छेले । बस्ती त त्यतिबेला बस्ती त थोरै थियो के । बौद्धमा, जोरपाटी एरियामा केही बस्ती थियो । बौद्धमा एरियामा केही घरहरु थियो, हाम्रो तामाङ दाजुभाइहरूको घरहरु थियो । अनि त्यो बाहेक उनीहरुले बस्ने ठाउँ नै नपाउने के । त्यहाँ बस्यो भने बस्यो, त्यहाँ बसेन भने बस्ने ठाउँ नै नपाउने । अनि त्यहाँ बस्यो अनि त्यहाँबाट असनसम्म जानुपर्ने । पाटनको हाम्रो गोल्डेन टेम्पल छ नि

अनि गोल्डेन टेम्पल सम्म चाहिँ हामी हिँडेरै जान्थ्यौ । फारपिङ सम्म पनि हिँडेरै जान्थ्यौ तर त्यो हिँड्दाखेरी चाहिँ कस्तो हुन्थ्यो भन्दाखेरि बाटोमा आफै पकाएर खानु पर्थ्यो के त्यतिबेला । अनि एउटा कुरा हामी बच्चा थियौ नि त त्यतिबेला अनि हामीले के भन्थ्यौ, कहाँ पकाएर खाने, यहाँ होटल छदै छ नि होटलमा खाम न, अनि त्यसो भन्दा, कहाँ होटेलमा छुनै दिँदैन नि हामीलाई भन्थ्यो । अनि मलाई त होइन होला जस्तो लाग्ने के । हामीहरु जाँदाखेरी हामीलाई दिन्थ्यो, साचिकै हाम्रो आफन्त जुन हाम्रो भेष भुषा लगाएको मान्छेहरू जाँदाखेरि दिनै नमान्ने के, पैसा दिएर पनि दिन नमान्ने । त्यसतो थियो पहिलाको यात्रा, यति डरलाग्दो यात्रा । अनि मुगुबाट जुम्ला ७ दिन, अहिले पनि हिँडेर ७ दिन नै लाग्छ, धेरै हिँड्न सक्नेलाई ५ दिन लाग्छ । जुम्लाबाट सुर्खेतमा धेरै हिँड्न सक्नेलाई चाहिँ ६ दिन लाग्छ, हामीहरुलाई १० दिन लाग्थ्यो त्यतिबेला । मैले चाहिँ १० दिनको एकचोटी हिँडेको छु, एकचोटि मात्रै हिँडेको छु । अनि १० दिन लाग्थ्यो, अब त्यहाँ देखि यता त कति लाग्छ थाहा छैन । मलाई चाहिँ थाहा छैन भनम न । मेरो चाहिँ त्यो अनुभव छैन । म चाहिँ सुर्खेत सम्म गाडी भइसकेपछि हिँडेको हो । प्लेनमा गए, त्यो पछि हिँड्नु चाहिँ परेन । अनि धेरै हाम्रो आदिवासी जस्तो मुगलको कुरा चाहिँ मेरो आफ्नो अनुभव चाहिँ धेरै गाह्रो । मेरो माइतीमा बस्दाखेरि पनि हामीसँग खेतीपाती जग्गा एकदमै सीमित, सरकारले दिएको एकदमै सीमित थियो । सबै अन्नहरु चाहिँ व्यापार गरैरे खानुपर्ने के । अनि व्यापार गर्दाखेरि रोटीहरु दिँदाखेरि उनीहरूको ढोका हुन्छ नि, ढोका भन्दा अहिले हाम्रो सोसल डिस्टान्स मेन्टेन गरेजस्तो यसरी फालदिन्थ्यो के । उनीहरुलाई रोटी दिनुस् न भन्यो भने यसरी फालदिने के, हातमा यसरी पनि दिने होइन के । ढोका यहाँ छ भने १ मिटर जति टाढा राखेर यसरी फालेर टप्प समात्नु पर्ने के, त्यस्तो थियो । म आउँदा सम्म त्यस्तो थियो । उनी पछि पछि अहिलेको जेनेरेसनमा चाहिँ  खास त्यतिसारो छैन पनि तर सिस्टम त्यहि हो । हाम्रो बच्चाहरुले नबुझ्ने, जस्तो हामी ब्याङ्क छौ, राजनीतिक रुपमा ब्याङ्क भएपछि धेरै कुरा बुझ्न गाह्रो हुँदोरहेछ भन्ने चाहिँ मलाई त्यहाँबाट चाहिँ अनुभव भयो यात्राको क्रममा चाहिँ । अनि कालिम्पोङ दार्जिलिङतिर चाहीँ फेरी त्यस्तो भयो, कालिम्पोङ दार्जिलिङतिर त्यती गार्हो भएन । त्यहाँ बस्दा त्यति गाह्रो भएन । हाम्रो मान्छेहरु आउँदा पनि गाह्रो थिएन किनकि भेट्न आउँथ्यो, भेट्न आउँदा आफन्तहरु त्यो व्यापारको सिलसिलामा हामी त्यो स्कुलमा छ भनेर भेट्न आउने होला के । यूवाहरु धेरै आउँथ्यो, कालिम्पोङ सम्म आउँथ्यो के । कालिम्पोङ दार्जिलिङतिर उहाँबाट आउनुहुन्थ्यो तर त्यहाँ उहाँहरु जाँदाखेरि जस्तो नेपालमा हामीलाई जुन व्यवहार गर्छ नि, मलाई जुन लाग्छ नि त्यतिबेला एकदमै कतिचोटि त आसु रोएको छु के उनीहरूको व्यवहार देख्दा, रोटीहरु यस्तो फाल्दिने अनि पानीहरु दिँदाखेरी यति गाह्रो के, पानी दिनै नमान्ने । अनि हामी बाटो बाटोमा यसरी खान्थ्यो के । अनि मलाई कस्तो लाग्थ्यो भने के होला उनीहरूको पानी छुँदा हामीलाई के हुन्छ होला भन्ने लाग्थ्यो के । पानी छुँदा के हुन्छ होला भनेर मैले धेरैचोटी प्राक्टिस गरेको छु के, उनीहरुको पानी थापी राखेको ठाउँमा हात चुस्स हालेर केही हुन्छ कि क्या हो भनेर भन्ने । अनि उनीहरूको दुध हामीले खायो भने उनीहरूको दूध दिने गाईबाट रगत निस्किन्छ रे के । अनि मैले धेरै गरेको छु के त्यस्तो उट्पट्याङ कामहरु चाहिँ । अनि गाईगोरुको मासु खान नहुने भनेको छ नि त, अघि भनेको थिएँ नि गाईगोरुको मासु खान नहुने रहेछ, मैले धेरैपछि थाहा पाको गाईगोरुको मासु खादैन भनेर । हामीलाई कानुन लाग्छ भन्ने कुरो मैले धेरैपछि थाहा पाएको । अनि एकदिन मैले के गरेको थिएँ भने मासु त झुन्ड्याउछँ नि त, हाम्रो त सुकुटी खान राखेको हुन्छ नि । अनि हाम्रो घरमा रक्सी त खाना आउँछ उनीहरु । अब उनीहरुलाई के मासु अनि हेपेर हो के त्यो चाहिँ एकदमै हेला गरेर हाम्रो त्यो खानेकुरा टक्क टिप्ने अनि कति पैसा हो भन्थ्यो के उनीहरुले । अनि ५० रुपैयाँ हो भने उनीहरु टक्क टिप्ने अनि आफै चपाएर खान्थ्यो । त्यो गाईको हो, गोरुको हो, उनीहरूलाई थाहा छैन के । अनि मैले धेरै यस्तो प्रयाक्टिसहरु चाहिँ गरे किन भन्दाखेरि धेरै दुख दिएपछि त्यो बच्चाहरुमा त्यो विद्रोह चाहिँ हुदोरहेछ के । अनि मैले के गरेको छु भने उनीहरूको गाग्रीमा मैले औला घुसाएको छु के । उनीहरूको घरमा केहि हुन्छ कि हुँदैन होला । अनि उनीहरूको त्यो रोटीको पिठो मुछि राखेको हुन्छ नि, हात धोएर उनीहरुले हामीलाई यसरी फालेर दिन्छ, हात पसाई हालौ के हुँदोरहेछ त यिनीहरूको घरमा भनेर, ए साथि देउ न अलिकति तिम्रो पिठो सानो देउ त, मेरोमा मिसाई देउ त भनेर के हुँदो रहेछ भनेर हेर्थे के । केही हुँदैन रहेछ अनि मैले, ह्यातेरी  तिम्रो आमा बुवाले हामीलाई दिँदैन त, हिजो मैले मिसाएको थिए तिम्रो घरमा ठीकै छ त, केहि भाको छैन त, ह्या केही हुँदैन रहेछ यार भन्थे म चाहिँ । अनि त्यस्तो प्रयाक्टिसहरु पनि धेरै गरेको छु किन भन्दाखेरी धेरै गाह्रो । अहिलेपनि त्यो जुम्ला, मुगुमा हेर्ने हो भने मैले देखेको अझैपनि त्यो चलन अझै छ । युवाहरुमा छैन, हाम्रो बच्चाहरु उनीहरूको बच्चाहरु सँगसँगै हुर्केको भएर छैन । उनीहरूको बच्चामा फेरि एउटा डेभलो चाहिँ के भयो भन्दाखेरी यो आदिवासीहरुलाई सुविधा पाउँछ सरकारले, त्यो अनुदान दिन्छ सबै कुरा थाहा भयो । त्यो चाहिँ नेगेटिभली

हाम्रो भाग चाहिँ उनीहरुले लेख हो भन्ने सोच चाहिँ आएको छ । हाम्रो बालबच्चाहरुमा, आदिवासीको बालबच्चाहरुमा, यो दलितको बालबच्चाहरुमा, आहो हामी उनीहरूको भागको खाएको होइन, हाम्रो भाग चाहिँ अहिलेसम्म उनीहरुको खाइरहेको थियो अब अहिले आफ्नो भाग्य आफैले खान लागेको भन्ने सोच चाहिँ अहिलेको बच्चाहरूमा त्यो पनि छैन के तर हामीलाई मेरो पालोमा अहिलेसम्म पनि धेरै गाह्रो । हाम्रो त्यहाँ तपाईले अहिले पनि हेर्नुभयो भने राजनीति गर्छ, कांग्रेसमा लागेको छ, कम्युनिस्टमा लागेको छ, ऐबिसिडी जुनसुकै पार्टीमा लागेको छ, घरबाट पैसा उठाएर आफ्नो घर ऋण गरेर पनि पैसा उठायो पार्टीलाई दियो तर त्यो पार्टीले के दिन्छ थाहा छैन । त्यो पार्टीले गरेको थाहा छैन तर कमसेकम म आफू चाहिँ त्यो लेभलबाट धन्यवादको पत्र चाहिँ डाक्टर ओम गुरुङलाई एकदम धन्यवाद दिन्छु तर बहुन छेत्री भन्ने त हुन्थ्यो, त्यो जुन भट्ट भन्ने थियो नि, दिल्ली भट्ट, मान्छे त्यति राम्रो थिएन । नराम्रो थियो, मान्छेले भन्छन् के । तर उसले एउटा सिक चाहिँ मलाई के सिकायो भन्दाखेरि सिस्टमेटिक्ली सिस्टम भित्र पस्नु पर्छ भन्ने त उसले मलाई सिकायो नि । मैले चाहिँ उहाँलाई पनि धन्यवाद दिन्छु के । मैले पहिलो धन्यवाद त्यो डिल्ली भट्ट, मान्छेले नराम्रो भन्छ या ऊ यो छ त्यो छ भन्छ, हुन त हाम्रो देश नै यस्तो छ तर मलाई पहिला बाटो देखाएको उहाँले हो, त्यो डिल्ली भट्ट भन्नेले । त्यो ग्रामीण समुदायमा नलगेको भए, हिमाली त्यो मा नलगेको भए, मलाई संघसंस्था भन्ने पनि थाहा हुँदैनथ्यो, आदिबासी भन्ने पनि थाहा हुँदैन थियो । पछि जे होस् मलाई यहाँसम्म ल्याउने चाहिँ डाक्टर ओम भयो, विशेष गरेर मेरो धन्यवादको पात्र हुनुहुन्छ यात्राको क्रममा डाक्टर ओम भयो । अहिले सुरेश आलेमगर भयो, नगेन्द्र राईहरु भयो, के.पि गुरुङहरु भयो, उहाँहरु चारजनालाई चाहिँ म किन धन्यवाद दिन्छु भने धेरै ठाउँमा चाहिँ राजनीतिक लेभलमा एकचोटी डाक्टर पद्मरत्न तुलाधरसँग भाषा आन्दोलनमा हामी गाको थियौ । त्यतिबेला माधवकुमार नेपाल प्रधानमन्त्री हुनुहुन्थ्यो त्यो यात्राको क्रममा है । अनि नगेन्द्र राईले चाहिँ ,म हाम्रो पार्टीको आदिवासी जनजाति महासंघको चाहिँ सचिव थिए, अनि माहासचिब हुँदाखेरि उहाँले के भन्नुभयो भने, हाम्रो एउटा पार्टीबाटै एकजना मात्र भन्नुभाथ्यो तर महिला पुगेन भन्नु भाको थियो । अहिले हाम्रो नेफिन छ नि, नेफिनको अध्यक्ष चाहिँ हाम्रो रिमा हो कि सिमा राई हुनुहुन्थ्यो, अध्यक्ष हुन्थ्यो । उहाँको नाम नै बिर्से मैले । उहाँ र म चाहिँ महिलामा थियौ के । अनि महिलामा थिए अनि आदिवासी आन्दोलनको त्यो पद्मरत्न तुलाधर सँग हामी भाषा आन्दोलनको लागि महिला हुँ उहाँ म मात्र भयौ, हामीहरु गाको थियौ । एकदम त्यो घटना चाहिँ मैले सुनाउन किन खोजेको भन्दा यात्राको क्रममा केही नबुझेको मान्छे अनि गाह्रो पनि एउटा, अवसर पनि अर्को, अर्को चाहिँ के हुँदोरहेछ भने सिस्टेमेटिक लग्ने पुरुषको कमिले धेरै अप्ठ्यारो पर्यो त्यतिबेला । नरेन्द्र राईले अब मेरो काम गरेको जागर देखेर उहाँले धेरै कुरामा लगाउनुहुन्छ के । डाक्टर ओम गुरुङ पनि, उहाँहरु पनि जस्तो म नेफिनमा आउन मन लागेको थिएन । म आफैलाई लाग्थ्यो कि नेफिन भनेको, हुन पनि हो नि हाम्रो आदिवासीको लागि नेफिन भनेको मन्त्रीपरिषद् जस्तै हो । म त्यहाँ पुगेर मैले काम गर्न सक्दिन, म भन्दा ट्यालेन्टेड ट्यालेन्टेड मान्छेहरु जानुपर्छ, म भन्दा अलि योग्य मान्छे हरु जानुपर्छ भन्ने मेरो सोच थियो के । अनि मैले उहाँहरुलाई भन्थे, म भन्दा धेरै राम्रा मान्छेहरु पठाउनुपर्छ, मेरो त टेलेन्ट छैन, म कहाँ काम गर्न सक्छु भन्थे । अनि त्यो भन्दा अगाडि हाम्रो भाषा आन्दोलनमा माधवकुमार नेपाल अध्यक्ष हुनुहुन्थ्यो । अनि उहाँले चाहिँ त्यतिबेला राष्ट्रपतिका बोल्ने चाहिँ निफको अध्यक्ष ज्यू लाई बोल्न लगाउनु भयो अनि रामवरण यादव हुनुहुन्थ्यो । अनि प्रधानमन्त्रीकोमा मेरो पालो बनाइदियो के । मलाई बोल्नै नआउने, सम्बोधन सम्म गर्न नआउने, प्रधानमन्त्री भन्न नआउने मान्छे हेर्नुस है । नेपाली राम्ररी बोल्न पनि नआउने । ला, सम्बोधन भन्ने शब्द पनि थाहा थिएन के मलाई त । अनि गरे, खस भाषा खस भाषा भन्दै गाको हो नि त हामीहरु त, आन्दोलन सबैमा खस भाषा, यत्रो मन्त्रालयमा गयो खस भाषा खस भाषा कण्ठ गरेर गयो । त्यहाँ आफ्नो भेषभुषा लगाको थिएन, मैले चाहिँ बक्कु लगाको थिए । अघि टिबेटियनको भने नि, बक्कु लगाको थिए । माधवकुमार नेपाल सम्मानीय मलाई भन्नै आएन, फेरि मलाई सम्बोधन भन्ने शब्द पनि भन्न आएन । मैले तपाईलाई मान गर्न सकिन, मैले तपाईलाई मान गरेर बस्ने हो भने मेरो १५-२० मिनेट त्यहिँ सक्छ, मैले तपाईलाई मेरो कुरा कहिले सुनाउने, त्यस भाको भएर म माफी चाहन्छु, मैले यति शब्द भनेको थिए, अहिले तपाईलाई जुन भने नि यति भन्दा त माधवकुमार नेपाल त बुरुक्क बुरुक्क भ्यागुता जस्तो उफ्रिए । त्यसै त डर लागिरहेको थियो, बुरुक्क बुरुक्क उफ्रिएर के भन्छन् त, कहाँ खस भाषा हो त, यो त हाम्रो नेपाली भाषा हो भन्न लागे । ला अनुभव त रातो रातो भएको थियो होला के । रातो जीउ सबै तातो भएर आयो, ला के भन्ने होला अब भयो । छैन, शब्दै छैन के, खस आर्यन भनेपछि त प्रधानमन्त्री उफ्रिएर आयो । अनि पद्मरत्न तुलाधार ज्यूले चाहिँ मलाई सोनम यान्की भन्नुहुन्छ, पद्मरत्न तुलाधार ज्यूले चाहिँ के भन्नुभयो भने, बहिनी बोल्नुस् बोल्नुस् तपाईको मनमा जे छ भन्नुस भन्दिनु भयो के उहाँले ।

उहाँ चाहिँ पछाडि त्यो अगाडि हुनुहुन्थ्यो, म चाहिँ बिच्चमा थिए । अनि त्यो हाम्रो निफको दिज्यू पनि म सँगै थियो, वरिपरि थियो के । अनि उहाँले भन्नुभयो, केही हुँदैन बोल्नु भनेर भन्नुभयो । ला भुल्न त बोल्ने मुखमा केही भए त बोल्ने अनि मलाई कस्तो डर लाग्यो । पछि त कहाँ खस भाषा हो, यो त नेपाली भाषा हो भन्न लाग्यो । कस्तो डर लाग्यो, अब के गर्ने अनि के बोलुम के बोलुम भयो । अनि मैले भने, मेरो मनमा जे थियो त्यो अगाडि बोल्छु भन्ने कुरा बिर्सि सक्यो अब के भन्ने त भने । अनि प्रधानमन्त्रीज्यु तपाईले जे भनेपनि भन्नुस् मेरो लागि त खस भासा भनेकै नेपाली भाषा हो, नेपाली भाषा भनेकै खस भाषा हो किन भन्दाखेरी मेरो बाउले पनि त्यही नेपाली भाषा बोल्छ, मेरो हजुरआमाले पनि त्यही नेपाली भाषा बोल्छ, मैले पनि त्यही नेपाली भाषा बोल्छु । काठमाडौंमा आएपछि मात्र यो भाषा बोल्ने हो, होइन भने त यो भाषा हाम्रो म त कर्णालीको छोरी हो, कर्णालीमा हामी त अरु जिल्लाको मलाई अनुभव छैन, तिन जिल्लाको अनुभव छ, हुम्ला, मुगु र डोल्पा, त्यो तीन क्षेत्रमा त हामी अफिसमा जाँदा पनि त्यही बोल्छौ भनेर भने । त्यो पछी चै चुप्प लागेर बस्यो के त्यो प्रधानमन्त्री चाहिँ । प्रधानमन्त्रीले अगाडि के सोच्नु भएको रहेछ भने, म चाहिँ पूर्वतिरको शेर्पाहरुको होला भन्ने सोच्नु भएको रहेछ के । शेर्पाहरूको अगाडि त उसले मलाई झुकाउन पायो नि त । म त अब यो मुगुको भएपछि त, मुगुको खस क्षेत्रबाट आएपछि उसले मलाई झुकाउन पाएन । बल्ल ऊ चुप लागेर बस्यो है । उठेर बुरुक्क बुरुक्क नै उठेको के, म त यस्तो डर लाग्यो कि । अनि मैले भने, प्रधानमन्त्री ज्यू म तपाईलाई माफि मागे । तपाईलाई प्रधानमन्त्री जस्तो मान्छे हेर्नु न, हामीलाई त प्रधानमन्त्री त हाम्रो गार्डियन हो जस्तो लाग्छ, हाम्रो देशको गार्डियन हो नि त ऊ त भन्ने लागेको थियो । मन चाहिँ मेरो स्फट थियो के त्यतिबेला किनभने उपराष्ट्रपतिले राम्रो भन्नु भाको थियो । एकदमै राम्रो भन्नु भाको थियो, हामीलाई प्रोत्साहन मिलेको थियो के । प्रधानमन्त्री पनि त्यही होला भनेर सोचेको त गाली गरिहाल्यो । अनि मैले के भने प्रधानमन्त्रीलाई, प्रधानमन्त्रीज्यू म तपाईंलाई माफि मागे, तपाईले खसआर्य भन्दाखेरी तपाईहरुकै भाषा म पढ्छु, मैले तपाइको त्यो भाषामा फेल भएर मैले एसएलसी पास गर्न सकिन एउटा कुरा, एसएलसी पास गर्न नसकेको मान्छे, मेरो भाषामा तपाईले मलाई इक्जाम दिन लगाएको भए म पास हुन्थे, म अहिले प्रधानमन्त्री ज्यू म डाक्टर हुन्थे तर तपाईंको भाषा मलाई पढ्न लगाउँदाखेरि म एसएलसी पास हुन सकिन, इन्डिया जान मेरो पहुँच पुगेन, मेरो बाउ आमा थिएन । मैले तपाईलाई जसरी बोलिराछु साधा त्यही बोले, अगाडि जे जे बोल्छु भनेको त बिर्सिसके अनि मेरो जे दुख हुन्छ नि त्यही पोख्न पुगेछु के त्यहाँ । अनि तपाईलाई मैले खस आर्यन भाषा भन्दाखेरि तपाईलाई कस्तो अप्ठ्यारो लागेको त, कसरी अप्ठ्यारा लाग्यो, हाम्रो त्यहाँ तिर त यहि भाषा बोल्छ खस आर्यन भन्ने हाम्रो त खस भनेर नै बोल्छ, जुम्ला तिर जुन भाषा बोल्छ त्यही बोल्ने त हो नि । हामीलाई नेपाली भनेको त्यही त हो, थाहा नै थिएन, नेपाली भाषा भनेको त्यही हो । तपाईले मलाई यस्तो भन्नु पर्दाखेरि तपाई एउटा एनिमलालाई चाहिँ, पद्मरत्न तुलाधारले मलाई मेरा शब्द भन्दिनु भयो, सम्बोधन, यान्की सम्बोधन भन्नुभयो के उहाँले । अनि मैले फेरि उहाँलाई हेरे के त्यो कुरा गर्दागर्दै, सिकाई राख्नु भाको थियो के पद्मरत्न तुलाधरले मलाई सम्बोधन । सम्बोधन भनेको के हो सर भनेर भन्दा, तिमीले अभिमान गरेको कुरा गरेनौ, हो त्यसलाई सम्बोधन भन्छ भनेर भन्नुभयो के । त्यहिनिर, यत्रो मान्छे छ होइन, सम्बोधन भन्नुभयो । अनि मलाई ढुक्क भयो के, उहाँले बोल्दाखेरि मलाई ढुक्क ढुक्क भएर आयो नि त । ए मैले तपाईंलाई सम्बोधन गर्दा खेरि सम्बोधन गर्न लाई १५ मिनेट लाग्छ भने मैले मेरो मनको कुरा, मेरो विकासको कुरा, सबै तपाईलाई भन्ने हो भने ३ दिन लाग्छ भने के । तपाईंले हामीलाई भन्दा ५ मिनेट, हामीले तपाईलाई भन्दा ३ दिन, तपाई आफै गुणाण गर्नुस त के हुँदोरहेछ हाम्रो स्थिति । तपाई जस्तो मान्छेले मलाई सम्बोधन गर्न नआउने मान्छेले खस भाषा नेपाली भाषा हो भन्दाखेरी हामीलाई यत्रो वर्षसम्म हाम्रो भाषालाई तपाईले पछाडि पार्दा खेरि हाम्रो स्थिति के होला त, म कर्णालीको छोरीलाई तपाईले पूर्वको शेर्पा बनाई दिनुभयो, तपाईं प्रधानमन्त्री भएर तपाईंलाई हिमाली क्षेत्रमा कतिवटा जाति छ र कतिवटा भाषा छ, तपाईलाई कतिको ज्ञान छ भनेर प्रश्न गर्न पुगेछु के पछि चाहिँ मैले त्यो कुरा गर्दै जाँदाखेरि । त्यति भने अनि लास्टमा मलाई फेरि अन्तिम अगाडि चाहिँ पद्मरत्न तुलाधारले प्रश्न गर्देगर्दा चाहिँ आट आएन, बोल्न चाहिँ आफ्नो मनमा जे छ त्यही बोल्दिए । पछि त प्रधानमन्त्री हो नि त, पछि डर लाग्यो के फेरि । अनि अब मैले यो भन्दा बढी बोल्दिन भनेर के बोल्न खोजे, मैले के भने नै थाहा छैन के मलाई । अनि ठ्याक्क पछि पद्मरत्न तुलाधार, खगेन्द्र राई हुनुहुन्थ्यो, अरु ४-५ जना हुनुहुन्थ्यो । मान्छे चाहिँ हामी ३५ जना थियौ । ठुल ठुलो मान्छेहरु हुनुहुन्थ्यो, मलाई अहिले नाम त्यति याद भएन । ३५ जना जति थिए तर उहाँ चारजनाले चाहिँ मेरो त्यो रेकर्ड गरेर राख्नु भएको रहेछ के, मलाई थाहा नै थिएन म रेकर्ड के गरे । अनि मलाई डर लागेको थियो, ला मैले के बोले, के बोलेको पनि आफुलाई थाहा छैन के अनि भने, माफि पाऊ तर तपाईले

बोल्नुभएको मलाई, लास्टमा मलाई यति चित्त दुखेको थियो के त्यतिबेला, हाम्रो आन्दोलनमा भन्दा पनि त्यतिबेला मलाई चित्त दुखेको थियो के । बाफ्रे प्रधानमन्त्री जस्तो मान्छेले भ्यागुता जस्तो यस्तो उफ्रेर मैले खस भन्दा यत्रो भन्छ, हाम्रो आफ्नो भाषा नभएर हामी त एकदम पछि परेको रहेछौ भन्ने भयो के मलाई । अन्तिममा के मैले भने, प्रधानमन्त्री ज्यू तपाईलाई खसभासा भन्दाखेरी त्यत्रो चित्त दुख्ने, तपाई हाम्रो भाषालाई केही पनि होइन भन्दा हामी यो नेपालकै मान्छे भएन नि त, मुगल भनेको नेपालमा भन्दा संसारभरि छ, शेर्पा भनेको इन्डियामा पनि छ, चाइनामा पनि छ, नेपालमा पनि छ, ३-४ ठाउँमा छ देशमा छ, मुगल भनेको नेपालमा भन्दा छैन, त्यो मुगल भनेको तपाईको सम्पत्ति हो भन्न पुगेछु के लास्टमा । त्यो भनेर म थचक्कै बसे के, बोल्ने तरिका पनि डर लागेको छ, भ्यात्तै बसे । अनि मेरो कुरामा पद्मरत्न तुलाधर ज्यूले चाहिँ भन्नुभयो, धेरै कुरा थप्नुभयो उहाँले अनि बल्ल प्रधानमन्त्री चुप लागेर बस्नुभयो । यात्राको क्रममा कस्तो हुँदोरहेछ भन्दाखेरी जानेर या नजानेर पहुँचको कुरा ठूलो हुदोरहेछ भन्ने भयो के मलाई । अब अहिले तपाईलाई इन्टरभिउ दिए, मैले इन्टरभिउ पहिलो चोटी हो तपाईलाई दिदाखेरि पनि । धेरैचोटी इन्टरभिउ त आयो तर आउँदाखेरी के भयो भन्दाखेरि त्यो विषयगत कुरा हुन्छ नि सँग सम्बन्ध नभएर, जस्तो म कुनैकुनै काममा गइराखेको हुन्छु, त्यो विषयगत कुराहरु हुँदैन के । त्यो मलाई सोध्नु पर्ने कोइसन होइन जस्तो लाग्छ । कहिलेकाहीँ मलाई चाहिँ यो कोइसन सोधेर, म कुनै पहुँच मान्छे, म कुनै मन्त्री पनि होइन म राज्यको ।

प्रश्नः दिदि तपाईको म्यूट भयो ।

उत्तरः म राज्यको संयन्त्र होइन नि, राज्यको संयन्त्र भएपो हामीलाई धेरै कुरा सोध्ने हुन्थ्यो । हामी त पिडित हो, हाम्रो त माग्ने ठाउँ हो, हामीसँग अधिकार भाकै थाहा नभाको मान्छेलाई त त्यो राज्यको संयन्त्रको कुराहरु सोधेर कुनै उत्तर दिन पनि हामी सक्दैनौ भन्ने हिसाबले । मैले एकचोटि कुनचाहिँ एफएम एउटामा मैले दिएको थिए के त्यस्तो भनेर किन भन्दा हामीलाई यात्राको क्रममा कस्तो हुँदोरहेछ भन्दाखेरी एउटा त पहुँचको धेरै अब मैले यो उमेरमा पुग्दाखेरि मेरो आमा बित्नुभाको थियो १६ वर्षमा, बुवा बित्नु भाको थियो १७ वर्षमा हेर्नुस है । त्यहाँ देखि संघर्ष गर्दै आए तर मेरो संघर्ष चाहिँ म अहिले सोच्दा खेरी मिठो लाग्छ के किन भन्दा खेरी मेरो जुन जीवन थियो नि १६ वर्षदेखि अहिले यो ४३ वर्षमा पुग्दाखेरी चाहिँ यति उथलपुथल भयो कि, जस्तो टेक्निकल पाटोहरु तपाईहरुलाई धेरै आउँछ, हामीलाई आउँदैन नि यो कम्प्युटरको देखि लिएर त्यो कुराहरु धेरै गर्न आउँदैन, एउटा कुरा तर त्यो सबै चेन्ज हाम्रो पालामा भयो के । जस्तो मेरै पालामा भयो, म थोरै मात्र पनि नपढेको भए अहिले मेरो दिदीबहिनी जस्तो हुन्थ्यो होला तर मैले पढ्न पुगे । त्यो पढाई भनेको अहिले म नेफिनमा काम गर्छु नि त, नेफिनमा काम गर्दा म सँग सर्टिफिकेट हुदैन के । एबिसिडी कुनै काम आउँदा म सँग सर्टिफिकेट हुँदैन तर काम भनेको उनीहरु भन्दा दुईगुना, जस्तै मास्टर डिग्री गरेको डाक्टरभन्दा मैले धेरै काम गर्न जानेको छु किनकि मेरो अनुभव एउटा कुरा अनि दोस्रो कुरा चाहिँ पार्टीमा गैसकेपछि पार्टी शिक्षा भन्दा पनि, संगठनहरूको हुँदो रहेछ नि, पार्टी शिक्षा भन्दा पनि त्यो भित्रको जुन नीति, सिद्धान्तहरू चाहिँ नेताहरुले नसिकाई दिदो रहेछ के । म चाहि त्यहाँ निर भाग्यमानि कहाँ निर छु भने, केशव बहादुर गुरुङ जो हुनुहुन्छ अहिले पोखरामा ५ नम्बर प्रदेशमा जो हुनुहुन्छ, जस्तो डाक्टर ओम गुरुङ भयो, जस्तो मलाई सुरेश आलेमगर भयो, मलाई राम्रो राम्रो मान्छे भेट्यो के । उहाँहरुले चाहिँ के सिकाइदिनु भने, भित्रको सैद्धान्तिक कुराहरु सिकाई दिनुभयो । त्यो भएपछि म सचेत भएछु के तर मलाई पार्टीगत कुराहरुमा चाहिँ म माओवादीमा छु भने माओवादी मात्र बोल्छु, एकीकृतकोमा छु भने एकिकृतकोमा मात्र बोल्छु नि त तर मलाई अहिले पार्टीसँग सम्बन्ध भएन कि मेरो समुदाय म कहाँ हु भन्ने भयो के । डाक्टर ओमले भन्नुभए जस्तो, तिमी तिमीले त्यो मुगु गएपछि मुगुमा मात्रै काम गर्ने भन्नुभयो नि, अहिले मलाई म मुगल मात्रै होइन, चाहे तामाङ होस्, चाहे मुगर होस्, चाहे भरम होस्, चाहे थामि होस्, चाहे त्यो थारु होस्, एउटाले पायो भने सबैले पाउँछ भन्ने मलाई लाग्छ के । यात्राको क्रममा त्यो कुराहरु चाहीँ धेरै सिक्न पाए । जब थारूको आन्दोलन थियो नि त्यतिबेला म बझाङमा थिए । त्यो बिचमा यहाँ समाचार अर्कै आइराखेको थियो, यहाँ फिल्डमा अर्कै थियो । म कुनै पत्रकार भैइदिएको भए, एउटा कुरा नि तपाईहरु जस्तो पत्रकार, अनुसन्धान गरी राखेको भए त्यो फोटोहरु मात्र थिचेर म त्यतिबेला सचेत भैइदिएको भए, मलाई लाग्छ के सचेत भैइदिएको भए, म बिजनेसको रुपमा गएको थिएँ त्यहाँ, सचेत भैइदिएको भए, म अलिकति त्यो नेफिन सँग त्यतिबेला रिलेसन भैइदिएको भए, थारुहरुसँग त्यतिबेला रिलेसन भैइदिएको भए यो फोटोहरु खिचेर त्यो भिडियोहरु खिच्न पाएको भए, सिचुवेसन अर्कै थियो के तर समाचारमा अर्कै देखाइदियो । त्यतिबेला यो थारुहरु भागाभाग थियो तर समाचारहरुले के भनि राख्यो थाहा

छ, थारुहरुले चाहिँ यत्रो पुलिस मार्यो, बच्चा मार्यो, थारुहरुले यो गर्यो त्यो गर्यो । थारूहरूको लेडिजहरु त्यहाँ भागाभाग । म त्यही अड्केर बसेको थिए । एक दिन पुरा हामी बाटोमै अड्केर बसेको थियौ । यात्राको क्रममा त्यो पनि मेरो एउटा एकदमै तितो अनुभव भनेको अहिले नेफिन पुगेपछि मलाई त्यो साँच्चै कस्तो कटकट खान्छ के त्यो कुरा चाहिँ । त्यतिबेला मलाई नेफिनको बारेमा जस्तो म त्यहाँ राजनीतिक रुपमा आदिवासी कुरा गरेतापनि आदिवासीको अधिकारको कुरा गर्थे तर इमोसनल ट्रस्ट थिएन के जस्तो म पार्टीगत हुँदाखेरि पनि । अहिले पार्टीमा भातृ संगठनमा जो जति भएपनि उहाँहरू नेफिनमा आएपछि इमोसनली ट्रस्ट हुन्छ होला । जातीय संस्थामा बस्यो भने इमोसनली ट्रस्ट हुन्छ । पार्टीगत कुराहरुमा चाहिँ हाम्रो हामी पछि परेको अर्ब विकसित, सिमान्तकृत, पहुँच नभकोहरूको इमोसनली ट्रस्ट चाहिँ कहीँ पनि छैन होला जस्तो लाग्छ के । त्यो यात्राको क्रममा मैले त्यो कुरा चाहिँ के भयो भने, त्यो यात्रा चाहिँ जस्तो उहाँ विज्ञहरुले मलाई नेफिनमा नपठाई दिनुभएको भए यो थारुको इमोसन म सँग आउँदैन थियो । यो थारु हो, त्यतिबेला आन्दोलन थियो, उनीहरुले आन्दोलन गर्दा एउटा आन्दोलनकारी, एउटा विद्रोह पक्ष, एउटा चाहिँ राज्य पक्ष भन्ने मलाई त्यति नै ज्ञान थियो, अरु ज्ञान त थिएन । अब यहाँ समाचारमा अर्कै थियो । मैले घरपरिवारमा पनि कुरा गरेको थिएँ, ह्या त्यहाँ ठ्याक्कै उल्टो समाचार आउँदो रहेछ नि त, के हो त त्यहाँ त थारुहरु भागाभाग थियो त, यहाँ त थारुहरुले मारेको भन्छ त, के हो त म त त्यही फिल्डमा थिए । जहिले म नपर्या भनेर भनेको थिएँ मैले परिवारलाई पनि अनि यो भन्दाखेरि उनीहरुले, हो र अनि फोटो खिचेर ल्याउनु पर्थ्यो नि भन्थे । अनि मैले भने, कहाँ फोटो खिच्ने याद नै  गरिन मैले, हेरेको हेरै भए, अब हामीहरु त आन्दोलनकारी हेर्छौ नि, त्यस्तो हेरेको मात्र । फोटो खिच्नुपर्ने, तिमीले फोटो खिचेर ल्याउनुपर्छ नि भिडियो आमा छोरीले भन्थ्यो के, सानो फुच्ची थियो । भिडियो खिच्नु पर्छ नि हामीले हेर्न पाउँथ्यो, उनिहरु चाहिँ रमाइलोको लागि हेर्न पाउँथ्यो नि भन्यो के । यात्राको क्रममा त्यो कुराहरु पनि भएको थियो भनम न । धेरै अहिलेपनि जस्तो पहिलो संविधान त्यो भयो नि, हाम्रो त्यो पहिलो संविधान त्यो आन्दोलनमा गर्दाखेरि मलाई यो नेफिनमा पठाउनुको मेन कारण पनि, यहाँ हाम्रो विज्ञहरुले, नेता ज्यूहरुले पठाउनुको कारण पहिलो संबिधान हाम्रो जुन नेताहरुले फेल पार्यो नि, त्यो संविधानको क्रममा हामी धेरै संघर्ष गरि राको थियौ, मधेसीहरुले संघर्ष गरि राको थियो तर म आफूचाहिँ के गरिराको थिए भने हामी तीन दिनको आन्दोलन जुन हाम्रो आदिवासीहरूले यतिबेला तीनदिनको आन्दोलनमा मेरो जिम्मा चाहिँ चाबहिल परेको थियो । म चाहिँ त्यतिबेला चाहिँ मेरो नेफिन सँग सम्बन्ध थिएन, म चाहिँ पार्टी आदिवासी जनजाति महासंघ सँग सम्बन्ध थियो । मेरो जिम्मा चाहिँ चाबहिलमा परेको थियो । अनि आङ काजि दाई हुनुहुन्थ्यो क्यारे, आङ काजि दाई चाहिँ उहाँ पनि चाबहिलमा हुनुहुन्थ्यो । गौशालामा गाको थियो, त्यतिखेर त्यो तीन दिनको आन्दोलन । त्यतिबेला एकजना मन्त्री के, के मन्त्री थियो, अहिले  कांग्रेस सँग सम्बन्ध भयो नि, उहाँ मन्त्रीको नाम नै बिर्से मैले, कांग्रेसमा पछि गएको थियो, पहिला मधेसी दल थियो, पछि कंग्रेसमा जानु भाको थियो के, के रे उहाँको नाम, बिर्से मैले, गच्छदार के ।

प्रश्नः विजयकुमार गच्छदार ।

उत्तरः हजुर हजुर, उहाँ गच्छदार चाहिँ गृहमन्त्री हुनुहुन्थ्यो के । अनि एक दिन हामी गच्छदारका गयौ । गच्छदारका जाँदाखेरि मेरो पालो परेन किनभने अल्पसंख्यक भनेर, अहिलेचाहिँ हामीलाई सचेत भएर पो अल्पसंख्यक नभन्या, त्यतिबेला हामी थोरै संख्याहरुलाई अल्पसंख्यक भन्थ्यौ के हामी । त्यसको चाहिँ हाम्रो नेफिनको महिला अध्यक्ष हुनुहुन्थ्यो नि कुमाल, अल्पसंख्यकबाट उहाँ हुनुहुन्थ्यो । मेरो पार्टीबाट चाहिँ नगेन्द्र राई जानु भाको थियो । अनि अरुहरु त्यो सम्झौता गर्दा खेरी चाहिँ गाको थियो । अनि त्यहाँ मैले विशेषगरेर ठोस रुपमा तोकेर पठाको थिए के । अनि डाक्टर साहेब, डाक्टर ओम गुरुङहरूले पहिला आन्दोलन गर्दाखेरि उहाँहरुले के राख्नुभएको रहेछ भने १७ वटा सिट चाहिँ पहुँच नभएको सामानुपातिक समावेशीको रुपमा चाहिँ सामानुपातिक ठूलो संख्याहरूको लागि भयो तर थोरै संख्याहरुलाई त सामानुपातिकको त्यो सिद्धान्त त थोरै संख्याहरुलाई नचल्ने रहेछ । नचल्ने भइसकेपछि डाक्टर ओमले भन्नुभयो, केशव बहादुर गुरुङ र डाक्टर ओमले चाहिँ मलाई के भन्नुभाथ्यो भन्दा, तिमीहरूको सिट चाहिँ त्यहाँ १७ वटा सिट छ, त्यो १७ वटा सिट चाहिँ थोरै संख्याहरुको लागि हो, धेरै संख्याहरुलाई चाहिँ माथिको सामानुपातिक सिट हो भनेर भन्नु भाको थियो । पछि त्यो गिरिजाप्रसाद कोइराला अनि को को धेरैजना चाहिँ त्यो सामानुपातिकबाट गएको थियो नि, पछि कुमाल र भोटे पनि हाम्रो नेफिनको महासचिव र अध्यक्ष पनि संसदमा गएको थियो नि त्यतिबेला । त्यही सिटलाई चाहिँ तोकेर जनसङ्ख्याको आधारमा सामानुपातिक हुदा अल्पसंख्यकहरुको जनसंख्याहरु कति हो, त्यसको रुपमा अहिले १७ वटा सिट

चाहिँ जसरी पार्टीहरु बाँडेर खान्छ, त्यो चाहिँ हाम्रो आदिवासीकै नाममा राखिराख्ने हो, आदिवासीकै नाममा राखेको सिट चाहिँ पार्टीबाट चाहिँ अल्पसंख्यकहरुले एकचोटी पाइसकेको र अर्को पाली नपाउने गरेर त्यो चाहिँ ठोस रुपमा त्यहाँ पठाइदिनु भई भनेर भनेको । त्यहाँ नगेन्द्रकुमार दाईले चाहिँ के भन्दिनु भएछ भने, विशेष हाम्रो अल्पसंख्यकहरुको विशेष अधिकार भन्दिनु भएछ । अब विशेष अधिकार मैले भने के, विशेष अधिकार भनेको एक ग्लास रक्सी पनि हुनसक्छ, विशेष भनेको त एक ग्लास पानी पनि हुनसक्छ, त्यो विशेषलाई हामी विशेष ठान्दैनौ भने के मैले । अनि किन भने ठोस हुनुपर्छ भनेर भन्दाखेरी अनि त्यो नगेन्द्र राईले चाहिँ उहाँ त ठूलो संख्यामा पर्नुभयो अनि एउटा कुरा ठूलो पनि पर्नुभयो अनि एउटा कुरा कस्तो हुँदोरहेछ भने हामी आफै सचेत भएनौ, राजनीतिक रुपमा र सैद्धान्तिक रुपमा सचेत भएनौ भने यात्राको क्रममा ठाउँमा पुग्यो भने पनि अधिकार दर्ज गर्न नसक्ने रहेछ भन्ने कुरा चाहिँ त्यो यात्राबाट सिके के मैले । समानुपातिक समावेशी त बन्यो, हामीलाई समावेशीको नाममा यो अल्पसंख्यकहरुको त धेरै अहिले त अल्पसंख्यक भनेर थोरै संख्या भाको आदिवासी जनजाति धेरै छ तर एउटा जाति , तामाङ राई लिम्बू जति त छ होला नि जम्मा गर्दा त तर त्यो समानुपातिकको हिसाबले गर्दाखेरि हामीलाई कति सिट पाउनुपर्ने, जस्तो हाम्रो आदिवासी जनजाति ३७ प्रतिशत अहिले थारुलाई घटाएर ३५ प्रतिशत छ, ३५ को सिट हो भने त्यो ३५ को सिटमा थोरै संख्याहरुलाई कति भन्ने ठोस आउनुपर्छ, त्यो अध्ययन गरेरै लजानुपर्छ है भनेर मैले लेखेर पठाएको थिए । त्यहाँ पुग्दा खेरी दाईलाई अनि मैले भने के, दाई भोलिपर्सी हामीलाई एक ग्लास रक्सी र एक कचौरा मासु दियो भने हाम्रो विशेष हुन्छ त दाई अनि त्यसमा हामीलाई के गर्नुहुन्छ । तपाई मेरो उदाहरण बुझ्नुस्, तपाईले गाउँपालिकाको अध्यक्ष दिएर माथि सबै संसदीय सीटै तपाईले दिनुभएन, मन्त्री सबैलाई दियो तर हामीलाई चाहिँ त्यो तलको गाउँ बिकासको अध्यक्ष मात्रै, यो पनि विशेष त हो, हामीलाई गाउँ बिकासको अध्यक्ष मात्र दियो भने पुगिहाल्यो नि, विशेष दिएकै हो नि भन्या थिए के मैले । यात्राको क्रममा एउटा तितो, एकदमै तितो भन्छु के म चाहिँ, उहाँहरु जानुभएको रहेछ । अनि त्यतिबेला मैले के भनेको थिएँ भने, त्यो सिट त त्यो विशेष भनेको जस्तो भयो नि डाक्टर साहेब भनेर भन्या थिएँ मैले । मलाई अलिकति त्यसपछि डाक्टर साहेबले गर्दाखेरि चाहिँ आफ्नो गार्डियन जस्तो जतिबेला पनि जे पनि सल्लाह लिन मिल्ने, मैले के भने त्यस्तो विशेष सिट चाहिँ नबनाम । तोकेर चाहिँ ठोस रुपमा एकचोटि तोकेर पठाईदिनु पर्यो नबिन सर भनेर मैले भन्या थिए । ठोस ठोस रुपमा पठाउने, ल त्यसोभए मैलेपनि भनेको त्यही हो तर तिमीहरूको अल्पसंख्यकबाट को जान्छ होला, अब गएपनि नगेन्द्रकुमार हो, अध्यक्ष पनि उहाँ हुनुहुन्छ, उहाँ जानुहुन्छ होला भन्यो । अनि मैले लेखेर पठाइदिएको थिएँ के, अल्पसंख्यकमा अल्पसंख्यकहरुलाई, जनसङ्ख्याको आधारमा सामानुपातिक हो नि त, संघर्ष गर्यो गर्यो अन्तिममा फल पार्ने बेलामा त्यो जब आमाले हामीलाई सबै तरकारी पकाइ सकेपछि लास्टमा आमाले हामीलाई खाना दिँदा थालमा चाहिँ सबैलाई मासु हाल्यो, मलाई मात्र मासु हालेको जस्तो भको के त्यतिबेला चाहिँ । अनि त्यतिबेला चाहिँ एकदमै तितो अनुभव भनम न यात्राको क्रममा । मलाई यो एकदमै तीतो अनुभव लाग्छ है तर हामीलाई हुन त संविधानमा पुर्ण संरचना आयोग भन्या थियो नि । आदिवासी जनजाति पुर्ण संरचना आयोगको कुरामा चाहिँ मैले के गरेको थिएँ भन्दाखेरी, त्यतिबेला चाहिँ यो युज हुनुपर्ने थियो है । युज भएन, गाउँपालिका बनायो, महानगरपालिका बनायो तर संयुक्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्र त बनाउँदै बनाएन के । त्यतिबेला म नेफिनमा थिएन, म बाहिरै पार्टीको रुपमा थिए । संयुक्त क्षेत्र, संरक्षित क्षेत्र चाहिँ फेरि मेरो पार्टीलाई त्यतिबेलाको पार्टीलाई, अहिलेचाहिँ म अर्कै संगठनमा छु तर त्यतिबेला हामी एकीकृत भन्ने थियो, हाम्रो महासचिव चाहिँ परि थापा हुनुहुन्थ्यो त्यतिबेला । पार्टीलाई किन धन्यवाद दिन्छु भने उहाँहरुले सचेत यति रूपमा दियो, अधिकार सम्बन्धी सचेत नबनाएको भए म त्यो मलाई थाहा नै हुँदैन थियो होला । अनि त्यो अहिले त्यसमा थियो नि बानेश्वरको अफिस थियो । म खास गाको यो मगरहरूको लागि गाको खास । मगरको पनि माथि गाउँपालिका उनीहरूको त्यहाँ यो बागलुङको त्यहाँ गाको । यहाँ जाँदाखेरि ४-५ चोटी पार्टी मार्फत गाको । आदिवासीको सचिव भएपछि त्यहाँ जानुपर्ने भाको बाध्यता भएर जानुपर्ने कामले गाको । पछि त्यहाँ पुग्दा ३-४ चोटी भयो, त्यो काम हुने हुने जस्तो देखियो । यहाँको नेताहरु राम्रो रहेछ नि त, आदिवासीहरूको नेता रहेछ । राम्रो भएर पछि मैले के सोचे भन्दाखेरि, ऐहे मेरो मुगलमा पनि त्यस्तो केही छ होला नि त, भन्ने भयो के मलाई । मुगुमा पनि केही छ होला, जुम्लामा पनि केही छ होला, उनीहरु यसरी लड्छन् हाम्रो लागि पनि त्यही छ होला नि त भन्ने हेर्न पुगे के म चाहिँ । मेरो थाकथलो त मुगु हो फेरि अनि म हेर्न पुग्दा खेरी मुगुमा कति थियो भने, ८(९ वटा गाउँपालिका मागेको रहेछ । ९ वटा गाउँपालिका मायो भने चाहिँ हाम्रो त्यो आदिवासी जनजाति भाको जुन त्यतिबेला ७ वटा, ६ र आधा थियो गाविसहरू । त्यो क्षेत्रमा दुईटा पाउने रहेछ के, दुईटा गाउँपालिका पाउने । ७ पायो भने हामीलाई एउटा

मात्रै, ८ पायो भने हामीलाई एउटा अनि ८ पायो भने पनि ७ वटा चाहिँ तल खसहरुले अनि एउटा मात्र गाउँपालिका हामीले पाउने रहेछ के । अनि मैले यसो सोचे, मलाई त त्यति साह्रो थाहा थिएन । मेरो क्षेत्रमा त मेरो त्यति राजनीतिक क्षेत्र थिएन नि त, म त माओवादी होइन, एमाले कांग्रेसहरु त होइन । त्यहाँ भनेको तिनीहरूको धेरै पकड छ, एकीकृत को त पूर्वतिर धेरै थियो, मेरो तीर धेरै थिएन । हाम्रो दुईजना साथीभन्दा थिएन त्यहाँ । अनि मैले भने के होला भनेर । अनि पछि मैले यहाँ तीर हाम्रो विशेष आदिवासी समुदाय, यहाँ हाम्रो गुम्बा छ मुगलहरूको, त्यहाँ मेरो श्रीमान् चाहिँ सचिव हुनुहुन्थ्यो । अनि उहाँ फेरि सहसचिव हुनुहुन्नथ्यो, के सहायक सचिव हुनुहुन्थ्यो । मैले त्यहाँ उहाँलाई भने, यहाँ त यस्तो यस्तो कुराहरु परेको छ, हाम्रो मुगलहरुले चाहिँ के गरिराको छ नि, नेताहरु चाही को को छ नि भनेर सोध्दै जाँदा एमालेको, कंग्रेसको अनि माओवादीको नेताहरु, माओवादीको नेताहरु चाहिँ १-२ जना म चिन्थे । अरुहरु चाहिँ नचिन्ने पर्ने । एमालेको एकजना दाई भुवन भन्ने म राम्रोसँग चिन्छु । अनि चिन्थे अनि उहाँहरुलाई मैले कल गरे, दाई त्यो ठाउँमा त यस्तो यस्तो छ नि, के हो, कस्तो हो भने । हाम्रोहरु त कागले कान लग्यो भन्दैमा उनीहरुले जे जे भन्यो मान्दो रहेछ, मैले भनेको त मान्दै मान्दैन रहेछ । मैले भने, हाम्रोतिर संयुक्त क्षेत्र पाउँछ किनकि हाम्रो मुगलको त हाम्रो आफ्नो थागथलो त पुरा ऐरिया घेरेको त्यो सीमांक हामीलाई थाहा छ, हाम्रो ऐतिहासिक कुरा हामीसँग सेफ छ नि, ऐतिहासिक अलि मौखिकरुपमा भएपनि सेफ छ, त्यहाँको खसहरुलाई समेत थाहा छ हामीले पाउँछ त्यहाँ, हामीले केही नभएपनि गाउँपालिका पाउने भए ३ वटा पाउँछ, मैले भन्या के त्यतिबेला । किनभने हिमाली क्षेत्र पर्यो, जनसङ्ख्याको आधारमा होइन त्यहाँ त भूगोलको आधारमा हुन्छ भनेर भने । त्यसको टिआरओ हेर्दाखेरि नि, त्यो डिजाइन हेर्दाखेरी त राम्रोसँग देखेको थिए । त्यो पढे, राम्रोसँग पढे, यहाँको नियमावलीहरू राम्रोसँग पढे । घरबाट पूरा मेप गरे । नेटमा गए, नेटमा गएर त्यो जनसंख्या, त्यहाँदेखि भौगोलिक क्षेत्र सबै हेरे के । हेर्दाखेरि माथि हामिले ३ वटा स्योर पाउने रहेछ के । ५ वटा पायो भने हाम्रो माथि ३ वटा, तल २ वटा भन्दा नपाउने रहेछ । के रे ६ वटा पायो भने त हामीले स्योर तल ३ वटा पाउने रहेछ । तर खास नेताहरुले के गरेछ भने एमाले, कांग्रेस, जुन ठुलो ठुलो नेताहरु जो हुनुहुन्छ मुगुको, उनीहरुले के गर्यो भन्दा खेरी ९ वटा पायो भने माथि कर्णाल बेल्ट छ है, हाम्रो त्यो आदिवासीको क्षेत्र चाहिँ कर्णाल बेल्ट भन्छ, गम बेल्ट र खतेर बेल्ट भन्ने तीनवटा बेल्ट छ, तीनवटा क्षेत्र छ । खतेरलाई ३ वटा, गमलाई ३ वटा, कर्णाल बेल्टलाई एउटा मात्रै के, ७ वटा पायो भने । ५ वटा पायो भने चाहिँ गमलाई ३ वटा, खतेरलाई २ वटा अनि फेरि हाम्रो माथि एउटा मात्रै । अनि क्षेत्रफल हेरेके मैले, क्षेत्रफल हेर्दाखेरि जुन कर्णाल, गम र खतेर भन्ने छ नि ३ वटा, हाम्रो आदिवासी क्षेत्र झण्डै २२ वर्ग मिटर रहेछ तर जुन खतेर छ नि, खतेर भनेको ७०० भन्दा छैन । जुन सोरु भन्ने छ नि, सोरु बेल्ट, जुन ४ वटा बेल्ट, सोरु बेल्ट भनेको ३०० भन्दा छैन । गम भनेको ४०० पनि पुग्दैन तर हाम्रो भनेको उनीहरूको ३ वटा जम्मा गर्दापनि ठ्याक्कै हाम्रो हाफ भन्दा पुग्दैन के उनीहरूको । अनि मैले त्यो डिबेट गर्नलाई एकदिन पुरा लेखे के, प्रपोजल जस्तै लेखे, पुरा बनाए अनि त्यहाँ त्यसमा आयोगमा गए के । पुर्न संरचना आयोगमा डिटेल मैले देखाए, प्रिन्ट गरेर देखाए । हाम्रो क्षेत्र भनेको यो हो, त्यो सीमाहरु पनि यस्तो यस्तो छ, गाविस यतियति छन्, जनसंख्या भनेको मलाई थाहा छैन किनभने जनसंख्या त्यहाँ हेर्न जानुपर्ने रहेछ, मलाई थाहा नै थिएन के । मैले त मेरो आफ्नो हिसाबले हेरे, पछि त त्यहाँ त के रहेछ भने जनगणनालाई हाम्रो के देखाइदिएको रहेछ भन्दाखेरि, हाम्रो जनसंख्या ९०० भन्दा बढी देखाएको रहेन रहेछ तर कर्णालको कर्णालीहरुको त १५०० पनि देखाएको रहेन रहेछ । अब जनसंख्या नै पुगेन अब फेरि अनि मैले भने अब यहाँ उनीहरूको टियारको जुन हेर्नु पर्ने रहेछ नि त, त्यहाँ हेर्दाखेरि जनसङ्ख्याको त्यति मान्यता राख्दैनन् । क्षेत्र धेरै ठूलो छ भने, ८ घन्टामा पुग्ने गाउँपालिकाको जुन केन्द्र छ, जो केन्द्र हुन्छ नि त्यो, ८ घण्टामा पुग्नुपर्ने भनेर लेखेको छ के, ८ घण्टामा कमसेकम गाडीमा गयो भने १ घण्टामा या ५ घण्टा, होइन भने मान्छेलाई भने ५ घण्टामा पुगिसक्नुपर्ने, त्यस्तो त्यस्तो कुराहरु लेखेको थियो । त्यो लेखिसकेपछि हामी पाउने नै रहेछौं जस्तो भयो के मलाई । अनि गए, आयोगको सबैसँग सल्लाह गरे, म मुगुमा त पुगेको छैन, मलाई थाहा छैन त्यो अब के भैराको छ भनेर । अनि मुगुको सबैलाई हाम्रो अब जुन मुगल नेता भनौदाहरु, जुन एमाले, कांग्रेस, कुन कुन मा छ नि, अनि मैले फोन गरेर भने केही पनि एउटा मिटिङमा बसेको रहेन रहेछ के । पुर्न संरचना आयोगबाट मान्छे यहाँबाट खटाएछ, उनीहरुले त्यहाँ राम्रोसँग जानकारी पनि दिएको छैन, तपाईको सीमांकन गर्दैछ है, तपाईको अधिकार यो हो है, तपाईको नाम चाहिँ यस्तो राख्नु है । अनि उनीहरुले नामकी राख्छ भने हाम्रो नामलाई चाहिँ कटाएर किन राख्ने मुगल, मुगल पनि नाम हुन्छ त, मुगल नाम हुँदैन, त्यो तिमीहरुले त त्यो तीर्थस्थलको नाम राख, त्यो विकास हुन्छ, तिमीहरूको गाउँ विकास हुन्छ भनेर लाईदेको रहेछ । अनि उनीहरूको त त्यहाँ तीर्थस्थलको पो नाम राख्न थालेछ गाउँपालिकाको

नाममा त्यहाँ । त्यस्तो हुन्छ त, त्यो तीर्थस्थल त जोलाई नि थाहा हुन्छ, हाम्रो यो भनेको हाम्रो पहिचानको नाम राख्नुपर्छ भन्या, मेरो कुरो मानेन । पछि त मैले यहाँ गरे, नेताहरु सबैलाई यो नयाँ बानेश्वर छ नि, त्यहाँ एउटा क्याफे छ के । अनि म आफु त त्यति नेताहरु चिन्दिन अनि यहाँको पैसावालाहरु त चिन्छ नि । उनीहरु आयोभने सचेतना हुन्छ नि, आफ्नो क्षेत्र भनेपछि माया लाग्दो रहेछ । उहाँहरुलाई बोलाए, गाउँमा बोलाए अनि यहाँ हाम्रो गुठी छ, गुठीमा बोलाए गुम्बामा । जब मेरो नाम सुन्नेबित्तिकै, ओहो यसको चाहिँ हुँदैन रहेछ भनेर आउने मानेन के । अनि मैले इन्डाइरेक्टली एउटा माओवादीको दिदी हुनुहुन्थ्यो, उहाँलाई कल गर्न लगाए । उहाँले कल गरेपछि आउनुभयो । पछि लास्टमा त सबै काम गर्ने त म भए अनि उहाँहरू अलि हिच्किचिनु भयो के । मैले भने, दाईहरू प्लीज यसरी हिच्किचाएर भाग्ने काम चाहिँ नगर्दिनुस्, यो भनेको तपाईहरूको लागि हो हाम्रो लागि मात्रै होइन के । यस्तो संकुचित हुँदोरहेछ के, मनाङ यत्रो सानो छ नि, मनाङलाई ८ वटा चाहिन्छ भने त्यहाँको नेताहरु सबै एकजुट भएर आउने, मुगु लाई चाहिँदैन भनेर आउने के त्यहाँ, हाम्रो माथितिर पाउँछ भनेर के । अनि मैले त्यस्तो नगर्दिनुस्, नेताहरुलाई फकाउनुस्, अहिले फकाउने बेला हो, भोलि पर्छि हामी आन्दोलनमा मर्न सक्ने स्थितीमा फेरि हाम्रो जनसंख्या औंलामा गन्ने जस्तो छ, को मर्न जाने । अब राई, लिम्बु, मगर, गुरुङ, नेवार भएपो जनसंख्या थुप्रो छ र आन्दोलन गर्न जाउँ, हाम्रो आन्दोलन गरेर कसैको त्यो खुट्टाको नङ पनि हल्लिने बाला छैन, औंला पनि हल्लिने बाला छैन । त्यसकारण यतिबेला मौका हो दाजुहरु, गरौ भन्दाखेरी नबुभ्दो रहेछ । अब बिचारा सचेत छैन, नबुभ्दो रहेछ । अनि मैले गरे, लास्टमा उहाँहरु सबैलाई पैसा तिर्न लगाएर, नेताहरू सबै बनाउन लगाए के मुगुको विशेषगरेर । अनि म्यान्यूटिङ भरि सिकाको थियो अनि त्यहाँ देखि त्यो भएर बाहिर त्यो जुन क्याफे थियो नि, क्याफेको बाहिरबाट ताल्चा लगाइदिए के । ढोका लगाइदिए, अब मैले नखोलेसम्म बाहिर निस्कन नपाउने । अनि त्यहाँ म्यान्यूटिङ गरेर यो एउटा सफल चाहिँ म आफैंलाई अहिले जिबनमा अलिकति भाको छ । पछि के हुन्छ थाहा छैन, त्यो काम चाहिँ मैले आटेर मलाई त्यो पार्टीलाई पनि धन्यवाद दिन चाहन्छु, मलाई चाहियो नगेन्द्र राईहरु भयो नि मलाई बिशेष गरेर मलाई अहिलेसम्म डाक्टर ओम गुरुङ भयो, नगेन्द्र राई भयो । यो आदिवासी सम्बन्धित जुन ज्ञान मलाई दियो नि, त्यो नदिएको भए त्यो आँट आउँदैन पनि थियो, त्यो टेक्निकल पाटो मैले बुभ्दिन थिए के । जब टेक्निकल पाटो नबुझेर बाहिर आन्दोलन गर्नु नै ठूलो कुरो होइन रहेछ के । जब त्यो नगेन्द्र राई, मेरो एउटा एउटा पाईलामा उहाँ हुनुहुन्थ्यो के, नगेन्द्र राई जो मेरो नेता हुनुहुन्छ नि, म्यान्यूटिङ गर्नेदेखि लिएर त्यो सिस्टमहरु सिकाउने देखि लिएर अनि केपि गुरुङ जो उहाँ बस्नुहुन्छ उता हुनुहुन्छ, उहाँ कलमा बसिराख्नु हुन्थ्यो । उहाँहरुलाई चाहिँ किन धन्यवाद दिन्छु भन्दाखेरी म जब म्यान्यूटिङ गर्दाखेरि उहाँहरुलाई सोधेर गर्थे के । यो सिस्टम के हो त, सिस्टम त जान्नु पर्यो । यो क्लीयरमा यस्तो लेखेको छ, के गर्ने भन्दाखेरि, मैले सर यस्तो यस्तो गर्न लागेको छु, मैले त उनीहरुलाई क्याफेमा बन्द गरेर राखेको छु भन्दा उहाँ हाँस्नु हुन्थ्यो । धेरै राम्रो गर्नुभयो, यति गर्न सक्नु भनेको धेरै ठूलो कुरा हो, भन्नुभयो के । मैले तर उहाँहरूलाई बन्दी बनाएको छु भन्ने मेरो सेन्स चाहिँ छैन के त्यतिबेला । म उहाँहरूले गर्नुभएन किनभने त्यो मेरो अधिकारको कुरा हो भनेर उहाँहरूलाई थुनेको । लास्टमा मैले त, एउटा मुगलको एउटा मुगलको एउटा केटी छ, त्यसले त पुरा हामीलाई बन्दी बनाएर राखेको रहेछ भन्ने कुरा बाहिर गएछ । अनि त्यो गरिसकेपछि पुर्न संरचना आयोगले के भन्यो भन्दाखेरि, हामी पाँचओटा गाउँपालिका दिन्छौ, स्वयत्त संरक्षितको चाहिँ अहिले योजना छैन, त्यसको चाहिँ भोलि मन्त्रिपरिषद्बाट निर्णय हुन्छ, अहिले पुर्न संरचना आयोगमा गाउँपालिका र नगरपालिकाको मात्र बनाउँछौ तर यसको लागि तपाईको गाउँपालिका र नगरपालिका मुगुमा ५ वटा बनाउने बनाउनको लागि कर्णाल बेल्टमा २ वटा दिने हो भने ५ वटा दिन्छौ तर सिरु बेल्ट, गम बेल्ट र खटर बेल्टको लागि मात्र अझै एउटा थप्ने हो भने हामी थप्न सक्दैन भन्यो । तपाई एउटा एउटा किन भन्दाखेरि माथिको क्षेत्र ठूलो छ । झन्डैझन्डै मुगुको तीन भागको एक भाग चाहिँ मुगु भयो, २ भाग चाहिँ मुगु मात्रै छ, मुगु कर्णाल बेल्ट भन्ने जुन आदिवासीको क्षेत्र छ नि, हिमाली क्षेत्र छ । अरु तलको भाग भनेको त्यो एउटामा ३०० मात्र छ, सोरु भन्ने ठाउँमा ३०० मात्र छ । एक ठाउँमा ५०० छ । अर्को ठाउँमा चाहिँ त्यो छ, ६०० कि ७०० छ । गर्दाखेरि उनीहरूको ७०० पनि पुग्दैन । हाम्रो क्षेत्रको २१, झण्डै २२, २१७९५ कति(कति वर्ग मिटर छ के । गरेपछि हामीले स्योर पाउने भयो नि त गाउँपालिका दुईटा किनभने हाम्रो नेता नै थिएन के । त्यो नेताहरूको खुट्टा धुने जग मात्र रहेछ हामी त । गाउँपालिकामा अहिले पनि छैन हाम्रो नेता । अहिले पनि एकजना दलित हुनु भएको छ हाम्रो क्षेत्रबाट, हेर्नुस है छैन हाम्रो । अनि एउटा दलित उठ्नुभएको छ हो क्यारे, दलित पनि के मा भन्दा प्रदेशमा । अनि एउटा महिलाको त्यो पनि कांग्रेसबाट समानुपातिकमा, केहि बोल्न पनि आउँदैन, त्यो पनि फेरि आदिवासी पनि दलित पनि भएको भएर दुईटाबाट हाल्नुभएको छ । त्यसकारणले चाहिँ

सिस्टममा उहाँलाई किन धन्यवाद दिन्छु भने त्यो सिस्टममा मैले चाहिँ अरु जे गरेपनि मलाई अहिलेसम्म सन्तुष्टि के लाग्छ भने, मैले चाहिँ के चाहिँ सफल गर्न सके, गाउँपालिका चाहिँ मैले ल्याउन सकिन किनभने मेरो पहुँच थिएन त्यहाँ। त्योसँग सम्बन्धित मेरो एकिकृतको १(२ जना त्यहाँ सांसद भैदिएको भए मेरो इच्छा त दुईटा गाउँपालिका ल्याउन सक्थे। अब त्यो मेरो पहुँच भएन, कांग्रेस एमालेसँग सम्बन्ध भएन, म कंग्रेस एमालेको मान्छे थिएन। अनि दोस्रो कुरा चाहिँ मैले अहिले हाम्रो गाउँ पालिकाको नाम, मुगुको जुन गाउँपालिकाको नाम छ नि, मुकुम कर्माराङ गाउँ छ के। अहिले नेफिनमा आएपछि त्यो मलाई ठुलो लाग्छ किन भन्दाखेरी मुकुम हाम्रो समुदायको नाम हो, जस्तो अहिले मेरो मुगल छ नि मुकुम मेरो समुदायको नाम हो। हाम्रो पहिचान जसले जे गर्दा पनि त्यो पहिचान त अब मेटाउँदैन, कर्माराङ भनेको तलतिर आदिवासीहरु छन्, उहाँहरु कर्माराङ नै भन्छ तर हामीहरुको गाउँपालिकाको नाम मुकुम कर्माराङ छ के। हाम्रो गाउँपालिकाको नाम मुकुम कर्माराङ छ। कसैले सयानत लेखेको छ, कसैले गमले खतेर के के लेख्नु भाछ तर मैले सबैलाई सिकाउने कुरा हो नि त, म त विज्ञ त होइन तर मेरो आफ्नो भित्र चाहिँ मेरो पहिचानको लागि मैले सयोक्त क्षेत्र संरक्षित क्षेत्र अब सबैले पाएन। सबैले पाएको भए त अझै राम्रो हुन्थ्यो मलाई तर दुईटा पाएको भए धेरै राम्रो हुन्थ्यो। एउटा गाउँ पालिकाको नाम मुकुम हुन्थ्यो, एउटाको नाम कर्माराङ हुन्थ्यो, आफ्नो आफ्नो पहिचान त जोगाउन सकियो नि भन्ने हुन्थ्यो के तर पाउन नसकेपछि मुकुम कर्माराङ मेरो एक जनसंघर्षले त्यो गर्नचाहिँ सके के। गाउँपालिकाको नाम चाहिँ अहिले हाम्रो गाउँपालिकाको नाममा चाहिँ मुकुम कर्माराङ गाउँपालिका छ। त्यो चाहिँ मेरो पार्टीले विशेष मलाई पार्टीका हाम्रो अग्रजहरु आदिवासी जनजाति नेताहरु नभइदिएको भए त्यो आउँदैन थियो किनभने म सँग त्यो टेक्निकल पाटो नै थिएन नि त, मलाई टेक्निकली थाहा नै थिएन। आन्दोलनमा छु म, म अधिकारको लागि लडिराछु तर त्यतिबेला मैले म्यान्यूटिङ गरेर आयोगमा मैले बुझाउन नसकेको भए, मैले त्यो नेताहरुलाई मैले कन्भिन्स म्यान्यूटिङ गरेर मैले टेक्निकली मैले कन्भिन्स गर्न नसकेको भए मुकुम कर्माराङ नभएर यो सयानत कि एप्लाङ भनेर राख्थ्यो होला। अनि हाम्रो मुकुम कर्माराङको लागि त हजारौ पछिपछिको पुस्ताहरुलाई यस्तो सचेत पनि हुन सक्ने स्थिती पनि थिएन। अनि मलाई त्यो चाहिँ अहिलेसम्मको यो संघर्ष झण्डै १५ वर्ष जतिको भयो उहाँ आफैलाई लाग्दा खेरी चाहिँ सचेत भएर लागेको। त्यो बिचमा अलि उपलब्धि भनेको त्योचाहिँ जस्तो लाग्छ मलाई चाहिँ अहिलेसम्म गाउँपालिका चाहिँ तर पहिलो संविधान आएको भए त सुनमा सुगन्ध हुन्थ्यो, हामी धेरै ठुलो हुन्थ्यौ। अब त्यो ल्याउन सकेन तर मुकुम कर्माराङ मात्र अहिले किन भन्दा नामाकरणको लागि हाम्रो बाग्मती प्रदेश आयो। हाम्रो माग त के थियो भन्दा नेवा ताम्सालिङ थियो। तामु लिम्बुवान थियो हाम्रो भनम न। हाम्रो त्यो थियो नि त खस भन्ने हाम्रो पहिचानको लडाइँ थियो नि त। तिनीहरु ल्याउनलाई अहिले यस्तो गाह्रो छ भने त्यो ठाउँमा, त्यो क्षेत्रमा कोही नपुग्ने। मुगु भनेपछि धेरैजसोलाई मुगु भनेको पनि थाहा नहुँदो रहेछ के। मुगु जिल्लानै थाहा नहुँदो रहेछ अनि मुगु गाउँ भनेको त मुगु हो कहाँ हो कहाँ हो झन भन्ने हिसाबले म आफैलाई त्यो चाहिँ अहिले नेफिनमा आइसकेपछि अलि सचेत भइसकेपछि आदिबासीको मामलामा धेरै कुरा बुझिसकेपछि मैले केही नगरेपनि जेहोस् मेरो मान चाहिँ राख्न सकेको रहेछु थोरै भएपनि। धेरै त गर्न सकिन, अब थोरै गर्न सकेको रहेछु भन्ने मलाई त्यो चाहिँ अहिलेसम्मको एउटा मीठो अनुभव चाहिँ त्यो लाग्छ यात्राको क्रममा चाहिँ।

प्रश्नः हजुर, दिदि तपाईले आफ्नो पहिचानको लागि कति संघर्ष गर्नुभएको रहेछ अनि हजुर तपाईले आफ्नो मुगल समुदायको बारेमा पनि थोरै भन्दीनु न, तपाईले त्यसको भाषाहरु छुट्टै हुन्छ, त्यसको लुगाहरु छुट्टै हुन्छ भन्नु भाको छ नि, यसको बारे पनि थोरै भन्दिनु न ?

उत्तरः हाम्रो खास मुगल भन्दा पनि हाम्रो मुकुम हो है।

प्रश्नः हजुर।

उत्तरः मुगल भनेर अब सूचीकरणमा अब नजानेर त्यही त हो नि हाम्रो तामाङ लेखेको जस्तो गरेर मुगल भनेर राखेको रहेछ तर हामी मुगल नभएर मुकुम हो। मुकुमको भेषभुषामा चाहिँ टिपिकल हाम्रो दुई किसिमको छ। एउटा क्यासुअली लगाउने एउटा भेषभुषा छ। क्यासुअली लगाउने मेरो यो फोटोमा देखाइरहेको छ नि, यो क्यासुअली लगाउने हो। टिपिकल चाहिँ कस्तो हुन्छ भन्दाखेरि मेरो १(२ वटा फेसबुकहरुमा हालेको छु। त्यसमा चाहिँ के हुन्छ भने, विशेष गरेर पहिला पहिला चाहिँ अहिले यहाँ कपालमा पनि गहना लगाउने सिस्टम रहेछ। अहिले राई लिम्बुको उधौली उभौली भन्छ

नि, त्यस्तै गरेर हाम्रो ठाउँमा कोइके नेसेपा भन्ने दुई किसिमको छ । एउटा चाहिँ असार साउन तिर एउटा हुन्छ भने, जात्रा जस्तै एउटा नाच्ने हुन्छ के अनि एउटा चाहीँ पुस माघ  तिर हुन्छ । पुरा हिउँको बेलामा पनि पहिला पहिला, मलाई अहिले याद छ मभन्दा ८-९ वर्ष जेठी हुनुहुन्छ मेरो दिदी । गाउँबाट घोडामा आफ्नो खानेकुराहरु, खाद्यान्नहरु घोडामा राखेर ३-४ जना त्यही जात्राकै लागि भनेर यति यति हिउँ काटेर जान्थ्यो के मुगुमा त्यही पर्व कै लागि भनेर  । त्यो चाहिँ कोइके चाहिँ बर्खामा गर्थ्यो, नेसेपा चाहिँ हिउँदोमा गर्थ्यो । त्यतिबेला एउटा भेषभुषा हुन्छ, एउटा चाहीँ के हुन्छ भन्दाखेरि कपालमा चाहिँ यहाँ तिर मुगा र विशेष गरेर हाम्रोतिर चाहिँ हिउँ भनेको नीलो हुन्छ नि, हिउँ भयो, मुगा त रातो भैहाल्यो अनि एउटा कोशल, हामी कोशल भन्छौ, अरुले के भन्छ मलाई थाहा भएन है । पहेलो पहेलो हुन्छ, त्यो यसरी गाँसेर लगाउने चलन छ के पहिला पहिला । अनि हाम्रो महिलाहरूको तपाईले याद गर्नु भएन, तपाई भन्दा अलि माथिल्लो पुस्ताले याद गरेको होला, यहाँ खाली हुन्छ के हाम्रो यो, यति सिउँदो खाली हुन्छ पुरा । अनि मेरो भाईले एउटा हासेको कुरा भन्न मन लाग्यो, मेरो एकजना भाई छ मामाको छोरा, बिचारा श्रीकृष्ण मरिसक्यो है, उसले उसको घरमा लिएर आएको रहेछ किन भन्दा उसलाई केही होला अनि लिएर आएको रहेछ । उसको आमाको यहाँ खाली देखेको रहेछ श्रीकृष्णले । अनि तिम्रो आमाको यहाँ किन खाली भनेर सोध्दा, हाम्रो विवाह गर्दा खेरि पन्यौ तताएर हालेको भनेर भन्दिएछ के त्यतिकै । त्यो एउटा लेखमै आको थियो के त्यति । त्यो थिएन, हाम्रो चाहिँ त्यतिबेला उधौली उभौली जस्तै रहेछ, के भन्छ भने घरको काम त सबै असार साउनमा सकिन्छ नि, चैत बैशाखमा हाम्रो खेती गर्छ अनि असार साउन तिर चाहिँ झन्डैझन्डै खाली हुन्छ । त्यतिबेला चाहिँ हामी तीर्थ घुम्न जान्छौ । टाढाटाढा नभएपनि डोल्पामा जान्छौ, हुम्लाको एक ठाउँमा छ, विशेष गरेर डोल्पामा चाहिँ शे(फोक्सुण्डो छ नि, त्यसको वरिपरि चाहिँ गुम्बाहरु, पद्म सम्भवहरूको धेरै छ । अनि मुस्ताङमा पद्म सम्भवहरूको तीर्थहरु धेरै छन् । यो भएपछि हामी त्यहाँ तीर्थमा जान्छौ । ३ महिनाजति त्यहाँ तीर्थ घुमेर आइसकेपछि घरमा चाहिँ त्यही गहना लगाएर जाने रहेछ के त्यतिबेला । कपालमा सिलाएर अब गहना त घाँटीमा लगायो भने चुट्टिन्छ भन्ने हिसाबले कपाल सिलाएर त्यहाँ ३ ठाउँमा यस्तो गहना राख्दा घर फर्किन्जेल त्यो कपाल सबै उठेर जाने रहेछ के, यति खाली हुने रहेछ त्यतिबेला । अनि त्यो पनि त्यताबाट आएर फर्केर आएपछि कोइके नाच्छ के । कोइके नाच्छ अनि माथि चाहिँ भुरे हुन्छ, भूरे भन्या काचो रेसम, त्यो नगरेको चाहिँ काचो रेस भूरे भन्छ । अनि तल चाहिँ मैले लगाएको २ वटा पाटा हुन्छ । महिलाहरुले विशेष गरेर २ वटा पाटा चाहिँ सिलाएर तामाङहरूको जस्तो भेषभुषामा तर पछाडिबाट चाहिँ यो हामी चाहिँ केटु भन्छौ है तर बाहिर धेरैजसोले केटि भनेको पनि सुनेको छु । केटि, केकप भनेको सुनेको छु तर हामीले चाहिँ केटु भन्छौ, त्यो लगाउँछौ अनि पटुका लगाउँछौ । पटुका पनि दुई किसिमको हुन्छ, एउटा सेतो हुन्छ । जो कोइके हुन्छ नि, त्यसमा चाहि सेतो पटुका लगाउछ । त्यो चाहिँ विशेष हामी नेवारबाट किन्छौ फेरी । त्यो अरु जातिबाट, अरु ठाउँबाट हामी किन्दैनौ । एउटा चाँहि मगर हो कि मलाई थाहा भएन, मगर हो कि गुरुङ हो मलाई त्यो पनि थाहा भएन है, पहिला जाजरकोटबाट एउटा आउँथ्यो रे, आमाबुबा बाट सुनेको मात्र है । अनि अर्को चाहिँ नेवार, विशेष गरेर त्यो पटुका र त्यो त्यसैको लागि हाम्रो मान्छेहरु यहाँ सम्म आइपुग्छ काठमाडौ सम्म । नेवारहरुले बुन्छ त्यो सेतो पटुका । त्यो सेतो पटुका नेवारहरूको चाहिँ छोटो हुन्छ । अनि हामीहरुले चाहिँ नेवारहरुलाई त्यतिबेलाको एउटा बुढी बजै हुनुहुन्थ्यो, मलाई याद छ मैले किनेको छु, उहाँलाई चाहिँ मुगुको भनेपछि उहाँले छुट्टै लिएर आउनुहुन्छ के, उहाँले चाहिँ त्यस्तो गर्नुहुन्छ के । अरुहरुको लागि छोटो हुँदोरहेछ, हाम्रो मुगलको लागी भनेपछि उहाँलाई थाहा हुन्छ, त्यो बुढी आमालाई थाहा हुन्छ के । त्यो मुगुको मुगालको पटुका ल्याइदिनु भन्दाखेरी १५ हाफको त्यस्तो हुन्छ, लामो हुँदोरहेछ के, त्यसको लामो चाहिन्छ अनि त्यो पटुका भयो । अनि पछाडिपट्टि सेतो यो जुम्ला तिर लगाउँछ, विशेष गरेर त्यो धामीझाँक्रीहरुले लगाउने एउटा सेतो हुन्छ नि, हो त्यो लगाउँछ । त्योचाहिँ अलिकति डिफिकल्ट छ, त्यो धेरै लगाउँदैन । पर्वको बेला मात्र लगाउने हो, अरुबेला लगाउँदैन तर त्याचललाई चाहिँ हामी तोजि भन्छौ । त्यो जुन गुडिया हुन्छ नि, त्यसलाई चाहिँ तोजि । स्यापा भनेपछि चाहिँ तल फरिया  महिलाहरूको । अनि विशेष गरेर हाम्रो चाहिँ मुगलको एकदम इम्पोरटेन्ट सुन भन्दा पनि ।  सुन चाहिँ बिहाको बेलामा हुन्छ । त्योचाहिँ अनिवार्य चाहिन्छ । झाम्पा भन्नाले पुल भन्ने बुझिन्छ । झाम्पा भनेको बिहा गर्दाखेरि केटा पक्ष र केटी पक्षलाई आधा आधा राखेर बिच्चमा राखिन्छ । अनि साइड साइडमा चाहिँ दुईटा पुतली यता दुईटा पुतली उता हुन्छ । बीचमा हिउँ राखेको हुन्छ । त्यो गहनामा चाहिँ त्यो चाहिँ धेरै युज हुँदैन । यो पर्वमा युज हुन्छ, बिहा गर्दाखेरि एउटा युज हुन्छ, त्योभन्दा त्यति युज हुँदैन । क्यासुअली युज हुने भनेको थाङबा हुन्छ । थाङबा हुँदा पहेलो राख्छ । अब पहेलोको बिचमा मुगा हुन्छ ।मुगाको बिचमा चाहिँ त्यो पहेलो कोसेली राख्छ । बिचमा यो क्याचल राख्छ । मैले त्यो

फोटोमा छ, मैले त्यो युगल भनेको चाहिँ एउटा मुगा एउटा यो, बीचबीचमा चाहिँ अनि चाँदी सानो मसिनो, त्यो क्यू र मुगाको बिचमा एउटा त्यो राखेको हुन्छ चाँदीको सानो, त्यो नखियाोस् भनेर पनि होला तर अहिले गहरा हेर्दाखेरि त्यो लाउँदाखेरि त्यो राम्रो देखिन्छ, त्यो एउटा राखेको हुन्छ । त्यो पछि विशेष गरेर अब पुरानो त्योचाहिँ अब क्यासुअल भएर नलगाएको, हाम्रो भेषभुषा सँग त्यो चाहिँ क्यासुअली जसरी अहिले लगाउँछ नि खस आर्यनहरुले, अहिले पोते लगाउँछ नि, त्यसरी हाम्रो यो चाहिँ लगाउँथ्यो के पहिला पहिला । अहिले चाहिँ हराउने भएर नलगाको हो । पहिला(पहिला चाहिँ लगाउँथ्यो । अनि अर्कोचाहिँ त्योहरु फेरि माइतीबाट आउँछ, हाम्रो श्रीमानले किन्नु भन्दा पनि पुस्ता हस्तान्तरण हो के त्यो चाहिँ । त्यो जुन एउटा क्यासुअलि लगाउने भयो । एउटा थाङबा भयो, थाङबा भनेको चाहिँ लामो भयो । हुनेखानेहरुको चाहिँ तिन वटा हुन्छ । अरु साधारणको त्यही २ वटा हुन्छ । त्यो कोसेली भने नि, त्यो पहेँलो हुने चाहिँ २ वटा हुन्छ । त्यो चाहिँ माइतीको आमाले ल्याउने हो । आमासँग २ वटा छ भने, ५ जना दिदी बहिनी छ भने त्यो ५ भाग पार्नुपर्थ्यो । त्यसमा फेरि श्रीमान अलिकति हुनेखाने अलिकति बलियो भनम न छ भने केटीलाई अप्ठ्यारो परेन, होइन भने त्यो जुन गहनाहरु छ नि महिलाको विशेष गरेर, त्यो सुन बाहेक, त्यो सुन जुन तिलहरीको रुपमा झाम्बा छ नि, त्यो बाहेक अरु सबै जम्मा गर्ने केटीहरु आफ्नो काम हुन्छ । महिलाहरु आफैले जम्मा गर्छन्, पुस्ता हस्तान्तरण भयो नि । अब एउटामात्र छोरी भए उसलाई आमाले दिएको हुन्छ, खोज्नु परेन । थप हुन्छ सुन, कानमा सुनहरु थप्ने भयो । होइन भने ५ वटा छोरीहरु भयो भने आमालाई धेरै गाह्रो के, आमाले जीवनभरि त्यो खोजी राख्छ किनभने बिहा गर्दाखेरि चाहिन्छ त्यो  फेरि । बिहा गर्दाखेरि २ वटा थाङक्पा भएन भने ३ वटा थाङक्पा भए झनै राम्रो । २ वटा थाङक्पा त चाहिन्छ चाहिन्छ । अनि युगोर भएपनि हुन्छ नभए पनि हुन्छ त्यो तर थाङक्पा चाहिँ चाहिन्छ के त्यो । अनि त्यो ज्ञान भनेको आमाकोमा हुन्छ भन्ने हुन्छ हाम्रोमा चाहिँ । यो आमाबाट हस्तान्तरण हुँदै आउँछ । अनि जुन मैले एउटा माथि रातो रातो लगाको थिए नि, त्यसलाई चाहिँ हामी नोयो भन्छौ है, त्यो पनि आमाको ज्ञान हुन्छ । फेरि बुबाबाट हुँदैन त्यो । छोरीलाई विशेष गरेर त्यो आमाले ल्याएको हुन्छ पछेउरा, पुरानोको पुरानो हुन्छ त्यो । आमालाई हजुरआमा को को ले दिएको हुन्छ, आमाले चाहिँ हामीलाई दिन्छ अनि हामीमा पनि ३ जना दिदीबहिनी, ४ जना छ भने त्यो बाँडफाँड गर्छ कसको भागमा कति कति पर्छ भन्ने । अनि त्यसमा थपथाप गरेर हामी आफ्नो ज्ञानले हामी पनि अलिअलि खोज्छौ र दुइटा बनाउँछौ जसरी पनि । दुईटा त हुनुपर्यो अनि दुईटा छोरी छ भने दुईटालाई दियो । अनि एउटा कुरा कस्तो छ भन्दाखेरी त्यो थाङक्पा चाहिँ घरमा पाँचजना दिदीबहिनी छ भने पनि त्यो एउटा आमाको ज्ञानले एउटा मात्रै १ सेट हुने, २ वटाको १ सेट हो, त्यो सेट छ भने ५ जानै दिदीबहिनीले सबैभन्दा जेठी दिदीको बिहेमा त्यो लगाउँछ अब नसक्ने आमा छ भने । अनि त्यो माइलीले पनि त्यहीँ लगाउँछ । लास्टमा कान्छी बहिनीले पनि त्यही लगाउँछ के । अन्तिममा त्यही ५ जना दिदीबहिनीमा बाँडफाँड हुन्छ । एउटा गहना चाहिँ त्यो हो, एकदमै अनिवार्य गहना । दोस्रो गहना, त्यो चाहिँ जुन सुन चाहिँ भनेको आमाबुवाले दिने हो । एउटा ससुरा पक्षले दिन्छ, एउटा आफ्नो माइतीले दिन्छ । त्यसको चाहिँ त्यति इम्पोरटेन्ट भन्दा पनि त्यो बिहाको बेलामा चाहिने तर त्यो जुन अर्को गहनाहरू छ, त्यो चाहिँ धेरै इम्पोरटेन्ट हामीलाई नभइ नहुने कुरा हो । अनि अर्को चाहिँ त्यो थाङक्पा जुन भनेको छ नि, त्यो जुन थाङक्पा भने नि, ओएकोर भन्छौ के । हामी बच्चा पाउने बित्तिकै पहिलो बच्चा चाहे छोराको होस् चाहे छोरीको होस्, माइती पक्ष या घर पक्षबाट चाहिँ ओएकोर भनेर दिन्छ  त्यो । हुनेखानेले चाहिँ ९ वटा दिन्छ, अलि कमले चाहिँ ५ वटा त्यो पहेलो पहेलो हुन्छ नि, यतिको ग्यापमा हुन्छ, ५ वटा पहेलो भाको दिन्छ । अनि कम हुनेहरुले चाहिँ ६ वटा भन्ने मात्र हो तर ३ वटा हुन्छ, पछाडि सानो हुन्छ अगाडि ३ वटा चाहिँ देख्ने देख्ने ठूलो हुनुपर्छ । ३ वटा देख्ने गरेर ६ वटा दिन्छ । ५ वटा भनेको देख्ने नै ५ वटा हुन्छ के । ठूलो ५ वटा हुनुपर्छ अनि त्यो चाहिँ विशेष गरेर हाम्रो आदिवासीहरूको महिला पक्ष बलियो रहेछ भनेर यो संस्कारहरुमा पनि लाग्यो के । यो कुरा महिला पक्षहरूको चाहिँ बलियो हुन्छ गहनाहरुमा । श्रीमानले ल्यायो त्यो ठिक छ त्यो राम्रै पक्ष हो, अझै धनी भयो ल्यायो त्यो राम्रै पक्ष हो तर त्यो गहना लगाउनलाई श्रीमान् धनी हुनुपर्छ भन्ने हुँदैन के हाम्रोमा चाहिँ । महिला कतिको सक्षम छ भन्ने हो के त्यसमा । महिला सक्षम छ भने महिलाको घाँटीमा धेरै गहना लगाउन पाउँछ । केटा सक्षम छ भने चाहिँ बाहिरकै कुराहरु बढी हुन्छ, घर भनम न, यस्तै यस्तै कुराहरु हुन्छ तर गहनाको कुरामा चाहिँ यो महिला कतिको सक्षम छ, यो महिला कतिको ज्ञानी छ भन्ने कुराहरु चाहीँ कतिको कमाउन सक्ने कुरा भनम न चाहिँ गहनामा हेर्छ के हाम्रो चाहिँ । त्यो सबैमा धेरै जस्तो महिलाहरूको भूमिका हुन्छ । अनि केटा पक्षमा चाहिँ खासै छैन । केटा पक्षमा बिहा गरेको केटाहरुले चाहिँ त्यो पट्टा बाध्छ नि सेतो, के भन्छ त्यसलाई त्यो बाँधेको हुन्छ । अनि बिहा नगरेकोहरुले चाहिँ त्यो कोइके नाच नाच्दा खेरी थाहा हुन्छ के हामीलाई यो मान्छेले बिहा

गरेको रहेछ, यो मान्छेले बिहा नगरेको रहेछ । बिहा गरेकोले चाहिँ माथि त्यो सेतो कपडाले पट्टा बाँधेको हुन्छ । बिहा नगरेको केटाहरुले चाहिँ त्यो टोपी लगाउँछ तर त्यो भेडाको ऊनको छालाको हुन्छ नि सेतो, हो त्यो लगाएको हुन्छ । अनि अर्को चाहिँ बक्खु लगाउँछ, बख्खु पनि तीन किसिमको हुन्छ । एउटा बक्खु चाहिँ साधारण हाम्रो त्यो लगाउने बक्खु, जस्तो कपडाको  भयो । दोस्रो चाहिँ हामीले जुन हाम्रो आदिवासीहरुले ऊनको बुन्छ भनेनि हातले बुनेको, हातले बुनेको नै हुनुपर्छ । त्यो अहिले चाहिँ धेरै महंगो छ । पहिला पहिला आफैले बुनेर लगाउने रहेछ । एउटा त्यो भयो, अर्को चाहिँ यो सिल्कको लगाउँछ । त्यो चाहिँ बिहाको बेलामा पहेलो, रातो, त्यो ड्रेगनहरु भएको त्यो चाहिँ चाहिँ सिल्कको लगाउने भएर त्यो किसिमको चाहिँ केटालाई चाहिँ । केटी र केटामा फेरि एउटै हुन्छ, तलको खुट्टामा हातैले बनाएको एउटा सार्जेन र त्यो अर्को थरीको नाम भन्दो रहेछ, दुई थरीको हुन्छ । अनि विशेष हाम्रो चाहिँ भेषभुषामा चाहिँ त्यस्तै छ । पछ्यौरा चाहिँ त्यही हो, दुई किसिमको पछ्यौरा हुन्छ । एउटा साधारण त हाम्रो सलनै लगाउने भयो, एउटा चाहीँ जुन मैले अहिले पट्टा लगाएको छु नि त्यसलाई चाहिँ युनु भन्छ । त्यो चाहीँ फेरी अरु ठाउँमा नपाएर बनारससमा मात्र पाउँदो रहेछ, अरु ठाउँमा नपाउँदो रहेछ। झण्डै २५-४० वर्षजति ग्याप भयो रे त्यो ननिस्केको । पहिला पहिला हाम्रो आमाहरूको पालामा निस्केको थियो रे अनि बीचमा मान्छेहरूको पहुँचनै भएन । अनि त्यति बेला पनि बेच्न आउनेहरु चाहिँ त्यो खसहरु बेच्न आउँथ्यो रे । अनि बिचमा ग्याप भएर हाम्रो हरायो । अनि हाम्रो त्यो भेषभूषा चाहिँ कहाँ पाउँदो रहेछ भने, हामीले चाहिँ पछ्यौरा लगाउँदो रहेछौ है । अनि त्यो डोल्पाको जुन मगर हो है,  हामी चाहिँ टिचिरोङ भन्छौ है, उनीहरूको चाहिँ फेरि फराई लगाउने रहेछ के त्यो । ठ्याक्कै हामी चाहिँ टाउकोमा लगाउने, उनीहरुको चाहिँ लुङ्गी बनाएर लगाउने रहेछ के त्यो । त्यहाँ हामी चाहिँ लुङ्गी बनाएर लगाउँछौ, उनीहरुको चाहिँ पछ्यौरा बनाएर लगाउँदा रहेछ । ठ्याक्कै उल्टो छ डोल्पामा । उनीहरू मगर भित्र पर्छ है, ऋराइके भन्छ क्यारे । उनीहरू सँग चाहिँ भेष भूषा चाहिँ त्यो मिल्छ । पछिपछि त उनीहरूको गाउँमा किन्न  गएको के हामीले हाम्रो गाउँको सिद्धिएर त्यो पछ्यौरा चाहिँ । अनि पछिल्लो समयमा चाहिँ बनारससमा पछि मान्छेहरूले त्यो जून लेभल राखेको रहेछ होइन, त्यो बुझ्दै गयो । बुझ्दै गएपछि चाहिँ त्यसको उत्पादन चाहिँ बनारससमा हुने रहेछ भनेर अहिले चाहिँ फेरि निस्केको छ। हाम्रो भेषभुषा चाहिँ त्यस्तो छ। अनि फेरि भेषभुषा यस्तो छ, महिलाहरुले जुन निनु केकु लगाउँछन् नि, त्यो अगाडी लगाउँदैनन् । जब १२ बर्ष मान्छौ नि हामी, हाम्रो एउटा वर्ग पूरा हुन्छ नि, १२ वटा वर्ग हुन्छ हाम्रो, त्यो १२ वटा वर्ग एकचोटी राउन्ड भइसकेपछि १३ वर्षको जब पुग्छ नि, १२ पूरा भएर जब १३ पुग्छ नि ।

प्रश्नः दिदी कस्तो, १२ वर्ग भनेको कस्तो ?

उत्तरः मुसा वर्ग, गोरु वर्ग भनेर छ त १२ वर्ष हाम्रोमा चाहिँ ।

प्रश्नः ए ए ।

उत्तरः १२ वटा वर्ग हुन्छ । छिवा भनेको मुसा अनि गोरु, ताक भनेको बाघ, ह्वे भनेको खरायो अनि त्यस्तै गरेर १२ वटा हुन्छ । त्यो १२ वटा वर्ग हुन्छ अनि लास्टमा चाहिँ सुंगुर हुन्छ । मुसा अनि पछि सुँगुर हुन्छ, १२ वटा वर्ग हुन्छ हाम्रो । अनि त्यो १२ वटा वर्ग पूरा हुँदाखेरि, जस्तो म यो गाई वर्षमा जन्मे । अब यो वर्ष चाहिँ मुसा वर्ग हो अहिले, अहिले यो वर्ष । यो वर्ष मुसा वर्ग हो । अब अर्को वर्ष चाहिँ त्यो गोरु वर्ग हो, त्यस्तो हुन्छ । अब यो वर्ष मुसा वर्गमा जति जना बच्चा जन्मिन्छ नि, त्योचाहिँ ठ्याक्कै अर्को मुसा वर्ग पुग्दाखेरि ऊ १२ पूरा भएर १३ मा लाग्छ के । अनि त्यो वर्षमा चाहिँ हाम्रो अरुहरु गैर जनजातिहरु चाहिँ ह्पाप्पि बर्थडे मान्छ नि, हाम्रोमा चाहिँ १२(१२ वर्षमा एक एक चोटी ह्पाप्पि बर्थडे मान्छ के । त्यो सोनाम ल्होसारको, अहिले तपाईहरु इभ इभ भन्नुहुन्छ नि, है आउनुभन्दा एक दिन अगाडि मान्छ नि, हाम्रो चाहिँ फेरि त्यही हो, एकदिन अगाडि पुरा भेषभूषा लगाएर अनि हाम्रो एकदमै मान्छ। तपाईहरूको फेरि नेवारहरुमा ७७ वर्षमा के के मान्छ नि, जङभोहरु के के गर्छ नि, गुफा राख्ने गर्दैन, हो त्यस्तै गरेर हाम्रो नि १२ वर्षमा पूरा भएर अघिल्लो दिन पुरा उनीहरुलाई सर सम्मानकस साथ पूजा सुजा गरेर घरबाट सगुनहरु पुराउने हुन्छ के १२ वर्षमा । तर महिलाहरु चाहिँ बिशेष गरेर हामी केटी मान्छेहरु चाहिँ त्यो १२ वर्ष कै दिन चाहिँ हाम्रो भेषभुषा लगाउँछ । त्योभन्दा अगाडि जे लगाए पनि हुन्छ । ठ्याक्कै त्यो अघिल्लो दिन १२ पुरा हुन्छ अनि पछि १३ मा टेक्छ नि त अनि त्यो १३ वर्ष पुगेपछि उसलाई त्यो भेषभूषा लगाउने अनुमति पायो भन्ने हुन्छ के । केटा मान्छेलाई पनि त्यही हो, त्यो पछि चाहिँ उसले बक्खु लाउनै पर्छ, बक्खु लाउन पायो । यो भन्दा अगाडि सकभर हाम्रो त्यो भेषभुषा चाहिँ

लाई दिदैन अनि हामी बक्खु लगाउँछौ । जस्तो अहिले शेर्पाहरुले लगाउने, टिबेटियनहरुले लगाउने जुन छ नि, त्यो लगाउँछौ । त्यो चाहिँ जतिबेला पनि लगाएर हुने । अहिले चाहिँ १३ वर्ष पुगेकै हुनुपर्छ, १२ कुरा भएर १३ भएको दिन चाहिँ हामी त्यो लगाउँछौ । त्यो १२-१२ वर्षमा हामी त्यस्तो गर्छौ, त्यो भेषभूषाहरु चाहिँ ।

प्रश्नः हजुर, अनि तपाईले खसभाषा भन्नुभयो नि, तपाईले आफ्नो भाषाको बारेमा पनि थोरै भन्दिनु न ?

उत्तरः हाम्रो मुवेके भन्छ है । हामीलाई यस्तो फेरि यस्तो छ, मुगल भन्यो नि, मुवेके भन्छौ नि । हाम्रो एकजना हाम्रो टुना बहिनीले खुवेके भनेर निकाल्नु भएको रहेछ । खुवेके भनेको चाहिँ बुबाको टङ भन्ने हुन्छ । ख भनेको बुवा भन्ने बुझिन्छ । के भनेको भाषा या बोल्ने भन्ने बुझिन्छ । हुवेके भनेपछि आमा या त्यो भन्ने बुझिन्छ । अब त्यो खुवेके नभनेर हुवेके भन्छौ हामी चाहिँ । हुवा भनेपछि हामी आफै भयो, के भनेपछि हुवेके भयो । हुवेकेमा चाहिँ हाम्रोमा चाहिँ अलिकति अप्ठ्यारो कस्तो छ भन्दाखेरी हाम्रो ठाडो भाषा छ के । हाम्रो भाषामा सम्मान, हजुर, तपाई, खानुस्, खाइसियोस्, बक्सियोस् भन्ने हुँदैन हाम्रो । खा, खाऊ, बस, बस्नुस् भन्ने हुँदैन । खानु, जानु, बस्नु, भन्ने एउटा एउटा हुन्छ के शब्द । अनि हाम्रो मान्छेहरुले चाँही अरु भाषाहरू टक्क टक्क छिटो टिप्छ किनभने हाम्रो एउटामात्र भाषा हुन्छ । भाषामा एउटा मात्र शब्द हुनेभएको भएर । आमालाई चाहिँ आवा भन्छौ । जस्तो हाम्रो आमालाई आवा भन्छौ । अनि हजुरआमा हुन्छ नि, हजुरआमालाई चाहिँ एपि भन्छौ । अनि छोरी छ भने बौ भन्छौ । दिदी भनेपछि ई भन्छौ । बहिनी छ भनेपछि नु भन्छौ । अनि छोरी भनेपछि बौ भैहाल्यो, छोरी भनेपछि बौ भन्छौ हाम्रो भाषामा, प्योर हाम्रो भाषामा । अनि बुवालाई आप्पा भन्छौ । हजुरबुवालाई मे भन्छौ है अनि छोरालाई भिजा भन्छौ । भाइलाई चाहिँ न्व भन्छौ फेरि । अनि काकालाई चाहिँ ओ भन्छौ । अनि काका भयो अनि काकीलाई चाहिँ, यहाँ अलिअलि शब्द फरक छ के । काका भयो होइन, काकी, सानोममी र भाउजु, ३ वटा जुन शब्द छ नि त्यो हाम्रा आफ्नो मान्छेले बुझ्छ । अरुलाई त्यो एउटै शब्द जस्तो लाग्छ । सु भन्छौ होइन, सु भनेको काकी भयो । सु भनेको जिब्रो यस्तो डल्लो पारेर सु भनेपछि भाउजु भयो । अलिकति लामो सु भनेपछि सानो ममि भयो के । त्यो अरुले त्यति बुझ्दैन तर हामी आफै चाहिँ मेरै नानीहरूलाई बुझाउन अलिक गाह्रो छ किनभने ३ वटै शब्द चाहिँ एउटैलाई बोल्छ तर हाम्रोमा चाहिँ जिब्रो एउटामा चाहिँ डल्लो पार्ने भयो, सु भन्दाखेरि सानो ममीलाई चाहिँ अलि लामो तान्छौ के । काकीलाई चाहिँ सु भन्छौ अनि फुपुलाई चाहिँ आनि भन्छौ । आनि भन्छौ फुपुलाई चाहिँ । अनि फेरि हाम्रो चलनमा चाहिँ के छ भने, हाम्रो चाहिँ फेरियो तामाङहरु जस्तो, मगरहरुको जस्तो चल्छ हाम्रो । मामा र फुपुको छोरा चाहिँ बिहा गर्ने हाम्रो मान्यता छ तर अरुहरुकोमा के छ थाहा छैन । हाम्रोमा के हुन्छ भन्दाखेरि नि जुन घरमा बिहा गरेर गयो भने म त भाउजु भयो नि उनीहरूको । जस्तो म फुपुको घरमा बिहा गरेर गए भने त्यहाँको बुहारी भयो नि, फुपुको त म बुहारी हो नि, फुपुले मलाई कहिले बुहारी भन्दैन के । फुपु मलाई भतिजी नै भन्छन । सिर्फ बिहा गर्ने केटा र केटीको मात्रै नाता चाहिँ अरूभन्दा फरक हुने भयो तर अरुले बोलाउँदा खेरि, मेरो बहिनीहरुले भेना कहियै भन्दैन । अनि मेरो दिदीले ज्वाई कहिलै भन्दैन, भाई नै भन्छ के । अनि म अब मेरो श्रीमानसँग घरमा गएपछि उसको दाईको छोरीहरुले, छोराछोरीले या उसको बहिनीको छोराछोरीले उसको दाईको भएपछि त म काकी भएनि होइन त । उनीहरुले काकी भन्दा फुपु नै भन्छ के मलाई । नाता परिवर्तन हुँदैन हाम्रो, कस्तो अप्ठ्यारो छ के हाम्रो चाहिँ । नाता परिवर्तन हुँदैन, मलाई खास सु भन्नुपर्ने हुने त, सु भन्दैन के । सु नभनेर उसले के भन्छ, फुपु नै भन्छ । अनि मेरो त्यो नन्दको छोराछोरीले चाहिँ मलाई ठुलो ममी भन्छ के । खास उनीहरु त्यहाँ निर अलिअलि पढ्ने बच्चाहरु कन्फ्यूज हुन्छ के । खासमा म त उसको ठुलो ममी नभएर माइजु हो नि त म । नाताले त चेन्ज भयो नि त त्यहाँ । नाताले त उसलाई त म माइजु हुनुपर्ने हो नि । माइजु नभनेर उनीहरुले मलाई ठुलो ममी नै बोलाउँछ के । सिर्फ हाम्रोमा के रहेछ भन्दाखेरी त्यो चाहिँ माग्यो भने बिहा गर्न मिल्यो, लभ म्यारिज गरेर जाने चलन हुँदैन फेरि मामा फुपुको छोरालाई चाहिँ तर त्यो पर्यो भने चाहिँ त्यो केरे मागेर हजुरबुवा, बुवा आमालाई मागेर बिहा गर्न मिल्यो तर झट्टै लभ म्यारिज गरेर जाने चलन चाहिँ हुँदैन हाम्रोमा त्यो नातामा चाहिँ । तर त्यसमा नाता फरक नै हुँदैन के, त्यही भएर कन्फ्यूज हुन्छ के मान्छे । अस्ति एकजना साथीको नन्दको छोराहरु मेरोमा बस्न आएर मलाई ठुलो ममी ठुलो ममी भन्यो । अनि उनीहरुले के ठाने भन्दा, म चाहिँ उनीहरूको ठुलो ममी भनेर ठाने के । मेरो श्रीमान् चाहिँ मेरो फुपूको छोरा हो के । अनि ठुलो ममी भन्ने ठाने बिचरा । अब उसले त्यही ठुलो ममीको हिसाबले भनेपछि त म माइजु परे । ए तिम्रो मामा माइजु छ होइन त्यहाँ, जाम न पैसा माग्न भनेर भन्यो के त्यो केटाले । मेरो मामा माइजु यही त हो नि भन्यो के उसले त्यो केटालाई । अनि तिमीले ठुलो ममी भनेर भनेको होइन भनेर सोध्यो । मामा पनि यही

हो, ठुलो ममी पनि यही हो भनेर भन्यो के पछि । त्यो हाम्रोमा चाहिँ त्यस्तो चाहिँ हुन्छ । सु भन्ने भयो अनि अनि खानामा पनि ह्ववा भन्छौ । साधारण चाहिँ हामी खानालाई डिनर भन्छ नि, लन्च डिनर हुन्छ नि, त्यसलाई चाहिँ खाना भन्ने भयो नि, त्यसलाई चाहिँ ह्ववा भन्छौ तर भातलाई पनि ह्ववा नै भन्छौ के फेरि । भातलाई पनि ह्ववा नै भन्छौ, त्यो खाना हामी जुन लन्च डिनर हुन्छ नि, त्यसलाई पनि लन्च र डिनरलाई पनि हामी ह्ववा नै भन्छौ । भातलाई पनि ह्ववा नै भन्छौ । ढिडोलाई चाहिँ हामी फेचेन भन्छौ, बिशेष गरेर ढिडो हुन्छ नि । अनि जुनसुकै त्यो तरकारीहरु, दाल तरकारी जेसुकै होस्, त्यसलाई पा भन्छौ । दालहरु त पहिला हाम्रो ठाउँमा छँदा पनि थिएन होला । दाल त्यो जेसुकै होस्, तरकारी जुन दालभात हुन्छ, भात खानालाई चाहिँ ह्ववा भन्छौ । अनि तरकारी जुनसुकै, दाल त्यो भयो भने त्यसलाई चाहिँ पा भन्छौ । अनि बिहान हुन्छ नि, बिहानको जुन हामी ब्रेकफास्ट खान्छौ नि, ब्रेकफास्टलाई चाहिँ छिनेन भन्छौ । फेरि बेलुकाको जुन हुन्छ नि खाजा, बेलुकाको खाजालाई जारा भन्छौ । त्यो दुईटामा चाहिँ, बेलुकाको चाहिँ जारा भन्छौ, बिहानको चाहिँ छिनेन भन्छौ । अनि अर्को विशेष गरेर फेरि हाम्रो माईतमा पहिला पहिलाको चलनमा के रहेछ भन्यो भने , दिनभरि मान्छेहरु जस्तो खेतालाहरू हुन्छ नि एक्स्ट्रा एउटा खाजा खान्छ नि, बिहान र बेलुका छिनेन र जारा बाहेक एउटा खान्छ नि, त्यो हिंजार भन्छ । मात्रै दिउँसो खान्छ के त्यो । त्यसको जस्तो जाड सँग थोरै भएपनि मासुहरु लिएर आएर चर्याप चुरुप खाने हुन्छ नि, त्यसलाई चाहिँ हिंजार भन्छ के । अनि राति पहिला पहिलाको चलनमा के हुन्थ्यो भने, त्यो शब्दहरु हाम्रो बीचमा पनि अब झन्डैझन्डै हराउन लागिसक्यो किनभने त्यो कामहरु पनि नआउने भएर । अनि झ्यान्जार भन्छ फेरि, झारा भयो नी है, झ्यान्जार हिंजार । दिउँसो खानेलाई हिंजार भयो । राति मध्यराती खानेलाई झ्यान्जार भन्छ । त्यो झ्यान्जार चाहिँ कतिबेला हुँदोरहेछ भन्दाखेरी, पहिला पहिला हाम्रो चलनमा चाहिँ हामी दिनभरि तान बुन्छौ नि है, दिनभरि तान बुन्ने भयो हाते काम गर्ने भयो, रातभरि चाहिँ उन काट्दो रहेछ के । हिउँदो हिउँ पर्छ, हिउँ परेपछि अरूको काम हुँदैन । अनि हिउदोमा दिनभरि चाहिँ पुरा त्यो गर्ने, तान बुन्ने अनि डल्लो डल्लो पार्ने, कोही चाहिँ बुन्दै गर्ने, कोही चाहिँ डल्लो पार्दै गर्ने । अनि रातभरि चाहिँ त्यो सबै जना चाहिँ सँगै बसेर राती निन्द्रा लाग्ने भयो नि त, सबैसँगै गीत गाउँदै अनि त्यो उन काट्दो रहेछ के । अनि त्यति बेलाचाहिँ उनीहरूको मध्यराति एउटा खाजा खादो रहेछ । त्यसलाई चाहिँ झ्यान्जार भन्छ । त्यो चाहिँ मध्यरातिमा खानेलाई भन्छ झ्यान्जार । मध्य दिउँसो खानेलाई हिंजार भयो, मध्यराति खानेलाई चाहिँ झ्यान्जार भन्छ । त्यो एउटा खाजाको कुरा भयो, त्यो एउटा छ । अनि अर्को कोइके नेसेपा भनेको यो उधौली उभौली जस्तो भैहाल्यो । कोइके चाहिँ पहिला पहिला चाहिँ तीर्थ गरेर आउने रहेछ, अहिले चाहिँ के हुन्छ भन्दाखेरि असार साउनमा हाम्रै गाउँमा बसेर हाम्रो गाउँको माथितिर जस्तो चाइना तिर, चाइना साइडमा गएर पहिला पहिला ३(४ महिना बस्थ्यो । अहिले चाहिँ भ्याउँदैन मान्छे, १५ दिनसम्म बस्छ । अब बिस्तारै बिस्तारै हराउँदै पनि गईराखेको छ । पोहोर पनि गरेन रे, परार पनि गरेन, ३-४ वर्ष भयो यो नगरेको नै । १५-१६ दिन त्यहाँ बस्ने अनि त्यहाँ बसेर अनि सिक्छ । अनि सिकेर अनि गाउँमा आएर कति वर्षको उमेर भन्दाखेरि, १५ देखि माथि, १५ देखि माथि ३० देखि मुनिको सबैले नाच्छ त्यो । अनि नयाँ नयाँ नेसा त्यो बहिनीहरु भनेर राख्ने हुन्छ । अनि ८ वर्षभन्दा माथिको बच्चा चाहिँ त्यो पछाडि पछाडि पछाडी केटीहरूको पछाडि सँगै सँगै लुगा लगाएर नाच्न जाने पनि सँगै सँगै जाने चलन हुन्छ । त्यो चाहिँ कोइके भयो । अनि हिउदोमा पुस माघमा नाच्ने हुन्छ, त्यसलाई चाहिँ, कोइके त्यो भयो, नेसेपा चाहिँ त्यो गर्ने भयो । यसमा चाहिँ म अलि कन्फ्यूज छु, कुन चाहिँ कोइके भन्छ, कुन चाहिँ नेसेफा भन्छ, म अलि कन्फ्यूज भए ,अनि त्यो हुन्छ । अनि त्यो कोइके नेसेफा फेरी त्यस्तो पनि हुन्छ, विशेष चाडहरू हो । जस्तो हामी युद्धमा लडाइँमा लड्न गयो भनौ न एउटा इक्जाम्पलको लागि, त्यहाँ युद्ध जितेर आएछ भने पनि त्यो आउँदाखेरि स्वागतको लागि पनि त्यो युज गर्छ त्यो कोइके चाहिँ फेरि । त्यसमा धेरै शब्दहरू छ के । त्यसमा धेरै शब्दहरू भएको भएर, गीतमा चाहिँ अर्थहरू भएको भएर त्यो पनि नाच्ने गर्छौ । उनी हाम्रो भाषामा अर्को के छ भन्दा मे त्यो भैहाल्यो । हाम्रो भाषाकोमा फेरी म यो हिमाली क्षेत्रको धेरै-धेरै मिल्ने भाको हुनाले झयाप्रु भन्छ है । यो विशेषगरी त्यतापट्टि त्यो तामाङ र हाम्रो शेर्पाहरुले झयाप्रु भन्छ नि, त्यो एकदमै हार्टली मान्छेहरुलाई उनीहरुले झयाप्रु भन्ने रहेछ । हाम्रोमा दुई किसिमको छ, चेलु भनेको चाहिँ बिस्तारै एकदमै क्लासिकल जस्तो गरेर एक दिन पुरस लाग्ने गरी बिस्तारै नाच्छ, त्यसलाई चाहिँ चेलु भन्छौ । चे भनेको नाच्ने भयो, लु भनेको गित भयो । अनि झयाप्रा भन्छम, फेरि हामी चाहिँ झयाप्रु भन्दैनौ झयाप्रा भन्छम । त्यो बेस्सरी त्यो नाच्छ नि, त्यो त छोटो हुन्छ एकदमै एकछिनमै ड्याक ड्याक डुक नाच्यो, सक्यो । त्यो चाहिँ झयाप्रा भन्छम । त्यो लाई चाहिँ अनि हाम्रो भाषामा त्यो भयो । अनि हाम्रो फेरि यस्तो खाने भाँडोहरु हुन्छ नि, विशेष गरेर एउटा चाँदीको भित्र चाहिँ हामीले त्यसमा विशेष गरेर ठुलो ठुलो

लामाहरु भयो, नेताहरु भयो, त्यस्तो हामीले अलि मान गरेको मान्छेहरुलाई चाहिँ स्वागत गर्नलाई त्यो जाड राख्ने या चिया राख्ने या पानी राख्ने, जुनसुकै चिज राख्नलाई पनि त्यो युज गर्छौं तर भित्र चाहि काठ हुन्छ, विशेष किसिमको काठ हुन्छ, बाहिर चाहिँ चाँदीले मोलेको हुन्छ । त्यसलाई चाहिँ खोर्पा भन्छौ अनि बटु भन्छौ । बटुका हुन्छ नि हाम्रो पाटन तिर पाउँछ, यता काठमाडौ तिर पाउँछ । काचको सानो हुन्छ, त्यसलाई चाहिँ बटु भन्छ । त्यो चाहिँ जाँड खानालाई मात्र काम लाग्छ । त्यसमा अरु केही युज गर्न हुँदैन त्यो । त्यो चाहिँ तरकारी यता उतसमा युज गर्दैन त्यो, जाडकै लागि मात्रै । त्यो हाम्रोमा के छ भन्दाखेरी त्यो अर्थ लाग्ने भएर मैले भन्न खोज्या । बटु चाहिँ के भन्छ भने केटी मान्छेलाई पेवा राख्छ, हाम्रो चलनमा केटीलाई पेवा दिने चलन हुन्छ मुगलको भाषामा । पेवालाई थाप चुस्या गर्ने भन्छ । थाप भनेको चुलो भयो, चुस्या भनेको थाप चुलो राख्ने भन्ने हुन्छ के हाम्रोमा । थाप चुस्या गर्दाखेरि केटीलाई पेवा दिन्छ । केटीहरु बिहा गरेको, बच्चाहरु पाइसकेपछि दिने हो । त्यो दाइजो जस्तो हुँदैन, त्यो चाहिँ यो केटीको मात्र अधिकार हो, श्रीमानको पनि अधिकार लाग्दैन ।  छोरी केटीको आफ्नो मात्र अधिकार हुन्छ त्यो । श्रीमान या कसैको अधिकार हुँदैन, ऊ एक्लैको अधिकार हुन्छ । हो त्यो दिँदा खेरी चाहिँ यो बटु चाहिँ अनिवार्य हुन्छ । बटु भनेको छ्याङ खाने, बटु भनेको अनिवार्य हुन्छ । त्यो फोर्पा हुनेले दिन्छ, ऊ आफैले कमाएको छ भने हुन्छ, त्यो नहुने हो भने त एउटा भन्दा दुईटा भन्दा हुँदैन । यो चाहिँ जो सँग चाहिँ अनिवार्य छ के हाम्रोमा । अनि डोर भनेको अलिकति ठुलो, त्यही बटुको जस्तो तर अलिकति ठुलो । त्यसमा चाहिँ हामी खाना खाने गर्छौं के त्यसमा । त्यो खाना खानको लागि युज हुन्छ । अनि त्यो पनि दिन्छौ हामी । त्यो पेवा दिँदाखेरि हुनेले ३०-३५ दिन्छ, नहुनेले १५ सम्म ।  त्यो चाहे डोर होस् चाहे बटु होस् । अनि एउटा थाल हुन्छ । हामीले चाहिँ हाल्दया भन्छौं । हाल्पु भन्छौं के, हाम्रो भाषामा काठमाडौलाई हाल्पु भन्छौं । अरुहरु भाषामा त्यो कतिको छ, काठमाडौं जुन उपत्यका छ नि , भक्तपुर ललितपुर र काठमाडौ, जुन यो उपत्यका छ त्यसलाई हाल्पु भन्छौ हामी । हाल भनेको यो काठमाडौं भैहाल्यो । धेर्मा  भनेको थाललाई हामी धेर्मा भन्छौं । हालधेर भनेको यार्सागुम्बा भनेको जस्तो शेर्पामा एउटा थाल हुन्छ त्यो । त्यो पनि के भन्छ यो चाँदीको त्यो फोटो छ नि माथी राख्यो, तलपट्टी चाहिँ ट्रे जस्तो गरेर राख्यो । त्यो भित्र ३-४ वटा चामल राख्यो, ३ वटा जति चामल राख्यो, मान्छेलाई सम्मान गर्न त्यो काम लाग्छ । विशेष गरेर लामाहरुलाई, ठूलो ठूलो मान्छेहरुलाई, त्यसमा चाहिँ चोखो मान्छौ हामी हालधेर भनेको । हो त्यो चाहिँ केटीको पेवा दिँदाखेरि चाहिँ एकदम इम्पोरटेन्ट, त्यो चाहिँ चाहिन्छ चाहिन्छ । केटीको बाऊआमाले पेवा जब छोरीलाई दिन्छन् नि, त्यो ३ वटा चाहिँ दिनैपर्छ । अनि त्यो एउटा पोसे भन्छन् , हामी राकजाम भन्छौं । राकजाम भनेको पहेलो हुन्छ, झाङ भनेको रातो हाम्रो तामाको, झाङ भनेको ठूलो खालको । झाङ भनेको तामा भयो, राक भनेको त्यो पहेलो, नेपालीमा मलाई भन्नै आएन, हामी राकजाम भन्छौं । अनि झेतिक भन्छ है, त्यो पनि एकदमै इम्पोरटेन्ट हाम्रो भाषाको हिसाबमा पनि, हाम्रो युज टु मा पनि एकदमै इम्पोरटेन्ट । झ्या भनेको झ्या भइहाल्यो,  तिक भनेको एउटा फसी हुन्छ फेरी । चिया पकाउने भाडो । झेतिक, त्यो झेतिक भन्छौ हामी । तिक चाहिँ धेरै किसिमको हुन्छ, पहेलो पनि हुन्छ । झातिक भयो, राप्तिक भयो अनि यो एउटा हाम्रो त्यो सेतो त्यसको पनि, सेतो हाम्रो त्यो ढिक्सी हुन्छ नि त्यस्तै खालको पनि झेतिक हुन्छ । अनि नैतिक भन्ने हुन्छ, त्यही तिकमा पनि ५ वटा तल्ला हुन्छ के । हाम्रो त्यो चाहिँ एकदमै इम्पोरटेन्ट । तिक त तिकै भयो, त्यसको ५ वटा तल्ला हुन्छ । नैतिक हुन्छ, ना भनेको ५, तिक भनेको त्यो तिक भइहाल्यो । एउटाले अर्को एउटालाइ लास्टमा सानो एउटा हुन्छ के । बिच्चमा चाहिँ ठूलो यति १०-१५ लिटर अट्ने हुन्छ, त्यो भित्रभित्र बिच्चमा चाहिँ ३ लिटर-२ लिटर अट्ने यति सानो सानो हुन्छ, तिक भन्छ त्यसलाई ।

प्रश्नः दिदी अनि यो सबै भाषाहरु छ नि, हाम्रो सबै लिखित हुन्छ, पढ्न पनि पाइन्छ हामीले ?

उत्तरः छैन, लिखित छैन, लिखित नभएता पनि हाम्रो एउटा टोमा बहिनीले एउटा अलिअलि निकालेको छ भनेर म यो नेफिनमा आएपछि बुझे । उसले एउटा ग्रामर वाइज ५ क्लास सम्म उसले लेखेको छ भन्ने मैले बुझेको छु है तर त्यो बाहिर आएको छैन त्यति । त्यो कहाँ छ भनेर भन्दै हुनुहुन्थ्यो । त्यो लिखित छैन तर हाम्रो भाषा हराएको पनि छैन, लिखित पनि छैन अहिले । डकुमेन्टेसन त साँच्चै भन्ने हो भने हाम्रो कुनैपनि डकुमेन्टेसन हाम्रो त्यति छैन । हाम्रो आफ्नो बारेमा चाहिँ थोरै थोरै डकुमेन्टेसन गरेको छ, हाम्रै भाषामा गरेको छ । नेपालीमा मैले एउटा डाक्टर सहेबलाई थोरै मैले जानेर या नजानेर अरूको त्यो स्पाम्पल हेरेर आफ्नो थोरै मात्र गरेर डाक्टर खगेन्द्र, उहाँलाई मैले एउटा लेखिदिएको थिए तर त्यो म आफैंलाई अहिले हेर्दाखेरि अपुरो लागेको छ । म त्यो अहिले अध्ययन गर्दैछु, किन अपुरो लाग्यो भन्दाखेरी

हाम्रो त्यहाँ फेरि त्यहाँ के देखेको छैन भने यति यति वर्षअगाडि बसेको, त्यो पछाडि यो, त्यो पछि भाषा भनेर लेखेको रहेछ के, त्यति गर्दा मैले पनि त्यति त्यति दिए के । अपुरो छ, डकुमेन्ट त्यति गरेको छैन, लिखित छैन ।

प्रश्नः ए, दिदी अनि तपाईले अघि थाङ्का पेन्टिङको बारेमा भन्नुभएको थियो नि त । त्यो चाहिँ तपाईंले छोरालाई पास गर्छु भन्नुभएको थियो नि त । त्यो त्यही किन अनि तपाईले पनि सिक्नु भएको थियो होइन, यो पनि भन्दिनु न ?

उत्तरः अ ।

प्रश्नः किन यस्तो छोराहरु धेरैजस्तो पास हुन्छ ?

उत्तरः यस्तो रहेछ के, छोराहरु त्यो थाङ्का चाहिँ मेरो माइतीको पुर्ख्यौली पेशा हो त्यो । मेरो हजुरबुवाको पनि हजुरवुबा, हजुरवुबा, को को लाई कति कति सिकाएर पछि मेरो बुवाको हातमा आइपुग्या हो के खास । अब मेरो भाई दुईजनाले गरेन तर मलाई चाहिँ त्यतिबेला देखि त्यो कलाको खुब माया लाग्थ्यो के बुवाले काम गरेको देख्दा । बुवाले सिकाउनु चाहिँ भएन । यस्तो हुदोरहेछ, पुस्ता हस्तान्तरण भनेको चाहिँ त्यो रहेछ । म बुबासँग धेरै बस्ने, छोरी भए नि त, बुवासँग धेरै बस्ने । अब केटा बच्चाहरू त बाहिर खेल्न मात्र हिँड्छ नि, हामी त खाना पकाएर बुवालाई खुवानुपर्यो । त्यो गर्दैगर्दा, छोरी उ त्यो रंग लगाई देउ त भनेर भन्नुहुन्थ्यो बुवाले । मलाई आउँदैन भन्दा, लगाइदे न म सिकाउँछु जस्तो भयो त्यही त्यही लगाइदेन भन्नुहुन्थ्यो । पछि मलाई सिक्न सजिलो भयो के तर मैले सुन र आँखाहरू, ठुलो ठूलोहरु गर्नसक्छु तर सानोसानो सक्दिन । हाम्रो थान्का चाहिँ कस्तो छ भने एकदमै कम्प्लिटली यति डिफिकल्ट छ कि  एकदमै सियोको मुख जत्रो लेख्नुपर्ने हुन्छ नि सुनहरु त्यो आँखाहरु चाहिँ, त्योचाहिँ मलाई आउँदैन तर अलि ठुलो ठुलो चाहिँ पछि सिकेको हुनाले बुवाले पनि हात  त्यतिबेला अलिअलि बसाएको हुनाले, छोरी त्यो लेखदिँदा हुन्छ त्यो रङ भर्दे भन्नु हुन्थ्यो के बुवाले । अब त्यतिबेला सिस्टमेटिकली बुवाले राम्रोसँग सिकाएको भए म कम्प्लिट हुन्थे । मलाई त्यति कम्प्लिट चाहिँ छैन । अहिले चाहिँ कस्तो रहेछ भन्दाखेरी यो पनि पुस्ता हस्तान्तरण नै हो । हाम्रो यो पेशा पुर्ख्यौली पेशा हो बुवाको चाहिँ । हामीले कुनै इन्स्टिच्युटमा गएर या कुनै त्यहाँ गएर बुवाले पनि सिक्नु भएको होइन, मैले पनि सिकेको होइन । मेरो बुबाको जुन त्यो विद्यार्थीहरु हुनुहुन्छ नि, उहाँहरु पनि कुनै इन्स्टिच्युटमा नगएर बुवाले सिकाउनु भएको हो तर बुवाले चाहिँ हजुरबुवाबाट सिक्नु भएको हो । मेरो काकाले पनि गर्नुहुन्छ, मेरो श्रीमानले पनि गर्नुहुन्छ । भाई दुईजनाले त्यति सिकेन तर पनि थोरै आफुलाई घरमा लागेको काम चाहिँ गर्छ भाई दुईजनाले पनि । मेरो कान्छो काकाले गर्नुहुन्छ अनि मेरो गाउँतिर चाहिँ धेरैजसोले गर्छ । त्यो पेसा चाहिँ कस्तो हो भन्दाखेरी पुस्ता हस्तान्तरण एउटा भयो । अर्को चाहिँ यो धर्म सँग पनि रिलेटेड छ र अहिलेको मेरो सचेतनाको हिसाबले भन्दाखेरि हामी बुद्धिष्ट हौ भन्छौ नि, बुद्धिष्ट भनेको बुद्धिष्ट संस्कार एउटा भयो, बुद्धिष्ट धर्म एउटा भयो, बुद्धिष्ट सिद्धान्त एउटा भयो, फिलोसोपी एउटा भयो होला तर हामीचाहिँ अहिले हाम्रो जुन समुदाय छ, जस्तो मुगल जुन समुदाय छ । मुगल र कार्मारोङ नै भन्छु म, त्यो दुइटै समुदाय चाहिँ नजिक हो तर  हामी छुट्टै छुट्टै हौ भन्छौ तर मलाई त्यति अनुसन्धान छैन । त्यही भएर मैले चाहिँ यसको डिबेट चाहिँ म गर्दीन पनि तर हामी त्यो मुगलहरु छ, तिनीहरूको संस्कार चाहिँ बुद्धिष्ट संस्कार छ के । बुद्ध धर्म मानुन या नमानुन तर संस्कार चाहिँ बुद्धिष्ट संस्कार छ । एउटा कुरा मारकाट गर्नुहुँदैन भन्ने, हाम्रोतिर हाम्रो अगाडि माथिबाटै एउटा झरना आउँछ, एउटा ठूलो अगाडिबाट नदी बग्छ के, त्यहाँ अगाडी नै कस्तुरी मृगहरु हुन्छ नि, पानी खान आइरहेको हुन्छ के । कति रमाइलो, मैले फोटो खिचेको थिएँ त्यो फोटो छ कि छैन । मज्जाले मृग आइराखेको हुन्छ अनि त्यो सीमा पुलिसको हाम्रो गाउँमा राखेको छ खास ।खास सिमा त धेरै टाढा छ तर सीमा पुलिस हाम्रो गाउँमा छ । पुलिसहरु लुकीलुकी मार्छ, बाहिरको मान्छेहरु यार्सागुम्बा टिप्नेहरु शिकार गरेर लान्छ तर पुलिसले तिनीहरूलाई समात्दैन कि हाम्रो गाउँलेले चाहिँ समातेर पुलिसलाई दिन्छ । किन हाम्रो चहिँ बुद्धिष्ट संस्कार भएर हामी शिकार गर्दैनौ । हाम्रो संस्कार चाहिँ बुद्धिष्ट संस्कार छ । त्यहीअनुसार थाङ्का पनि त्यही हो । थाङ्का चाहिँ दुई किसिमले मैले बुझेको, म खासै त्यति विज्ञ चाहिँ होइन है फेरि । म आफैँले चलनचल्तीमा बुझ्दै आएको कुरा चाहिँ थाङ्का पौवा भन्छ हाम्रो चाहिँ, स्याक्ला र थाङ्का । स्याक्ला भनेको चाहिँ पौवा भयो, त्यो डाइरेक्ट भित्तामा गुम्बाहरुमा लेख्छ नि, त्यसलाई चाहिँ स्याक्ला भन्ने भयो । त्यो चाहिँ अलि मोटो हुन्छ, टाढाबाट पनि देख्ने हुन्छ । थाङ्का चाहिँ बुझ्ने मान्छेले नजिकबाट मात्र देख्छ भन्छ । बुवाले मलाई सिकाउनु भएको, थाङ्का चाहिँ नजिक गएर हेर्ने चिज हो,एकदम मसिनो हुने भयो । पौवा चाहिँ भित्ताको, त्यो चाहिँ  टाढाबाट देख्ने के । एकदम टाढाबाट पनि त्यो आँखाहरू सब देखोस् । त्यसको रिङहरु, लुगाहरु पनि छुटोस्

के । त्यो दुई किसिममा त्यो बुद्धिष्ट संस्कार अनुसार किन भयो भन्दाखेरी एउटा ट्रेडिसिनल भयो नि त । संस्कार अनुसार ट्रेडिसिनल किन भयो भन्दाखेरी त्यतिबेला चाहिने भयो नि । टेबल चाहियो बुद्धिष्ट संस्कार अनुसार, घरमा त अब टेबलमा पनि कलर गरेको चाहियो अनि त्यो कलर गर्नलाई त सिकेको हुनुपर्यो । अनि त्यो त अरूहरू व्यापारीहरुले सिकेको हुँदैन, लामाहरूले त सिकेको हुँदैन त्यतिबेला । लामाहरुलाई के भन्छ भन्दा उनीहरुको सीपको काम मात्रै गर्ने, महिला र लामाहरु चाहिँ गाउँमै बस्ने भयो नि त । गाउँमा बस्दाखेरि के हुन्छ, पुरानो सीपहरु चाहिँ उनीहरुले सिकी राख्ने भयो । अनि हाम्रो त मर्दा पनि थाङ्का चाहिन्छ, यस्तो हेर्छ सिजी भनेर मर्दा खेरि हेर्छ । त्यसको कसैको चाहिँ ताराकोले आएको हुन्छ, कसैको चाहिँ बुद्धको आएको हुन्छ, त्यसमा हेरिसकेपछि अब त्यो भएपछि त लेख्नुपर्यो । लेखेको पनि अब त्यो लामाहरु भन्ने हुन्छ के अनि त्यसलाई चाहिँ हामी चाहिँ खेवा भन्छौ । खेवा भन्छौ, त्यो खेवाहरु लेख्ने भएर बुवाहरु लेख्दै आएको भएर खेवाहरुले लेख्ने रहेछ । यो थाङ्का पनि ३-४ किसिमको हुन्छ भन्छन्, अब त्यो मलाई त्यति नाम चाही आएन । ४ किसिमको हुन्छ, एउटा चाहीँ इन्डियाबाट आएको भयो । एउटा चाहीँ चाइनाबाट आएको भयो । एउटा चाहीँ यो नेवारको हाम्रो नेपालमा जुन आधुनिक मिक्स भएको भयो । अनि एउटा चाहि त्यो सबैको मिक्स के । नेचुरल्ली सबैको मिक्स, तपाइको तपाइले उत्पादन गरेको, मेरो मैले उत्पादन गरेको, ४ किसिमको हुन्छ । त्यसको नाम चाहिँ ठ्याक्कै मलाई नाम आएन । त्यो ४ किसिमको हुन्छ तर त्यो बुवाहरुले चाहिँ बुवालाई हजुरबुवाले सिकाउनुभयो, गर्दागर्दा हाम्रो घरको चाहिँ टोटली काकाहरुलाई पनि थोरै थोरै आउँछ तर कम्प्लिटली कमाउने नै पेसा नै चाहिँ भएन के तर काकाले चाहीँ त्यही पेशा गर्नुहुन्छ । म आफै पनि त्यही पेशा गर्छु साँच्चै भन्ने हो भने । मेरो श्रीमानले लेख्नुहुन्छ, म पनि थोरैथोरै गर्छु । मलाई चाहिँ पहिला एकदम हबि नै के लेख्न मन लाग्ने । मैले एक वर्षजति भयो अहिले आखा कम्जोर भएर मैले छोडेको छु नत्र म लेख्छु पनि । अनि टेबलहरु हुन्छ नि टेबलमा कलर गर्नुपर्ने हुन्छ, बक्समा कलर गर्नुपर्ने हुन्छ, डमरुमा कलर गर्नुपर्ने हुन्छ, त्यसमा सुनको लेख्नुपर्ने हुन्छ । डमरु को भित्र मन्त्र लेखिन्छ, त्यो पनि त्यही थाङ्का भित्रै पर्छ के । डमरु को भित्र मन्त्र लेख्नुपर्ने हुन्छ, घन्टीको भित्र मन्त्र लेख्नुपर्ने हुन्छ अनि देउताहरुको भित्र जुन मन्त्र हुन्छ, यो मन्त्रहरु लेख्नुपर्ने हुन्छ । त्यो पनि थाङ्का भित्रै पर्छ । अनि त्योहरु मलाई चाहिँ बुवाबाट सिकेको, बुवाले हजुरबुवाबाट सिकेको भनेर भन्दै हुनुहुन्थ्यो । मलाई चाहिँ पछि चाहिँ बुवा बितेपछि चाहिँ मैले एउटा खाम्पाबाट सिकेको थिएँ । एउटा डाक्टर नै हुनुहुन्छ, टिबेटको ल्हासाबाट आउँनु भाको थियो बौद्धमा उहाँ । बुवा बितिसक्नु भाको थियो, मलाई कलर गर्न आउथ्यो अनि सेटिङहरु चाहिँ मलाई आउँदैन थियो । जब बुवा बित्नुभयो, बुवा बितेपछि मलाई अति आवश्यक भयो त्यो । बुवाको धेरै काम गर्न बाँकी थियो अनि धेरै मान्छेलाई गुहार्दा धेरै ज्याला लाग्ने अनि बुवाको जस्तो निस्किन नि ननिस्किने । आर्ट भनेको आफ्नो आफ्नो व्यक्तिमा भर पर्ने रहेछ, फरक फरक हुँदोरहेछ । मैले ३ वर्ष जति सिके त्यो खाम्पाबाट चाहिँ, ३ वर्ष जति सिकेपछि धेरै होइन ठिकै ठीकै आफ्नो पेट भर्ने चाहिँ भयो भनम न । अनि थाङ्का चाहिँ त्यो छ । हाम्रोमा चाहिँ थाङ्का पेन्टिङमा पनि स्याक्ला भन्ने बुवाले भन्नुहुन्थ्यो तर मलाई थाङ्का सम्बन्धी त्यति ज्ञान चाहिँ छैन है । बुवाले जे जे भन्नुभएको मैले त्यही त्यही सुनाईराखेको छु । त्यो सम्बन्धी त्यति ज्ञान छैन साच्चै भन्ने हो भने । बुवाले भन्नुहुन्थ्यो स्याक्ला भनेको पो हो । थाङ्का भनेको चाहिँ था भनेको मैदान भयो, थाङ् भनेको एकदम समातर भयो, का भनेको चाहिँ काम गर्ने । अनि स्याक्ला भनेको त्यो भित्तामा लेख्ने, भित्ते लेखन जुन हुन्छ नि भित्तामा लेख्ने चाहिँ स्याक्ला भन्ने भयो । त्यो चाहिँ हो दुई किसिमको त्यो हिसाबले हुन्छ, त्यहाँ चाहिँ ठूलो मोटो बर्सले गर्ने भयो । यता चाहिँ यति यति हाम्रो सानो पेनको टुप्पो जतिले गर्नुपर्ने हुन्छ के त्यो थाङ्कामा चाहिँ । अनि योचाहिँ गर्नुपर्ने हुन्छ तर हाम्रो तिर चाहिँ बुद्धिष्ट संस्कार भाको हुनाले हाम्रो चाहिँ ट्रेडिसिनल हो । अहिले जुन मैले गर्छु नि र जुन मेरो गाउँतिर गर्ने सबै ट्रेडिसिनल आर्ट हो । त्यो थाङ्का ट्रेडिसिनल थाङ्का भयो । यो हाम्रो नेवारहरुले गर्छ नि, आधुनिक र अहिले जुन मोर्डन आर्टहरु छ नि, होइन हाम्रो चाहिँ ट्रेडिसिनल आर्ट नै हो । यो पुस्ता हस्तान्तरण नै हो । पहिला(पहिला देखि हिमाली भेगमा धेरैजस्तोले गर्छ गर्न चाहिँ । मेरो पुस्ता हस्तान्तरण हो ।

प्रश्नः ए हजुर, दिदीको आज मुगल भाषा सबैको बारेमा थाहा पाउँदा एकदम खुसी लाग्यो । अनि अब हामीसँग समय पनि सकिनै आटेको छ । त्यही भएर साथीहरुसँग केही प्रश्न छ भने सोधी हालौ नत्र हामी कार्यक्रमको अन्तिमतिर आईसक्यौ । केहि छ साथीहरूको केही सोध्ने ? होइन कसैको पनि केही छैन जस्तो छ । दिदीले कति धेरै भन्नुभयो, दिदीले सबै नै कभर गर्नुभयो जस्तो छ ।

उत्तरः हजुर ।

प्रश्नः हजुर, दिदी अब तपाईलाई अन्तिममा आइसक्यो । तपाईलाई मैले केही सोधेको भए हुन्थ्यो, तपाईलाई मैले केहि चाहिँ भन्न पाए हुन्थ्यो भन्ने केही छ ?

उत्तरः अब मलाई खासमा इन्टरभिउ त्यति आउँदा पनि आउँदैन । मलाई चाहिँ साँच्चै भन्ने हो भने मुगलको बारेमा र अल्पसंख्यक र अहिले यो थोरै संख्याको बीचको कुरा छ नि, त्यो चाही भन्न पाए हुन्थ्योजस्तो लाग्थ्यो जहाँ जाँदा पनि । मलाई पहिला जाँदा हामी अल्पसंख्यक, अल्पसंख्यक भन्थ्यो के । अनि यो नेफिनमा पहिलाको कार्यकाल तिर आको थियो नि, त्यतिबेला चाहिँ मलाई लागेको २५ वटा अल्पसंख्यकहरुको चाहिँ नाम आएको रहेछ । अनि त्यतिबेला उहाँहरूको नेफिन सँग पहुँच भएर उहाँहरुले त्यो नाम दिनु भएको रहेछ । यो चाहिँ यो संविधानमा चाहिँ अल्पसंख्यक भनेर आईदियो के । अनि एउटा कुराले मैले सचेत नभएर नदिएको ठिक छ जस्तो पनि लाग्यो अनि अर्को कुराले हाम्रो मुगल कहीँ पनि आउँदैन के । अस्ति भाषाको त्यसमा पनि हाम्रो नेफिनमा आको थियो । मैले मुगल भाषाको गर्नुपर्यो, एकचोटी हाम्रो मुगल भाषा पनि त्यहाँ दर्ज गर्नुपर्यो भने के मैले । अनि उहाँहरुले के के धेरै कुराहरु टेक्निकली धेरै कुराहरु विधि, प्रक्रियाहरु पुर्याउनुपर्छ, डाक्टर गरेको हुनुपर्छ भन्नुभयो । हाम्रोमा राजनीतिको रा नबुझ्ने मान्छेले डाक्टर कहाँ बाट गरोस् हाम्रो भाषाको लागि । अनि मैले भनेको हाम्रो मुगल भाषामा चाहिँ हामी मुगल भाषा पनि मुगल भाषा र मुगल जुन त्यो छ नि मुकुम, म्वाके, मुकुम भनेर चाहिँ त्यहाँ दर्ता हुनुपर्ने भन्ने मलाई चाहिँ धेरै लागेको तर त्यो सम्बन्धी मैले आफैले पनि पहल गरेर गर्न नजानेको हो कि नसकेको हो, एउटा कुरा । दोस्रो कुरा, राज्यले चाहिँ हामी थोरै संख्या भन्छ । हाम्रो संख्या मैले त मैले पहिला पहिला इन्टरभिउ दिदाखेरि नि अरुहरु हुन्छन् नि त्यस्तो इन्टरभिउ लिने, तपाईको जनसंख्या कति छ भन्दा १० हजार कम्तिमा छ होला भन्थे के म । मलाई त १० हजार छ नै होला जस्तो लाग्थ्यो । त्यो पुर्न संरचना गर्दाखेरि त्यही पुर्न संरचना आयोगमा ३(४ चोटी रोएको छु म । कुरा नसुन्दिने, पछाडि मान्छे कोही छैन अनि त्यो आयोगको मान्छेले के भन्यो भने, त्यसोभए जनसंख्या कति रहेछ एकचोटी हेरेर आउँनु न भन्नुभयो के उहाँहरुले । अनि मेरो यहाँ काठमाडौमा भएको जुन हुचि छ नि, उनीहरु काठमाडौमा हुर्केको, अलिकति पहुँच भएपछि हुँदोरहेछ के । त्यही मैले मुगुमा मेरो त्यो गर्न सक्दिन थिए नि त । काठमाडौमा गरे, हामीले जनसंख्या हेर्न थाल्यौ । मुगुमा कति रहेछ, जुम्लामा कति रहेछ, ईन्डियामा कति रहेछ भनेर हेर्दा, होल वाइज हेर्दाखेरि ४ हजार पनि नपुगिरा के । पछि त मलाई त हास उठ्यो के पछि त । ह, हाम्रो जनसंख्या यतिमात्र हो त भन्ने भयो के । मुगलको मात्र जनसंख्या त्यति । त्यो कार्मारोङको पनि हामीले लगभग २०-२५ हजार छ होला भनेर सोचेको के पहिला । अब जनगणनामा हेर्छु १५०० भन्दा बढी लेखेको छैन के । हाम्रो ९०० लेखेको छ, त्यो कार्मारोङ भन्ने को त १५०० भन्दा बढी लेखेको छैन । अनि हामीले गन्दा खेरी ३८०० झन्डैझन्डै ४०००, हाम्रो चाहिँ आधाभन्दा बढी जनसंख्या हिमाञ्चल प्रदेशको मनाली तिर बस्छ के हाम्रो चाहिँ ।  अनि त्यो समेत गर्दाखेरि त्यति रहेछ । अनि त्यति गर्दाखेरि हामी मुगल जस्तो, म जस्तो अब मैले त बिना सर्त भनम न मलाई पहिला धेरै संघर्ष गर्नुपर्यो मैले व्यक्तिगत रुपमा, संघर्ष गरेर मलाई चाहिँ यो हाम्रो आदिवासी सम्बन्धी अभियान्ता हुनुपर्छ भनेर, गर्नुपर्छ भनेर भयो । सबैलाई त त्यो हुँदैन नि किनभने रोजिरोटीको कुरा छ । हामी फेरि थारु जस्तो, नेवार जस्तो, राई मगरहरु जस्तो ठूलो ठूलो जग्गा हाम्रो जग्गाजमिनहरु बेचे पनि काम लाग्ने खालको छैन । मान्छेले हेर्दाखेरि काठमाडौमा ठुलो घर छ, यो त धनी हो भन्ठान्छ के । त्यो त हाम्रो बाध्यता हो किनकि हामी मुगुबाट जुम्ला झर्छौं, जुम्लामा पनि केही हुँदैन, जुम्लाबाट काठमाडौ झर्छौं, काठमाडौमा पनि केही हुँदैन के । अनि बाध्यता भएर हामीले मरिमेटी बल्लतल्ल एउटा घर जग्गा बनाउँछौ के काठमाडौमा । बच्चाहरु  नपढाएर पनि त्यो बनाउँछौ । भरे त्यो बेच्दाखेरि एउटा बच्चाको पढाई यसो सोच्दा खेरी के, एउटा बच्चालाई डाक्टर पढाउँछु भन्दाखेरी पनि त्यो घर बेचेर पनि पुग्दैन के । त्यसकारणले एकदम बाध्यता के हुन्छ भने हामी जस्तो हिमाली क्षेत्रको मुगल जस्तो अरु पनि छ होला, त्यस्तोहरुको चाहिँ एकदमै डर लाग्दो, एकदमै गाह्रो चाहिँ बिजनेस गरेर खानुपर्ने के उनीहरु । उनीहरूको खेतीपाती केही छैन, जग्गाजमिन केही छैन, त्यस्तोहरुलाई चाहिँ इन्टरभिउ चाहिँ विशेष गरेर तपाईहरुले चाहिँ तपाईहरु जस्ता संघसंस्थाहरुले, अरुहरु संघसंस्थाहरुले चाहिँ त्यस्तो त्यस्तोको इमोसनली भित्री गहिराइको जुन कुराहरु छ नि, समस्याहरु छ नि, बाहिर निकाल्न अनि योजनाहरुमा पार्न एकदम जरुरी छ जस्तो चाहिँ मलाई लाग्यो । म नेफिनमा आइसकेपछिको कुरा किनभने नेफिनले धेरै कुरा सिकायो मलाई  । धेरै कुरा सिक्न पनि पाए नेफिनमा आएर । पहिला त अरुभन्दा पनि मलाई चाहिँ अहिले यो कुरामा चाहिँ म

विशेष गरेर तपाइँहरुलाई चाहिँ एउटा कुरा सोध्न मन लाग्यो के मलाई, यो इन्टरभिउ लिन तपाईहरुलाई चाहिँ कसले मेरो नाम दियो भन्न खोज्या के, मलाई चाहिँ त्यो थाहा नभाको के ।

प्रश्नः हामीलाई चाहिँ प्रतिमा दिदीले सजेस्ट गर्नुभाको थियो तपाईको नाम ।

उत्तरः ए, म त मलाई अचम्म लाग्यो के । मलाई तपाईहरुले कल गरीराख्नु भाको छ तर मलाई चाहिँ यहाँ चाहिँ कल्ले मेरो नाम दियो भन्ने भाको के मलाई चाहिँ । अनि मलाई चाहिँ साच्चि भन्दा अन्तिममा आएर म डाक्टर ओम गुरुङ, सुरेश आले मगर, यो डिल्ली भट्ट, मलाई जेहोस् सबभन्दा अगाडि के जेहोस् अर्गनाइजेसन या राज्य भनम न, राज्य भनेर बाटो देखाउने भनम न यो डिल्ली भट्ट भयो एउटा नम्बर १ । नम्बर २ चाहिँ अब उहाँले जे जस्तो भएपनि अरुले नेगेटिभली जे जस्तो सोचे पनि बाटो त उहाँले नै देखाको हो नि त, मलाई अर्गनाइजेसन तिर उहाँले नलगाएको भए, त्यतिबेला मलाई एनजीओमा काम नदिएको भए मैले यो कुरा पूर्ण पाउँदिन थिए । अनि डाक्टर ओम, हाम्रो नेताहरु जो नेता भनेपनि हाम्रो अग्रज डाक्टर ओम गुरुङ भयो, यो नगेन्द्र राई भयो, यो के रे हाम्रो केबि गुरुङ भयो, केशवबहादुर गुरुङ भन्नुहुन्छ क्यारे मैले चाहिँ केबि केबि भन्छु के । अनि सुरेश आले मगर भयो, उहाँहरुलाई चाहिं विशेष म धन्यवाद दिन चाहन्छु किन भन्दा उहाँहरुले गर्दाचाहिँ यतिसम्म आईपुगे भनम न । यहाँसम्म आईपुगे, सिक्न पाए, धेरै कुरा सिक्न पाए । आदिवासी आन्दोलन भनेर बाहिर पछि अर्काको झोला बोकेर हिँड्न एउटा कुरा रहेछ तर सिस्टेमेटिक जहाँ आइपुग्छ नि, त्यहाँ आइपुगेर दर्ज गर्न अर्को कुरा रहेछ के । त्यो कुरा चाहिँ मैले उहाँहरु नभएको भए मैले जान्दिन थिए । म आन्दोलन गरी बस्थे होला, आन्दोलन हो भन्थे होला, लास्टमा दर्ज गर्नुपर्ने बेलामा अनि त्यो हुदैन थियो होला । अनि त्यसकारणले उहाँलाई चाहिँ मैले नेफिनमा पनि मेरो आफ्नो इच्छा मेरो पहुँचले होइन, उहाँहरुले नै विशेष सुरेश आलेमगर र डाक्टर ओमलाई चाहिँ म नेफिनमा ल्याउने चाहिँ उहाँ दुईजनालाई चाहिँ म धेरैधेरै मेरो मनबाट चाहिँ मेरो गार्डियनको रुपमा म धन्यवाद दिन चाहन्छु । तपाईहरुलाई पनि धेरै धन्यवाद म जस्तो केहि नभा, म आफैलाई त केही लाग्दैन के । नजानेको नबुझेको मान्छे, मेरो इन्टरभिउ कस्तो भयो के भयो होला मलाई पनि थाहा छैन । म आफूले जे छ त्यही भनेको हो खास ।

प्रश्नः राम्रो भाको थियो ।

उत्तरः मैले सिक्दै आएको कुराहरुमा चाहिँ भनेको मात्रै ।

प्रश्नः हजुर हजुर, तपाईंको यो सबै अभियानको लागि हामी सबैले शुभकामना गर्छौं । अनि तपाइको यो आजको यो सबै संघर्षहरु तपाईले पहिचानको लागि जे जति कामहरु गर्नुभयो, त्यो सुनेर चाहिँ मलाई पनि कस्तो म पनि प्रेरित भए भनम न ।

उत्तरः हजुर हजुर, हाम्रो विशेष गरेर आदिवासी महिलाहरुको लागि ?

प्रश्नः हजुर ।

उत्तरः अ, मैले एउटा कुरा साच्चै भन्ने पर्ने । आदिवासी महिला र स्थानीय महिलामा फरक के भनेर मैले चाहिँ यो चाहिँ पहिला मैले बुझेको के कुरा । त्यो चाहिँ म पार्टीमा हुँदा बुझेको है । पार्टीमा त महिला भनेको ३३ प्रतिशत सिट आउँछ नि ।

प्रश्नः हजुर ।

उत्तरः अहिले हाम्रो देशमा संविधानमा नै ३३ प्रतिशत सिट छ नि । त्यसमा चाहिँ महिला भनेर आउछ के तर महिला भनेको को हुन्छ । सबै आदिवासी महिला पनि महिला हो, दलित महिला पनि महिला हो, गैर दलित महिला पनि महिला हो नि त, यो बाहुन क्षेत्री महिला पनि महिला हो नि त । म जस्तो यस्तो इन्टरभिउ पनि दिन नजान्ने मान्छेले त्यो सिट कसरी लिन सक्छ त । पार्टी भित्र भन्छु, त्यो मन्त्रीको त छोड्दिनुस् के तपाई, हामी त्यहाँ कहिले पुग्छौ पुग्दैनौ हामी मरेपछि पनि पुग्छौ पुग्दैनौ त्यो अर्कै कुरा हो । पार्टीभित्र पनि कुरा गर्दाखेरि, म एउटा पार्टीमा त छु नि अहिले, त्यहाँ पनि हाम्रो दिट कहिले आइपुग्दैन । महिलाको सीट भन्छ, पार्टी भित्रपनि ३३ प्रतिशत पुगे न सेन्ट्रल कमिटी बन्ने हो नि

त । त्यो सेन्ट्रल कमिटीमा पनि हामी कहिल्यै पुग्दैन के । त्यो किन रहेछ भनेको त महिला भनेर आउँदोरहेछ के सिट ३३ प्रतिशत । त्यो महिला भित्र चाहिँ आदिवासी महिला छैन त, दलित महिला छैन त, स्थानीय महिला भनेको त त्यस स्थानिय महिला भित्र सब पर्छ । अनि मैले फेरी पछि के गरेको थिए भने त्यो नेफिन भित्रको कुरा हो यो चाहिँ, नेफिन भित्र यो राष्ट्रिय अधिकार आयोग जुन छ नि, राष्ट्रिय अधिकार आयोग त्यसमा व्यक्तिगत राइटको कुरा गर्छ के त्यसमा । हाम्रो चाहिँ फेरि आदिवासी भनेको कलेक्टिभ राइटको कुरा गर्छ, उनीहरु भनेको प्राइभेट जुन व्यक्तिगत राइटको कुरा गर्छ के । अनि व्यक्तिगत राइटको कुरा गर्छ आदिवासीहरुको सँग, अकमक पर्छ । हामी कुरा गर्दाखेरि जहिले पनि गोलमटोल कुरा गर्छौं नि त अनि मलाई मात्र अधिकार चाहिन्छ भनेर हामी भन्ने जान्दैनौ । मलाई त आउँदै आउँदैन, बाउ आमाले त्यही संस्कार दिएको छ आउँदै आउँदैन रहेछ के । अनि महिलाको सिट आउँछ, महिलाको सिट आउँदाखेरि हाम्रोमा स्थानीय महिला भनेर तोकेको हुन्छ है, दलित महिला भनेर तोकेको हुन्छ अनि महिला भनेर तोकेको हुन्छ तर आदिवासी भित्र भनेर तोकेकै हुँदैन । आदिवासीको प्रतिशत कति भनेर तोकेकै हुँदैन । अनि आदिवासी भित्र पनि के फेरि आदिवासी भित्र पनि जो पहुँचमा छन्, जो ठूलो संख्याहरु पहुँचमा छन् उनीहरूको डाक्टर छ, विज्ञ छ, प्रोफेसर छ, सबै कुरा राजनीतिको नेताहरु छन्, श्रीमान नेता छन् कसैकसै त, बाउ नेता छन् । अब उनीहरूको त पैसा हुने भयो । हामी जस्तो मुगलहरुको त के राजनीतिको नाम नै थाहा छैन, राजनीति भनेकै थाहा छैन । अनि एउटा त महिला सिट, त्यो महिला सिटमा हामी कसरी आउँने भनेर मलाई एकदमै खट्किने कुरा के । त्यो चाहिँ मलाई एकदमै खट्केको कुरा त्यो के ।

प्रश्नः दिदी राजनीतिमा पनि लागि राख्नु भएको छ, अब बिस्तारै सबै समाधान हुन्छ होला ।

उत्तरः हजुर ।

प्रश्नः फेरी तपाईको ब्यस्तताको बावजुत समय मिलाई दिनुभयो, त्यसको लागि धेरै धेरै धन्यवाद ।

उत्तरः एकदमै थ्याङ्क यू तपाईलाई ।

प्रश्नः हुन्छ अब यति भन्दै हाम्रो कार्यक्रम आजलाई यतै अन्तय गरौ । दिदीलाई धेरै धेरै धन्यवाद फेरी पनि ।

LOOM